# जीवीकोपार्जनमा विखण्डन

# नेपालमा कोभिड-१९ महामारीका कारण रोजगारी गुमेका श्रमिकहरूको जीवीकोपार्जनमा परेको प्रभाव

## अध्ययन प्रतिवेदन

संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका लागि २०७८ असार (जुन २०२१) मा इक्वीडेम रिसर्च नेपालले अंग्रेजी भाषामा तयार गरेको अध्ययन प्रतिवेदन **"SHATTERED LIVELIHOOD:** The Impact on Livelihood of the Workers Losing Job Due to COVID-19 Pandemic in Nepal" को अनुवादित संस्करण

**प्रकाशकः** संयुक्त ट्रेड युनियन समन्वय केन्द्र
काठमाडौँ, नेपाल ।

**प्रकाशन मितिः** असार २०७८ (जुन २०२१)

**अध्ययन टोली**

| | | |
|---|---|---|
| १ | रामेश्वर नेपाल<br>प्रमुख अनुसन्धाता | संस्थापक तथा कार्यकारी निर्देशक<br>इक्वीडेम रिसर्च नेपाल |
| २ | राजनप्रसाद कुईंकेल<br>अनुसन्धाता | रिसर्च कन्सल्ट्यान्ट<br>इक्वीडेम रिसर्च नेपाल |
| ३ | दिपीका थपलिया<br>अनुसन्धाता | रिसर्च प्रोजेक्ट म्यानेजर<br>इक्वीडेम रिसर्च नेपाल |

**अध्ययनकर्ता**
इक्वीडेम रिसर्च नेपाल
काठमाडौँ, नेपाल ।

**सहयोगः** Mondiaal FNV

**सुरु प्रतिवेदनको भाषाः** अंग्रेजी

**नेपाली अनुवादः** रामेश्वर नेपाल, इक्वीडेम रिसर्च नेपाल

**सर्वाधिकारः** संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको पूर्व स्वीकृतिविना यस प्रकाशनलाई पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू मात्र साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

# मन्तव्य

सन् २००७ मा यसको स्थापनादेखि नै संयुक्त ट्रेड युनियन समन्वय केन्द्र ( जेटीयुसीसी) 'विविधतामा एकता' को सिद्धान्तबाट निर्देशित हुँदै नेपालको ट्रेड युनियन आन्दोलनलाई एकीकृत गर्न नीतिगत सुधारका लागि पैरवी गर्ने, औद्योगिक शान्ति र विकासको कार्य गर्ने जस्ता श्रमिकहरुको साझा सवालहरुमा आवाज एकत्रीत गर्दै आएको छ। २०७२ सालको संविधानमा रोजगारीको हकलाई आधारभूत अधिकारका रुपमा समावेश गर्नमा र श्रमिकहरुको अधिकार पक्षमा हुने गरी नयाँ श्रम कानुन पारित गर्नमा हाम्रो महत्वपूर्ण योगदान रहँदा रहँदै पनि नयाँ श्रम ऐन २०७४ र सामाजिक सुरक्षा ऐन २०७४ जस्ता कानुनहरुको प्रभावकारी कार्यान्वयन नहुँदा हामीहरुले उल्लेख्य चुनौतिहरुको सामना गर्नु परेको छ ।

अन्य देशमा झैँ कोभिड-१९ ले नेपालको श्रम बजारमा पनि अतिरिक्त चुनौति थपेको छ । यसले पर्यटन, सत्कार तथा मनोरञ्जन, यातायात, घरेलु श्रम, कृषि तथा उद्योग लगायत औपचारिक र अनौपचारिक दुवै क्षेत्रहरुमा डरलाग्दो असरहरु पारेको छ । त्यसमा खासगरी अनौपचारिक रोजगारीमा रहेका श्रमिकहरु बढी प्रभावित भएका छन् जो बेरोजगार हुन पुगे र आम्दानी गुमाउन पुगे, जसका कारण स्वास्थ्य सेवा, पर्याप्त खाना र आवासको पहुँचमा समेत उनीहरुले चुनौती सामना गर्नु परेको छ ।

अनुसन्धाता श्री रामेश्वर नेपाल (इक्वीडेम रिसर्च नेपाल) को नेतृत्वमा भएको जेटीयुसीसीको यस अध्ययनले २०७८ वैशाखमा पुनः भएको देशव्यापी लकडाउनभन्दा अगाडिको समयमा कोभिड-१९ महामारीका कारण रोजगारी र आम्दानी गुमेका नेपाली श्रमिकहरुको जीवीकोपार्जनमा परेको प्रभावहरुको बारेमा विश्लेषण गरेको छ । प्रतिवेदनले महामारीका कारण प्रायः सबैजसो क्षेत्रमा नकारात्मक असरहरु परेको उजागर गरेको छ। त्यसमा खासगरी पर्यटन, सत्कार र मनोरञ्जन, सार्वजनिक यातायात र घरेलु श्रमको क्षेत्र सर्वाधिक प्रभावित भएको देखिएको छ । त्यसैगरी ठूला उद्योगको तुलनामा लघु, साना तथा

मध्यमस्तरका उद्योगहरु तथा औपचारिक क्षेत्रको तुलनामा अनौपचारिक क्षेत्र सर्वाधिक प्रभावित भएको पनि देखिएको छ । महामारीको कारण रोजगारी र आम्दानी गम्दा हजारौँ श्रमिक र तिनका परिवारका सदस्यहरुलाई पर्याप्त खाना, स्वास्थ्य उपचार र शिक्षाको पहुँच चुनौतिपूर्ण भएको अध्ययनले देखाएको छ । यसैपनि जोखिमको अवस्थामा रहेका कतिपय श्रमिकहरुलाई यस महामारीका कारण मानव बेचविखन र वाध्यकारी श्रमसम्मको खतरामा पारेको पनि प्रतिवेदनले औँल्याएको छ । प्रतिवेदनले स्वास्थ्य र जीवीकोपार्जनमा सहयोग गर्ने भनी ल्याइएका सरकारी नीति तथा तिनको कार्यान्वयनमा विद्यमान दुरीहरुलाई पनि उजागर गरेको छ ।

यो महामारी कहिलेसम्म रहन्छ भनी यसै भन्न सक्ने अवस्था छैन, तर यो चैं भन्न सकिन्छ कि अर्थतन्त्र र श्रम बजारमा भने यसले यसअघि कहिल्यै नभएको प्रभाव पारेको छ र त्यो प्रभाव अझै बढ्नेछ । यसले गर्दा ट्रेड युनियन आन्दोलनले श्रम र रोजगार सम्बन्धमा विगतदेखि नै सामना गर्दै आएको भन्दा थप चुनौतिहरुको सामना गर्नु परेको छ र विभिन्न तह र क्षेत्रका श्रमिकहरुले सामना गर्नु परिरहेका समस्याहरुको निकास खोज्न थप हस्तक्षेपहरु गर्नु पर्नेछ । यस प्रतिवेदनले श्रमिकहरुको जीवीकोपार्जन तथा ट्रेड युनियन अधिकार संरक्षणका लागि विभिन्न सरोकारवालाहरु समक्ष तत्कालिन, मध्यकालिन र दीर्घकालिन सिफारिसहरु पनि गरेको छ । प्रतिवेदनले औँल्याएका विषयहरुलाई विभिन्न निकायसम्म पुर्‍याइनेछ र जेटीयुसीले यस प्रतिवेदनको निचोडका आधारमा निरन्तर पैरवी गर्नेछ । त्यस्तै यस संस्थाले श्रमिकहरुको स्वास्थ्य र सुरक्षा, रोजागरी तथा आम्दानीको सुरक्षा, सामाजिक सुरक्षा जस्ता उनीहरुका अधिकारका बारेमा सरोकारवालाहरुकाबीच निरन्तर द्विपक्षीय/त्रिपक्षीय परामर्शहरु गर्नेछ ।

मलाई आशा छ, यो अध्ययन प्रतिवेदनले नेपालका श्रमिकहरुमा कोभिड-१९ ले पारेका प्रभावहरुका बारेमा थप विस्तृत अध्ययनहरुका लागि मार्गनिर्देश गरेको छ । कोभिड-१९ ले श्रम क्षेत्रमा र श्रमिहरुको जीवीकोपार्जनमा कस्तो प्रभाव पार्‍यो भन्ने विषयमा अनुसन्धाता, विद्यार्थी, नीति निर्माता तथा सम्बद्ध

सरोकारवालाहरुको लागि पनि यो प्रतिवेदन उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु ।

अध्ययन सम्पन्न गर्ने एवं प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न सबैलाई म हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

जगत सिंखडा

अध्यक्ष, जेटीयुसीसी

विषयसूची

**सारसंक्षेप** **९**

**परिच्छेद एक - परिचय** **१७**

१. उद्देश्य २४

२. अध्ययनकर्ता र अध्ययनटोली २५

३. अध्ययन विधि २५

३.१ अन्तर्वार्ता १८

३.२ परामर्श २१

३.३ द्वितीय स्रोतको अध्ययन (डेस्क रिसर्च) २१

४. गोपनीयता २१

५. अध्ययनका सीमा २१

**परिच्छेद दुई - महामारीले नेपालका श्रमिक तथा तिनका परिवारमा पारेका प्रभाव** **२३**

१. काम गर्ने उमेर पुगेको जनसंख्या र नेपालमा रोजगारीको अवस्था २४

१.१ न्यूनतम पारीश्रमिक २८

१.२ सामाजिक सुरक्षा र सुविधा ३१

२. नेपालमा महामारी र लकडाउन ३६

३. महामारीको प्रभाव सम्बोधनका प्रयासहरू ४२

३.१ कोभिड-१९ को कारण प्रभावित क्षेत्रहरूको लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रीपरिषद्को निर्णय कार्यान्वयन कार्ययोजना, २०७६ ४२

३.२ संघीय सरकारबाट राहत, सहुलियत र आर्थिक पुनरुत्थान सहयोग ४६

३.३ निजी व्यवसायका प्रयासहरू ४८

४. राष्ट्रिय अर्थतन्त्र र व्यवसायमा प्रभाव ४९

४.१ राष्ट्रिय अर्थतन्त्रमा प्रभाव ४९

४.२ व्यवसायमा परेको प्रभाव ५१

४.३ सर्वाधिक प्रभावित व्यवसायहरू ५३

५. श्रमिक र तिनको परिवारमा परेको प्रभाव ५८

५.१ रोजगारी र आम्दानी गुम्नु ६०

५.२ श्रम अधिकार ६८

५.३ स्वास्थ्य उपचार ७५

५.४ श्रमिकका परिवारको शिक्षा ८०

५.६ खाद्य अधिकार ८५

५.६ आवासको अधिकार ८९

५.७ मानसिक स्वास्थ्यमा प्रभाव ९३

५.८ मानव बेचविखनको जोखिम ९५

५.९ महिला श्रमिकहरूमा परेको प्रभाव ९९

५.१० रोजगारीमा रहेकाहरूमा परेको प्रभाव १००

**परिच्छेद तीन - रोजगारीको हक र नेपाल सरकारका रोजगार कार्यक्रम १०१**

१. रोजगारीको हक १०१

२. रोजगार कार्यक्रमहरू १०७

२.१ प्रधानमन्त्री रोजगार कार्यक्रम १११

२.२ प्राविधिक तथा व्यवसायिक र सीप तालिम मार्फत् रोजगारी सिर्जना ११७

२.३ श्रम सूचना बैंक मार्फत् रोजगारी १२२

२.४ सहुलियतपूर्ण ऋृण कार्यक्रम मार्फत् रोजगारी सिर्जना १२४

२.५ औद्योगिक क्षेत्रका कार्यक्रमहरूबाट रोजगारी १२६

२.६ साना किसान कर्जा कार्यक्रम १२६

२.७ स्वरोजगार कर्जा कार्यक्रम १२७

२.८ वनपैदावारमा आधारित उत्पादन कार्यक्रमबाट रोजगारी १२८

२.९ गरिवी निवारण कोष मार्फत् रोजगारी १२८

३. रोजगारी गुमेका श्रमिकहरूका लागि प्रभावकारी रोजगारी योजनाको अभाव १३०

**निष्कर्ष र सिफारिसहरू १३२**

**सन्दर्भ सामग्री १३६**

# सारसंक्षेप

सन् २०२० चीनको वुहानमा देखा परी विश्वव्यापी रुपमा तीब्र गतिमा फैलिएको कोरोना भाइरसको संक्रमण रोक्नका लागि अन्य कयौँ देशमा भैँ नेपाल सरकारले पनि अत्यावश्यक वाहेकका सबै सेवा र मानिसको आवागमन निषेध गर्दै २०७६ चैत ११ गतेदेखि देशव्यापी लकडाउन (बन्दाबन्दी) गर्‍यो । त्यसपछि पटक पटक म्याद थप र मोडालिटी परिवर्तन गरी २०७७ असोजसम्म लकडाउनलाई निरन्तरता दिइयो । लकडाउन हटाइएपछि आवागमन र आर्थिक गतिविधि केही लयमा आएको भए पनि मानिसहरुको गतिशिलता र व्यवसायिक गतिविधि उल्लेख्य मात्रामा सुस्त नै रह्यो ।

केही अपवाद बाहेक कोभिड-१९ महामारी र लकडाउनले औपचारिक र अनौपचारिक व्यवसायका प्रायः सबै क्षेत्रहरुमा नकारात्मक असर पार्‍यो । परिणामस्वरुप रोजगारीका क्षेत्रहरु लकडाउन र त्यसपछि पनि या त पूरै बन्द रहे या आंशिक रुपमा मात्र सञ्चालनमा आए । पर्यटन, ग्राहक सत्कार, मनोरञ्जन, यातायात र घरेलु श्रमका क्षेत्रहरु सर्वाधिक प्रभावित भए । ठुला उद्योगको तुलनामा लघु, साना र मध्यमस्तरका उद्योगहरु तथा औपचारिक क्षेत्रको तुलनामा अनौपचारिक क्षेत्र बढी प्रभावित भए र त्यस्तो प्रभाव लकडाउन हटेपछि पनि कायमै रह्यो । कोभिड-१९ प्रभावित क्षेत्रका लागि नेपाल सरकारले राहत प्याकेजको घोषणा पनि गर्‍यो । तर त्यस्तो राहतले एक त पर्याप्त थिएन अर्कोतिर त्यसले गम्भीर प्रभाव परेका व्यवसायको निरन्तरताका लागि खासै मद्दत पुर्‍याउन नसकेको नीजि व्यवसायका प्रतिनिधिहरुले बताए ।

नेपालको संविधानले रोजगारीको हक सुनिश्चित गरेको छ र सरकारले काम गर्ने उमेर पुगेका हरेक नेपालीलाई न्युनतम रोजगारी सुनिश्चित गर्ने भनी प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतका विभिन्न रोजगार कार्यक्रमहरु कार्यान्वयन गर्दै आएको छ । यद्यपि काम गर्ने उमेर पुगेका कुल २ करोड ७ लाख भन्दा बढी जनसंख्यामध्ये केवल एकतिहाईले मात्र नेपालमा आंशिक वा पूर्ण रोजगारी पाएका छन् । सबै नेपालीलाई पाँच वर्ष भित्र रोजगार सुनिश्चित गर्ने र वैदेशिक

रोजगारीमा जानु पर्ने वाध्यताको अन्त्य गर्ने भनी सरकारले २०७५ सालमा गरेको घोषणाका बाबजुद स्वदेशमा रोजगारी अभावका कारण आर्थिक वर्ष २०७४/७५ देखि २०७६/७७ सम्म वार्षिक सरदर ५ लाख भन्दा बढी नेपालीहरुले वैदेशिक रोजगारीमा जानु पर्‍यो र त्यसरी वार्षिक रुपमा विदेशिनेको संख्या ती हरेक वर्षहरुमा श्रम वजारमा प्रवेश गर्ने नेपालीहरुको अनुमानित संख्या भन्दा पनि अधिक रह्यो ।

मासिक औषत खर्चको तुलनामा मासिक औषत तलव कम हुने गरेको कारण नेपालमा रोजगाररत धेरैजसो श्रमिकहरुले आफ्नो तलवबाट परिवारको आधारभूत आवश्यकता पूरा गर्न चुनौति भोगिरहेका छन् । अर्कोतर्फ औपचारिक क्षेत्रमा रोजगाररत समेतका कयौँ श्रमिकहरुलाई तोकिएको न्युनतम भन्दा पनि कम तलव दिने गरिएको पाइन्छ । यस अध्ययनका लागि अन्तर्वार्ता गरिएका ६७ मध्ये २६ जना (३८.८१ प्रतिशत) श्रमिकहरुले आफूहरुले न्युनतम भन्दा कम, १० हजार देखि १३ हजार रुपियाँ मात्र तलव पाउने गरेको बताए । अनौपचारिक क्षेत्रमा त न्युनतम भन्दा कम तलव दिने समस्या अझ व्यापक छ । यसरी तोकिएको भन्दा कम तलव दिइनुले श्रमिकको अधिकार उल्लंघन हुन्छ र यो नेपालको श्रम कानुन र संविधान विपरित पनि हुन जान्छ ।

नेपालको रोजगारी अनौपचारिक रोजगारीमा निर्भर रहेको छ । पछिल्लो श्रमशक्ति सर्वेक्षण अनुसार नेपालमा रोजगाररत ७० लाख ८६ जनामध्ये ५९ लाख ९४ हजार (८४.६ प्रतिशत) अनौपचारिक रोजगारीमा रहेका छन् र औपचारिक क्षेत्रहरुमा समेत श्रमिकहरु अनौपचारिक रोजगारीमा कार्यरत रहेका छन् । कोभिड-१९ महामारीका कारण नेपालमा रोजगारी र आम्दानी गुमेका अत्यधिक श्रमिकहरु अनौपचारिक रोजगारीमा रहेकाहरु नै छन् ।

श्रमिकहरुको सामाजिक सुरक्षाका लागि विशेष कानुनको व्यवस्था गरिएको भए पनि सो कानुन मूलतः औपचारिक क्षेत्रमा रोजगाररतहरुमा बढी केन्द्रीत भएको कारण अनौपचारिक रोजगारीमा रहेका श्रमिकहरु सामाजिक सुरक्षा तथा अन्य सुविधाहरुबाट वञ्चित छन् । यसका कारण यदि कुनै कारणले रोजगारी गुमेमा

ती श्रमिकहरु आफ्ना आधारभूत आवश्यकता पुरा गर्न नसक्ने जोखिममा रहन्छन्।

कोभिड-१९ महामारीका कारण नेपाल र विदेशमा गरी दस लाखभन्दा बढी नेपालीको रोजगारी र आम्दानी गुम्यो । अकस्मात् रोजगारी र आम्दानी गुम्दा उसै पनि कमजोर आर्थिक अवस्थामा रहेका र सामाजिक सुरक्षाले पनि नसमेटेका अस्थायी र दैनिक ज्यालादारीमा काम गर्ने श्रमिकहरु सर्वाधिक प्रभावित भए । त्यसमा पनि सामान्यतया: कम बचत गर्न सक्ने र आश्रितहरु धेरै हुने कारणले गर्दा दैनिक ज्यालादारीमा काम गर्ने महिला श्रमिकहरु पुरुष श्रमिकको तुलनामा बढी र जटिल तवरले प्रभावित भए ।

सबै नेपालीका लागि रोजगार सीर्जना वा उनीहरुलाई रोजगारी सुनिश्चित गर्ने उद्देश्यले ल्याइएका रोजगार कार्यक्रमहरु असफल प्राय: भएको अवस्थामा नेपाल तथा विदेशमा कार्यरत नेपाली श्रमिकहरुको रोजगारी गुम्नुले बेरोजगारीको समस्यालाई अझ पेचिलो बनाएको छ । बेरोजगारीको दर उच्च रहेको हुँदा सामान्य अवस्थामा समेत नेपालीहरुलाई रोजगारी पाउन ज्यादै मुश्किल पर्ने गरेकोमा कोभिड-१९ जस्ता संकटका कारण रोजगारी पाउन असम्भव प्राय: नै हुन गएको छ । यसका कारण बेरोजगार नागरिकहरुमा व्यापक चिन्ता बढाएको छ ।

महामारीका कारण रोजगारी र आम्दानी गुमेका हजारौं श्रमिक र तिनका परिवारका सदस्यहरु पर्याप्त खाना तथा आवास, स्वास्थ्य सेवा तथा शिक्षाजस्ता आधारभूत आवश्यकताबाट वञ्चित हुन पुगेका छन् । यस अवस्थाका कारण कयौंजना त्यस्तो अनौपचारिक श्रम बजारमा धकलिएका छन् जहाँ उनीहरु बेचविखन र वाध्यकारी श्रमको जोखिममा रहेका छन् । कयौं श्रमिकहरुले मानसिक स्वास्थ्य समस्या भोग्नु परेको छ । महिला श्रमिकहरु विरुद्ध श्रम क्षेत्रमा विभेद र  हिंसा विद्यमान नै रहेकोमा महामारीले उनीहरुमा अझ चुनौति थपेको छ ।

श्रमिकहरुले लकडाउन र त्यसपछि पनि तलव नदिइने वा आंशिक मात्रै दिइनेदेखि पूर्व जानकारी बिना नै रोजगारीबाट निष्कासन गरिनेसम्मका श्रम अधिकार उल्लंघनका घटनाहरु भोग्नु पर्‍यो । यस अध्ययनका लागि अन्तर्वार्ता गरिएका ६७ मध्ये १५ (२२.३९ प्रतिशत) श्रमिकहरुले या त आंशिक वा पूरै तलव नपाएको बताए । औपचारिक रोजगारीमा रहेका १३ मध्ये सात (५३.८५ प्रतिशत) जनाले आफूलाई रोजगारीबाट निष्कासन गर्नु अघि रोजगारदाताले लिखित सूचना नदिएको बताए । यसरी एकतर्फी रुपमा निष्कासन गरिनु श्रम अधिकारको उल्लंघन हो र यस्तो कार्य नेपालको श्रम कानुनको विपरित हुन जान्छ ।

श्रम अधिकार ज्यादतीमा परेका श्रमिकहरुले न्यायको पहुँचमा पनि चुनौति भोग्दै आएका छन् । परिणामस्वरुप यस्ता घटनाको उजुरी सुन्ने नेपाल सरकारको निकाय श्रम तथा रोजगार कार्यालयहरुमा नगन्य मात्रामा मात्र उजुरीहरु दर्ता भएका छन् । उदाहरणका लागि २०७७ चैतसम्ममा चारवट प्रदेशहरुमा महामारी सम्बन्धी केवल ३ वटा मात्र उजुरी दर्ता भएका थिए ।

सरकारको प्रतिवेदन अनुसार नेपालका १३ प्रतिशत नागरिकहरु भाडाको आवास वा अव्यवस्थित बस्तीमा बसोबास गर्दछन् । शहरी भेगमा ४० प्रतिशत घरपरिवार भाडाको घरमा बस्दछन् । धेरैजसो श्रमिकहरु भाडाको आवासमै बसोबास गर्दछन् । महामारीमा रोजगारी गुमेका श्रमिकहरुले पछिल्ला महिनाहरुमा घरभाडा तिर्न चुनौति भोग्दै आएका छन् । यस अध्ययनका लागि अन्तर्वार्ता गरिएका भाडाको आवासमा बस्दै आएका सबै ३८ जनाले भाडा तिर्न मुश्किल परेको बताए र ती मध्ये २४ जना (६३.१६ प्रतिशत) दुईदेखि पाँच महिनासम्मको भाडा तिर्न नसकेको बताउनेहरु थिए । घर निर्माणको योनजामा रहेका श्रमिकहरुलाई रोजगारी गुमे पश्चात् त्यस्तो निर्माणको काम पूरा गर्नमा कठिनाई परेको थियो । २०७२ सालको भूकम्प प्रभावित जिल्लाका श्रमिकहरुमा यस्तो कठिनाई अझ गहिरो रहेको पाइयो ।

नेपालको ६० प्रतिशत घरपरिवारले आफूलाई आवश्यक पर्ने खाद्यान्न बजारबाट खरिद गर्दछन् र धेरैजसो श्रमिकहरुले आफ्नो कमाईको रकमबाट खाद्यान्नको जोहो गर्ने गर्दछन् । महामारीका कारण रोजगारी र आम्दानी गुमेका श्रमिक र

तिनका परिवारले रोजगारी नगुमेकाहरुको तुलनामा बढी मात्रामा खाद्य असुरक्षा भोग्नु पर्‍यो । कृषि तथा पशुपन्छी मन्त्रालयको एक अध्ययनले कम्तिमा एकजनाको रोजगारी गुमेको ४१.७ प्रतिशत घरपरिवारमा खाद्य असुरक्षा भएको पाइएको देखाएको छ, जबकी रोजगारी नगुमेका १५.५ प्रतिशत घरपरिवारले मात्र यस्तो चुनौति भोग्नु परेको सो अध्ययनबाट देखिएको थियो ।

नेपालमा गम्भीर स्वास्थ्य समस्या भएकाहरुको संख्या उच्च रहेको छ र स्वास्थ्य सेवामा पहुँचमा पनि ज्यादै चुनौतिपूर्ण छ । गम्भीर स्वास्थ्य समस्याको अनुपात उच्च रहेको र स्वास्थ्य उपचारमा उल्लेख्य खर्च लाग्ने भएको कारण धेरैजसो घरपरिवार आर्थिक चुनौति भोग्नु परेको छ । रोजगारीबाट प्राप्त कमाईका माध्यमबाट परिवारमा आर्थिक रुपमा सघाउ पुर्‍याउँदै आएका श्रमिकहरुको परिवारमा पनि गम्भीर स्वास्थ्य समस्या भएकाहरुको संख्या उच्च दरमा रहेको पाइन्छ । यस अध्ययनका लागि अन्तर्वार्ता गरिएकामध्ये ५७ जना (८५.०७ प्रतिशत) ले आफ्नो परिवारका कुनै न कुनै सदस्यमा जटिल स्वास्थ्य समस्या रहेको वा नियमित औषधि सेवन गर्ने गरेको बताएका थिए । धेरैजसो गम्भीर स्वास्थ्य अवस्था भएकाहरुको उपचारका लागि नेपालको औसत वार्षिक कमाई भन्दा पनि बढी खर्च लाग्ने गरेको हुँदा सामाजिक सुरक्षा वा बीमा जस्ता सहायता (जसबाट धेरैजसो नेपाली श्रमिकहरु सुरक्षित गरिएका छैनन्) उपलब्ध नहुने हो भने बेरोजगार वा रोजगारी गुमेका श्रमिकहरुलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य उपचार खर्च धान्न धौ धौ परेको देखिन्छ ।

महामारीका कारण रोजगारी र आम्दानी गुमेका केही श्रमिकहरुले शुल्क तिर्न नसकेका भएका कारण आफ्ना छोराछोरीलाई सामुदायिक र अन्य विद्यालयमा स्थानान्तरण वा विद्यालयबाटै निकाल्नु परेको पाइयो । यस अध्ययनका लागि अन्तर्वार्ता गरिएका ६७ मध्ये ११ जनाले आफ्ना बालबच्चालाई सामुदायिक वा पहिलाको भन्दा कम शुल्क लाग्ने अन्य नीजि विद्यालयमा सारेको बताए । नेपाल सरकारले दूरशिक्षाको निर्देशिका जारी गरेसँगै धेरैवटा विद्यालय र कलेजहरुले भर्चुअल कक्षा सञ्चालन गरे । तर कम्प्युटर, फोन सेट तथा इन्टरनेटमा पहुँच

नभएका र त्यसको व्यवस्था गर्न नसक्ने परिवारका कयौं विद्यार्थीहरुले त्यस्ता कक्षामा सहभागी हुन सकेनन् ।

नेपालमा रोजगारीको अवसर उपलब्ध नभइरहेको अवस्थामा रोजगारत लाखौं नेपाली बेरोजगार हुन पुग्नुले ती श्रमिकहरु बेचविखनमा पर्ने जोखिम बढेको छ र उनीहरु शोषणपूर्ण रोजगारीको प्रस्तावहरु पनि स्वीकार्नु पर्ने दवावमा परेका छन् । रोजगारी गुमेका धेरैले वैदेशिक रोजगारीलाई अन्तिम विकल्पको रुपमा लिएका छन् । यस अध्ययनका लागि अन्तर्वार्ता गरिएका ६७ मध्ये २१ जना ( ३१.३४ प्रतिशत) या त रोजगारीका लागि विदेश जाने मनस्थितिमा रहेका या त सो को प्रक्रिया थालनी गरेकाहरु थिए । महामारी भन्दा अगाडिको अवस्थामा पनि ठूलो संख्याका नेपाली आप्रवासी श्रमिकहरु बेचविखनमा पर्ने गरेको पृष्ठभूमिमा नेपालमा रोजगारी गुमेका कारण कामका लागि विदेश जान चाहने ती श्रमिकहरु बेचविखनको अझ बढी जोखिममा रहेका छन् । नेपाल भित्र र वाहिर बेचविखनमा परेका श्रमिकहरुले गैरकानुनी भर्ना शुल्क तिर्नु पर्ने, करारमा उल्लेख गरिएको भन्दा फरक काम गर्नु पर्ने, तलव नपाउने, इच्छा विपरीत काम गर्नु पर्ने र गैरकानुनी थुनामा पर्ने लगायतका विविध जोखिमको सामना गर्नु पर्ने हुन सक्दछ ।

महामारीका क्रममा एकाएक बेरोजगार हुन पुगेका श्रमिकहरुले खाद्य तथा आवास सम्बन्धी असुरक्षा, स्वास्थ्य उपचारका लागि आवश्यक खर्च व्यहोर्न नसक्ने, कोभिड-१९ को संक्रमण हुन सक्ने जस्ता चुनौति र जोखिमहरुको सामना गर्नु पर्‍यो भने विद्यमान रोजगारीको अवसरको अभावको अवस्थामा समेत उनीहरुमा परिवारको खर्च धान्न कमाई गर्नै पर्ने दवाव र भविष्यको अनिश्चितताको चिन्ता पनि परेको छ । यसका कारण रोजगारी गुमेका ती श्रमिकहरुमा मानसिक तथा मनोसामाजिक असर पनि परेको छ । अनिश्चितताको अवस्था र दैनिक खर्च धान्न समस्या तनावले ती श्रमिकहरु रन्थनिएका छन् । महामारीका दौरान खासगरी रोजगारी गुमेका परिवारका सदस्यहरुका बीच विवाद र झैझगडा बढ्यो । रोजगारी गुमेको कारण श्रमिकहरुले आत्महत्या गरेका खवरहरु पनि प्रकाशमा आए ।

नेपाल सरकार र व्यवसायिक प्रतिष्ठानहरुले महामारीका दौरान श्रमिकहरुको रोजगारी, सामाजिक सुरक्षा र आर्थिक राहत सुनिश्चित गर्न भनेर विभिन्न योजना र नीतिहरु जारी गरे । कोभिड-१९ महामारी प्रभावित व्यवसाय र व्यक्तिहरुलाई सरकारले ज्यादै सीमित सहायता उपलब्ध गरायो । रोजगारदाताहरुले पनि श्रमिकहरुलाई लकडाउन अवधिभरको पारीश्रमिक भुक्तानी दिने भनी ट्रेड युनियनहरुसँग एक द्विपक्षीय सम्झौतामा हस्ताक्षर गरे । तथापि रोजगारी गुमेका श्रमिकहरुलाई नेपालको संविधान तथा अन्तर्राष्ट्रिय मानव अधिकार तथा श्रम अधिकार मापदण्डहरुले सुनिश्चित गरे बमोजिम पर्याप्त खाना तथा आवास, स्वास्थ्य उपचार र शिक्षा लगायतका मानव अधिकार तथा श्रम अधिकार सुनिश्चित गर्न नेपाल सरकार असफल रह्यो ।

अधिकांश नागरिकहरु रोजगारीको अवसरबाट वञ्चित रहेको र त्यसमाथि कोभिड-१९ महामारीका कारण लाखौंको रोजगारी गुमेर वेरोजगारीको समस्या जटील भएको वर्तमान अवस्थामा सरकारले सरकारले रोजगारीका कार्यक्रम र सीप प्रशिक्षणहरु वृद्धि गर्नु पर्दथ्यो । तरपनि महामारीका कारण रोजगारी गुमेका वा श्रम बजारमा नवप्रवेशी नागरिकहरुलाई रोजगारी सुनिश्चित गर्ने भनी सरकारले गरेको घोषणा विपरीत रोजगारी कार्यक्रम र सीप तालिमको सफलता उन्मुख सकेको देखिएन जबकी त्यसका लागि ठूलो आर्थिक स्रोत उपलब्ध थियो र कतिपय अवस्थामा त्यस्तो स्रोतको उपयोग समेत गर्न सकिएको देखिएन । यस प्रकारका विफलताका कारण यसैपनि आर्थिक समस्यामा रहेका ठूलो सख्याका श्रमिकहरु थप गरिवीमा धकलिने देखिन्छ ।

रोजगारीमै रहेका श्रमिकहरु पनि रोजगारी गुम्ने वा तिनका रोजगारदाताले कार्यस्थलमा सुरक्षा तथा स्वास्थ्य मापदण्ड पालना नगरेका कारण कोभिड-१९ भाइरसबाट संक्रमित हुने जोखिममा रहेका छन् ।

यस प्रतिवेदनले रोजगारी गुमेका श्रमिक; संघीय, प्रदेश र स्थानीय सरकारकार; व्यवासायिक प्रतिष्ठान; शैक्षिक संस्था र ट्रेड युनियनका प्रतिनिधि समेत गरी १०० भन्दा बढी अन्तर्वार्ताबाट प्राप्त तथ्यलाई समेटेको छ । यसका अलावा कोभिड-१९ महामारीका कारण रोजगारी गुमेका श्रमिकको जीवीकोपार्जनमा

परेको प्रभाव र ती श्रमिकहरुको अधिकार कसरी संरक्षण गर्न सकिन्छ भनेर विश्लेषण गर्न नेपाल सरकार, विकास साझेदार, सञ्चारमाध्यम, सम्बन्धित अन्य निकाय र विज्ञहरुका दर्जनौं प्रतिवेदन तथा नीति समेतलाई आधारमा मानिएको छ ।

कोभिड-१९ महामारीका कारण रोजगारी गुमेका श्रमिकहरुको अधिकार सुनिश्चितताका लागि नेपाल सरकारले तत्काल निम्नानुसारको कार्य गर्नु पर्दछः

- कोभिड-१९ महामारीले रोजगारी तथा आम्दानी गुमेका लगायतका श्रमिकहरूको जीवीकोपार्जनमा परेको प्रभावका विषयमा तथ्यपरक र विस्तृत अध्ययन गर्ने ।
- लकडाउन र त्यसपछि भएका श्रम अधिकार हनन्का घटनाको छानबीन गरी त्यसका पीडित र प्रभावितहरूलाई प्रभावकारी उपचार सुनिश्चित गर्ने ।
- स्वरोजगार, लघु तथा साना उद्योगका श्रमिकहरूलाई तिनको व्यवसाय र रोजगारी पुनः सुचारु गर्न सहायताको प्याकेज ल्याउने ।
- सहुलियतपूर्ण कर्जामा नेपाल र विदेशमा रोजगारी गुमाएकाहरूको पर्याप्त पहुँच हुने गरी त्यसको विस्तार गर्ने ।
- महामारी प्रभावित श्रमिकहरूको जीवीकोपार्जनमा सघाउ पुऱ्याउन सरकारद्वारा सञ्चालित रोजगार कार्यक्रम, सामाजिक सुरक्षा योजना र सहुलियतपूर्ण कर्जा कार्यक्रमका बारेमा श्रमिकहरूलाई तिनले बुझ्ने भाषामा जानकारी गराउने ।
- नेपालको संविधानले सुनिश्चित गरेका खाद्य, उपयुक्त आवास, स्वास्थ्य सेवा र शिक्षा लगायतका अधिकारहरू सुनिश्चित गर्न प्रभावकारी कार्यक्रम ल्याउने ।

परिच्छेद - एक

# परिचय

*बन्दाबन्दी (लकडाउन) सुरु भएसँगै मैले छ वर्षदेखि काम गर्दै आएको होटल बन्द भयो र मेरो रोजगारी गुम्यो । अहिले हाम्रो छ जनाको परिवारको पालनपोषणका लागि न त हामीसँग उब्जनी गर्ने जमीन नै छ न त आम्दानीको अन्य स्रोत । त्यसो त रोजगारी छुँदा पनि त्यसबाट भएको कमाईले दैनिक खर्च धान्न धौ धौ पर्दथ्यो । रोजगारी गुमेको केही महिनासम्म त ऋण काढेको पैसाले खाद्यान्न, कोठाभाडा र बालबच्चाको विद्यालयको शुल्क तिरेँ । तर यसरी कतिञ्जेल चलाउन सकिन्थ्यो र ? काम खोज्दा खोज्दा थकित भैसकेँ, तर केही उपाय लागेन । कोठा भाडा तिर्न नसकेको तीन महिना भयो, खाने कुरा पनि केही छैन । त्यसमाथि सबैभन्दा ठूलो समस्या त यो छ कि मधुमेह र उच्च रक्तचापका विरामी मेरो ससुरालाई औषधि किन्ने कुनै उपाय छैन ।*

आफूले काम गर्दै आएको होटल बन्द भएपछि रोजगारी गुमाउनुभएकी
मेनका विश्वकर्मा (नाम परिवर्तन)[१]

नोभल कोरोना भाइरस-१९ (कोभिड-१९) सृजित जारी संकटका कारण मेनका जस्ता लाखौं नेपालीहरूले आंशिक वा पूर्ण रूपमा रोजगारी गुमाउनु पर्‍यो, जसले गर्दा श्रमिकको जीवन र दैनिक जीवीकोपार्जनमा यसअघि कहिल्यै नपरेको प्रभाव

१ मेनकासँग पत्यक्ष भेटेर गरिएको अन्तर्वार्ता, २०७७ फागुन ४ ।

परेको छ । पहिलो पटक चीनको वुहानमा नोभेम्बर २०१९ मा[२] देखिएको र डिसेम्बर २०१९ मा Severe Acute Respiratory Syndrome Coronavirus 2 (SARS-CoV-2) भनी नामाकरण गरिएको कोभिड-१९ विश्वभर फैलियो र यसले समग्र मानव सभ्यता तथा विश्वभरकै स्वास्थ्य प्रणालीलाई आतंकित तुल्याएको छ । विश्व स्वास्थ्य संगठन (डब्लु.एच्.ओ.) ले यस अवस्थालाई ३० जनवरी २०२० मा अन्तर्राष्ट्रिय सरोकारको स्वास्थ्य संकट[३] र ११ मार्च २०२० मा यो संकटलाई महाव्याधि[४] भनी घोषणा गऱ्यो ।

संक्रमित व्यक्तिको सम्पर्कबाट अन्य व्यक्तिमा सर्ने यो भाइरसबाट २०७८ वैशाख अन्त्यसम्ममा विश्वभर २२० देश तथा भूभागका कम्तिमा पनि १६ करोड २० लाख मानिसहरू संक्रमित भए भने ३३ लाख ६० हजार भन्दा बढी संक्रमितहरूको मृत्यु भयो ।[५] यस भाइरसको विरुद्ध विभिन्न प्रकारका खोपहरू उत्पादन गरी करोडौं मानिसहरूलाई लगाइसकिएको[६] भए पनि यो महामारीको अझै नियन्त्रण

---

२ Josephine Ma, "Coronavirus: China's first confirmed Covid-19 case traced back to November 17," *South China Morning Post*, March 13, 2020, https://www.scmp.com/news/china/society/article/3074991/coronavirus-chinas-first-confirmed-covid-19-case-traced-back मा हेरिएको ।

३ World Health Organization, "Statement on the second meeting of the International Health Regulations (2005) Emergency Committee regarding the outbreak of novel coronavirus (2019-nCoV)" January 30, 2020, https://www.who.int/news/item/30-01-2020-statement-on-the-second-meeting-of-the-international-health-regulations-(2005)-emergency-committee-regarding-the-outbreak-of-novel-coronavirus-(2019-ncov) मा हेरिएको ।

४ विश्व स्वास्थ्य संगठनले ११ मार्च २०२० मा जारी गरेको एक मिडिया ब्रिफिङ्गमा यस रोगलाई महामारी घोषणा गरिएको थियो । यस सम्बन्धी थप जानकारी https://www.who.int/dg/speeches/detail/who-director-general-s-opening-remarks-at-the-media-briefing-on-covid-19---11-march-2020 मा उपलब्ध छ ।

५ World Health Organization, "Weekly epidemiological update on COVID-19 - 18 May 2021", May 18, 2021, https://www.who.int/publications/m/item/weekly-epidemiological-update-on-covid-19---18-may-2021 मा हेरिएको ।

६ World Health Organization, "Status of COVID-19 Vaccines within WHO EUL/PQ evaluation process," February 1, 2021,

गर्न सकिएको छैन । उल्टै यस भाइरसका नयाँ-नयाँ भेरियन्टहरू[७] देखिएकाले दक्षिण एसिया लगायत विश्वका केही स्थानहरूमा अवस्था थप जटिल बन्दै गएको छ ।

कोरोना भाइरसको फैलाह्वटको नियन्त्रणका लागि विभिन्न देशले सन् २०२० को प्रारम्भका महिनादेखि नै बन्दाबन्दी (लकडाउन)[८] तथा अन्य उपायहरू गरे । बन्दाबन्दीका कारण रोजगारीमा रहेका हालसम्मकै सर्वाधिक संख्याका श्रमिकहरूले रोजगारी र आम्दानी गुम्न पुग्यो । अन्तर्राष्ट्रिय श्रम संगठन ( आई.एल्.ओ.) का अनुसार महामारीका कारण ११ करोड ४० रोजगारी गुम्न पुग्यो जसमध्ये ३ करोड ३० लाख जना बेरोजगार भए, ८ कारोड १० लाख जनाले निष्क्रिय बस्नु पर्‍यो र विश्वभरका रोजगारीमा रहेकाहरूले ३७ खरव अमेरिकी डलर बराबरको आम्दानी गुमाउनु पर्‍यो ।[९]

---

https://extranet.who.int/pqweb/sites/default/files/documents/Status_COVID_VAX_16Feb2021.pdf मा हेरिएको ।

७ World Health Organization, "The effects of virus variants on COVID-19 vaccines", March 1, 2021, https://www.who.int/news-room/feature-stories/detail/the-effects-of-virus-variants-on-covid-19-vaccines?gclid=Cj0KCQjw7pKFBhDUARIsAFUoMDZErmO4m7hga_3RVEa5sKFbJKSswwZacomS8HExWvYO_i77MQHTby4aArzfEALw_wcB मा हेरिएको ।

८ सामान्यतया मानिसहरूको आवागमन वा भेटघाटका कारण उनीहरूमा कुनै खास जोखिम उत्पन्न हुन सक्ने अवस्था देखिएमा मानिसहरूको आवतजावतमा गरिएको निषेध र व्यक्ति तथा समूहहरूलाई उनीहरू जहाँ छन् त्यहीँ रहन गरिएको अनुरोध ।

९ International Labour Organisation, "ILO Monitor: COVID-19 and the world of work. Seventh edition Updated estimates and analysis", January 25, 2021, https://www.ilo.org/wcmsp5/groups/public/---dgreports/---dcomm/documents/briefingnote/wcms_767028.pdf

नेपालमा २०७६ माघ ९ गते पहिलो व्यक्तिमा[१०] कोभिड-१९ को संक्रमण पुष्टि भएको थियो भने त्यसको दुई महिनापछि चैत ९ गते दोस्रो व्यक्तिमा[११] संक्रमण प्रमाणित भएको थियो । त्यस्तै कोभिड-१९ संक्रमितको पहिलो मृत्यु[१२] २०७७ जेठ ३ गते भएको थियो । २०७८ साल जेठ ६ सम्म नेपालमा कम्तिमा पनि ४ लाख ८८ हजार ६४५ जना यस भाइरसबाट संक्रमित भए भने त्यस मितिसम्म ५,८४७ जना संक्रमितको मृत्यु भएको थियो ।[१३]

दोस्रो व्यक्तिमा संक्रमण पुष्टि भए लगत्तै संक्रमण फैलन नदिन नेपाल सरकारले २०७६ चैत ११ गतेदेखि[१४] लागू हुने गरी देशव्यापी लकडाउन घोषणा गर्दै मानिसहरूको आवागमन लगायत अत्यावश्यक[१५] बाहेकका सबै सेवा तथा क्रियाकलाप निषेध गऱ्यो । लकडानको म्याद पटक-पटक थपियो र २०७७

---

१० Government of Nepal, Ministry of Health and Population, "Health Sector Emergency Response Plan COVID-19 Pandemic," May 2020 https://www.who.int/docs/default-source/nepal-documents/novel-coronavirus/health-sector-emergency-response-plan-covid-19-endorsed-may-2020.pdf मा हेरिएको ।

११ Ministry of Health and Population, "Situation Report 43," March 23, 2020 https://covid19.mohp.gov.np/covid/nepaliSituationReport/SitRep43_COVID-19_23-03-2020_NP.pdf मा हेरिएको ।

१२ Ministry of Health and Population, "Situation Report 98," May 17, 2020 https://covid19.mohp.gov.np/covid/englishSituationReport/SitRep98_COVID-19_16-05-2020_EN.pdf मा हेरिएको ।

१३ Ministry of Health and Population, "Situation Report 466," May 20, 2021, https://covid19.mohp.gov.np/covid/englishSituationReport/60a64e7d8b822_SitRep466_COVID-19_20-05-2021_EN.pdf मा हेरिएको ।

१४ नेपाल सरकार मन्त्रिपरिषद्को बैठकको निर्णय नं. ३१, २०७७ चैत ९ गते, https://www.opmcm.gov.np/cabinet-decision/ मा हेरिएको ।

१५ नेपाल राजपत्र (२०७६ असोज २७ को अंकमा प्रकाशित http://rajpatra.dop.gov.np/welcome/book?ref=23832 मा उपलब्ध) अनुसार अस्पताल, बैंक, फोहोर संकलन, विद्युत सेवा र दैनिक उपभोगका सामग्री लगायतका १९ प्रकारका सेवालाई "अत्यावश्यक सेवा" मानिएको छ ।

असोजको मध्यसम्ममा त्यसको फरक-फरक मोडालिटीमा त्यसको कार्यान्वयन गरियो । (तालिका ७)

लकडाउनका कारण मानिसहरूको आवागमनमा उल्लेख्य मात्रामा कमी आयो[१६] र यो क्रम लकडाउन खुकुलो गरिए वा हटाएपछि पनि निरन्तर रहिरह्यो, जसका कारण, व्यवसायिक क्षेत्रको कारोवारमा उल्लेख्य प्रभाव पऱ्यो । उदाहरणका लागि नेपालको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंकले लकडाउन खुलेको ४ महिनापछि २०७७ मंसिरमा गरेको एक सर्वेक्षणको प्रतिवेदन अनुसार त्यतिबेलासम्म विभिन्न आर्थिक क्षेत्रको उत्पादन र कारोवार लकडाउन अघिको तुलनामा केवल ५३.९५ प्रतिशतसम्म मात्र पुग्न सक्यो ।[१७] यसका कारण देशको अर्थतन्त्रमा यसअघि कहिल्यै नभएको मात्रामा घाटा पुग्यो । अक्टोवर २०२० मा विश्व बैंकले नेपालको कुल गार्हस्थ उत्पादन (जीडीपी) को वृद्धिदर सन् २०२० मा ७.३ प्रतिशतबाट ०.२ प्रतिशतमा घट्ने र सन् २०२१ मा पनि सो दर ०.६ प्रतिशतले मात्र बढ्ने अनुमान गऱ्यो ।[१८]

महामारीका कारण नेपालको व्यवसायिक क्षेत्र नराम्ररी प्रभावित भयो र लकडाउनको अवधि र त्यसपछि समेत केही अपवाद बाहेक औद्योगिक उत्पादन र तिनको क्षमताको उपयोगमा उल्लेख्य ह्रास आयो । विश्व बैकको एक अध्ययनले उत्पादन सामग्री र श्रमिक अभावका कारण नेपालको औद्योगिक वृद्धि र क्षमताको

---

१६ उदाहरणका लागि अक्टोवर २०२० मा विश्व बैंकका एक प्रतिवेदनले नेपालमा मानिसको आवागमनमा ४० प्रतिशतले ह्रास आएको उल्लेख गऱ्यो । सो प्रतिवेदन "South Asia Economic Focus: Beaten or Broken?", October 8, 2020, https://openknowledge.worldbank.org/bitstream/handle/10986/34517/9781464816406.pdf मा उपलब्ध छ ।

१७ नेपाल राष्ट्र बैंक, "कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी प्रथम पुनरावृत्ति (Follow-up) सर्वेक्षण", २०७७ मंसिर, https://www.nrb.org.np/contents/uploads/2021/01/Follow-up-Survey-Report-on-Impact-of-COVID-19-in-Nepalese-Economy.pdf मा हेरिएको ।

१८ The world Bank, "South Asia Economic Focus: Beaten or Broken?", October 8, 2020, https://openknowledge.worldbank.org/bitstream/handle/10986/34517/9781464816406.pdf मा उपलब्ध ।

उपयोगको अनुपात ८० प्रतिशतबाट ४६ प्रतिशतमा संकुचित भएको र श्रमिकहरूको गतिशिलता तथा बजारसम्मको पहुँचमा अवरोध भएका कारण कृषि उत्पादनमा समेत तीब्र गिरावट आएको उल्लेख गरेको थियो ।[१९] त्यस्तै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले २०७७ मंसिरमा गरेको एक अध्ययनले ८९.१९ प्रतिशत उद्योगहरू आंशिक रूपमा मात्र सञ्चालन हुन सकेको र ५४ प्रतिशतको उत्पादकत्व ५० प्रतिशतले घटेको देखाएको थियो ।[२०] सो प्रतिवेदनले ८७.५ प्रतिशत साना उद्योगमा उत्पादनमै प्रत्यक्ष प्रभाव परेको र तीमध्ये ७५ लाई कच्चा सामग्री प्राप्त गर्न कठिन भएको उल्लेख गरिएको छ। त्यस्तै ८७.५ उद्योगहरूमा श्रमिकहरू परिचालन र उत्पादनको बजारीकरणमा असर परेको र १०.८१ प्रतिशत उद्योगहरू पूर्णतः बन्द भएको प्रतिवेदनमा उल्लेख थियो ।

अर्थतन्त्र र व्यवसायिक क्षेत्रमा परेको प्रभावका कारण नेपालमा उल्लेख्य मात्रामा रोजगारी र आम्दानी गुम्न गयो । अन्तर्राष्ट्रिय श्रम संगठनले जारी संकटका कारण नेपालमा कार्यघण्टा वा पारीश्रमिक कटौती र पूर्ण रोजगारीविहीनताको अवस्था समेत गरी १६ देखि २० लाख रोजगारी गुम्ने अनुमान गरेको थियो ।[२१] नेपालमा एकपटक रोजगारी गुमाएका वा यसै पनि बेरोजगार अवस्थामा रहेकाहरूले रोजगारी पाउन त्यति सजिलो छैन । नेपालको संविधानले हरेक नागरिकको रोजगारीको हक[२२] र उचित पारीश्रमिक तथा सामाजिक सुरक्षाको

---

१९ The world Bank, "South Asia Economic Focus: Beaten or Broken?", October 8, 2020, https://openknowledge.worldbank.org/bitstream/handle/10986/34517/9781464816406.pdf मा उपलब्ध ।

२० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, "कोभिड-१९ ले उद्योग क्षेत्रमा पारेको प्रभावः संक्षिप्त अध्ययन", २०७७ माघ, http://moics.gov.np/public/index.php/np/detailNotice/impact-of-covid-19-on-the-industrial-sector मा हेरिएको ।

२१ International Labour Organization, "COVID-19 labour market impact in Nepal" Briefing Note, May 21, 2020 https://www.ilo.org/kathmandu/whatwedo/publications/WCMS_745439/lang--en/index.htm मा हेरिएको ।

२२ नेपालको संविधान, २०७२, धारा ३३ (१)

हक[२३] सुनिश्चित गरेको र नेपाल सरकारले बहुचर्चित प्रधानमन्त्री रोजगार कार्यक्रम[२४] लगायतका रोजगारीका कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको भए पनि काम गर्ने उमेर पुगेका ठूलो संख्याका नेपालीहरू रोजगारीको अवसरबाट वञ्चित छन् । हरेक वर्ष ५ लाख नेपालीहरू नेपालको श्रम बजारमा प्रवेश गर्दछन्[२५] र काम गर्ने उमेर पुगेका २ करोड ७ लाख ४४ हजार नेपाली मध्ये केवल ३४.१६ प्रतिशत (७० लाख ८६ हजार) जनाले मात्र[२६] नेपालमा आंशिक वा पूर्ण रोजगारीको अवसर[२७] पाएका छन् । बाँकी लाखौँ नेपालीहरू या त बेरोजगार छन् वा या वैदेशिक रोजगारीमा जान वाध्य छन् (तालिका ९) ।[२८]

नेपालमा एकजना श्रमिकको मासिक सरदर कमाई १७,८०९ रूपैयाँ[२९] रहेको, जुन उसको मासिक औसत खर्च २१,७९९ रूपैयाँ[३०] भन्दा १८.३० प्रतिशतले कम

---

२३ नेपालको संविधान, २०७२, धारा ३४ (२)

२४ उदाहरणका लागि आर्थिक वर्ष २०७७/७८ को बजेट मार्फत् त्यस आर्थिक वर्षमा नेपाल सरकारले ७ लाख ८३ हजार ५०५ भन्दा बढी रोजगारी सिर्जना गर्ने योजना गरेको थियो ।

२५ अर्थ मन्त्रालय, "आर्थिक सर्वेक्षण २०७६/७७" २०७७ जेठ, जततउकस्रुया।नयख।लउरकष्तभरउगदष्अिबतष्यल( मभतबषरिद्दज्ञठद्ध मा हेरिएको ।

२६ Central Bureau of Statistics, "Report on the Nepal Labour Force Survey 2017/18", March 2019, https://cbs.gov.np/wp-content/upLoads/2019/04/NLFS-III_Final-Report.pdf मा हेरिएको ।

२७ नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८ ले reference week मा कम्तिमा एक घण्टाको रोजगारी भएका व्यक्तिलाई रोजगारी भएको ('at work') मानी सो संख्या गणना गरेको ।

२८ नेपाल सरकारको तथ्याङ्क अनुसार पछिल्ला तीन आर्थिक वर्षमा १५ लाख ९ हजार ६८ जनाले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएको देखाउँदछ जुन संख्याका हिसावले त्यस्तो श्रम स्वीकृति लिनेको वार्षिक औसत संख्या ५ लाख भन्दा बढी हुन आउँछ । (विस्तृत विवरण तालिका ९ मा)

२९ Central Bureau of Statistics, "Report on the Nepal Labour Force Survey 2017/18", March 2019, https://cbs.gov.np/wp-content/upLoads/2019/04/NLFS-III_Final-Report.pdf मा हेरिएको ।

३० त्रिभुवन विश्व विद्यालय, अर्थशास्त्र केन्द्रीय विभागका लेक्चरर नीर्मल कुमार राउतले nationally representative household survey का आधारमा एकजना श्रमिकलाई उसको न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न कति पारीश्रमिक आवश्यक पर्दछ भनी विश्लेषण गर्नुभएको छ । उक्त

हो । यसको अर्थ रोजगारीको अवसर प्राप्त गरेकाहरूलाई नै पनि आफ्नो कमाईबाट आधारभूत खर्च धान्न वा भविष्यका लागि बचत गर्न कठिन हुने गरेको थियो । त्यसमाथि महामारीका कारण ठूलो संख्याका रोजगाररत नागरिकहरूलाई उल्टै बेरोजगारी र गरिबीमा धकलिए र तिनीहरूमध्ये अधिकांश आफ्नो र परिवारको आधारभूत आश्यकताहरू धान्न नसक्ने अवस्थामा पुगे । अर्थात् रोजगारी र आम्दानी गुमाउनु पर्दा हजारौं श्रमिक तथा तिनका परिवारका सदस्यहरूको खाना तथा आवास, स्वास्थ्य र शिक्षा लगायतका अधिकारमा गम्भीर असर परी उनीहरूको जीवीकोपार्जन विखण्डीत हुन पुग्यो । ती मध्ये कतिपय श्रमिकहरू मनोसामाजिक तथा मानसिक स्वास्थ्य समस्या, बाध्यकारी श्रम र बेचविखनको सामना गरिरहेका छन् । यसैपनि विभेद र हिंसाको सामना गरिरहेका महिलाहरूको रोजगारी गुम्दा उनीहरूको चुनौति अझ जटिल रहेको छ ।

यस अवस्थामा, महामारीबाट प्रभावित श्रमिकहरूको सामाजिक सुरक्षा तथा जीवीकोपार्जन सुरक्षित गरिन आवश्यक रहेको कुरालाई आत्मसात गर्दै तथ्यमा आधारित विश्लेषणका माध्यमबाट अध्ययन गरी यो प्रतिवेदन तयार गरिएको छ । यस अध्ययनले कोभिड-१९ महामारीका कारण रोजगारी र आम्दानी गुमाउनु परेका श्रमिकहरूमा परेको प्रभावहरूको विश्लेषण गरेको छ ।

## १. उद्देश्य

१. कोभिड-१९ महामारीका कारण रोजगारी र आम्दानी गुमेका नेपालको औपचारिक र अनौपचारिक क्षेत्रका श्रमिकहरूको जीवीकोपार्जनमा परेको प्रभावहरूको विश्लेषण गर्ने ।

विश्लेषणका आधारमा आर्थिक वर्ष २०७६/७७ मा एकजना श्रमिकको खाद्य र खाद्य इतरको आधारभूत खर्च धान्न कम्तिमा पनि २१ हजार ७९९ रुपियाँ पारीश्रमिक दिइनु पर्दथ्यो । लेक्चरर राउतले तथ्यहरूमा आधारित भई गर्नुभएको विश्लेषण "Setting National Minimum Wages for Nepal: A Need-Based Approach" त्रिभुवन विश्व विद्यालय, अर्थशास्त्र केन्द्रीय विभागको The Economic Journal of Nepal, Vol. 42, No. 1 & 2, January - June 2019 (Issue No. 151) https://www.nepjol.info/index.php/EJON/article/view/35900 मा उपलब्ध छ ।

२. ती श्रमिकहरूले भोग्नु परेको चुनौती सम्बोधनका लागि भनी लागू गरिएका नीति तथा कार्यक्रमको समीक्षा गर्ने ।

३. नेपाल सरकार, व्यवसाय र रोजगारदाता तथा ट्रेड युनियनहरूका लागि व्यवहारिक सिफारिसहरू तयार गर्ने ।

## २. अध्ययनकर्ता तथा अध्ययनटोली

श्रम अधिकार र मानव अधिकारको क्षेत्रमा कार्यरत संस्था इक्वीडेम रिसर्च नेपाल[३१]ले संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका लागि यो अध्ययन गरेको हो । इक्वीडेम नेपालका रामेश्वर नेपाल[३२]ले राजनप्रसाद कुईंकेल[३३] र दिपीका थपलिया[३४] समेत रहेको अध्ययनटोलीको नेतृत्व गर्नुभएको थियो । संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका निर्देशक दीपा दवाडी तथा संयोजक रमेश बस्नेत र इक्वीडेमकी नानी बरालले अध्ययनको काममा सघाउ पुऱ्याउनु भएको थियो ।

## ३. अध्ययन विधि

यो अध्ययन मिश्रित विधिको प्रयोग गरी गरिएको थियो जसमा नीति तथा कार्यक्रमहरूको अध्ययन गरिनुका साथै प्रत्यक्ष अन्तर्वार्ता, लक्षित समूह अन्तरक्रिया र दुईवटा राष्ट्रिय परामर्श बैठकहरू गरिएको थियो । अन्तर्वार्ता,

---

३१ इक्वीडेम रिसर्च नेपाल मानव अधिकार तथा श्रम अधिकारका विषयमा अध्ययन अनुसन्धान गर्ने विशेषज्ञ संस्था हो, जसले पछिल्ला वर्षहरूमा आप्रवासी श्रमिकहरूको अधिकारका विषयमा आफ्ना कामहरूलाई केन्द्रीकृत गरेको छ । यसले नेपाल सरकार, राष्ट्रिय मानव अधिकार आयोग नेपाल, अन्तर्राष्ट्रिय श्रम संगठन, ट्रेड युनियनहरू तथा विकास साझेदार लगायतका निकायहरूका लागि दर्जनौं अध्ययनहरू गरेको छ ।

३२ श्री नेपाल इक्वीडेम रिसर्च नेपालमा संस्थापक तथा कार्यकारी निर्देशक तथा श्रम अधिकार र मानव अधिकार अनुसन्धाता हुनुहुन्छ । उहाँ बेलायतमा मुख्यालय रहेको तथा अन्तर्राष्ट्रिय र स्थानीय रूपमा मानव अधिकार र श्रम अधिकारका विषयमा अध्ययन तथा पैरवी गर्ने च्यारिटी संस्था इक्वीडेमका दक्षिण एसिया निर्देशक पनि हुनुहुन्छ ।

३३ श्री कुईंकेल नेपालका अग्रणी सञ्चारकर्मी तथा मानव अधिकारकर्मीमध्येका एक हुनुहुन्छ र उहाँले यस अध्ययनका लागि रिसर्च कन्सल्ट्यान्टको रूपमा कार्य गर्नुभएको छ ।

३४ अधिवक्ता थपलिया इक्वीडेम रिसर्च नेपालकी रिसर्च प्रोजेक्ट म्यानेजर हुनुहुन्छ ।

लक्षित समूह अन्तरक्रिया र राष्ट्रिय परामर्शका सहभागीहरूको लैङ्गिक र प्रादेशिक हिसावले समावेशी थियो ।

## ३.१ अन्तर्वार्ता:

अध्ययनटोलीले २०७७ माघदेखि २०७८ वैशाखको बीचमा श्रमिक तथा विभिन्न तहका सरकारहरू, व्यवसाय, शैक्षिक संस्था र ट्रेड युनियनका प्रतिनिधि लगायतका प्रमुख सूचनादाताहरूसँग अन्तर्वार्ता गरेको थियो । नेपालको सातवटै प्रदेशमा सम्बन्धित व्यक्तिलाई प्रत्यक्ष भेट गरेर वा प्रविधिको प्रयोग (भर्चुअल) मार्फत् ती अन्तर्वार्ताहरू गरिएका थिए ।

**तालिका १**

**अन्तर्वार्ता गरिएका जिल्लाहरू**

| सि.नं. | प्रदेश | जिल्ला | भर्चुअल/प्रत्यक्ष भेटघाट |
|---|---|---|---|
| १. | प्रदेश १ | झापा | भर्चुअल |
| | | मोरङ | प्रत्यक्ष भेटघाट |
| | | सुनसरी | प्रत्यक्ष भेटघाट |
| २ | प्रदेश २ | सिराहा | प्रत्यक्ष भेटघाट |
| ३. | वाग्मती | मकवानपुर | प्रत्यक्ष भेटघाट |
| | | काठमाडौं | प्रत्यक्ष भेटघाट र भर्चुअल |
| | | ललितपुर | प्रत्यक्ष भेटघाट र भर्चुअल |
| | | भक्तपुर | प्रत्यक्ष भेटघाट र भर्चुअल |
| | | नुवाकोट | प्रत्यक्ष भेटघाट र भर्चुअल |

| | | | |
|---|---|---|---|
| ४. | गण्डकी | कास्की | प्रत्यक्ष भेटघाट र भर्चुअल |
| ५. | लुम्बिनी | रूपन्देही | प्रत्यक्ष भेटघाट र भर्चुअल |
| | | गुल्मी | भर्चुअल |
| ६. | कर्णाली | सुर्खेत | प्रत्यक्ष भेटघाट र भर्चुअल |
| ७. | सुदूर पश्चिम | कैलाली | प्रत्यक्ष भेटघाट र भर्चुअल |
| | जम्मा | १४ जिल्ला | प्रत्यक्ष भेटघाट मात्रै - ४ जिल्ला<br>भर्चुअल मात्रै - २ जिल्ला<br>दुवै विधि - ८ जिल्ला |

**(क) प्रभावित श्रमिकहरूसँग अन्तर्वार्ता :** कोभिड-१९ महामारीका कारण रोजगारी गुमेका नेपालका सबै ७ वटै प्रदेशका १४ जिल्लाका कूल ६७ जना श्रमिकहरूसँग अन्तर्वार्ता गरिएको थियो । अन्तर्वार्ता गरिएका मध्ये ४३ जना पुरुष र २४ जना महिलाहरू थिए, जसमध्ये ५६ जनासँग एक्लाएक्लै र ११ जनासँग लक्षित समूह अन्तरक्रियाका विधिबाट कुराकानी गरिएको थियो। एक्लाएक्लै कुराकानी गरिएका मध्ये ३४ जनालाई प्रत्यक्ष भेटेर र २२ जनासँग भर्चुअल माध्यमबाट अन्तर्वार्ता गरिएको थियो । अन्तर्वार्ता गरिएका श्रमिकहरू होटल, रेस्टुरेन्ट, यातायात, सहकारी, शैक्षिक प्रतिष्ठान, उत्पादन, निर्माण लगायत औपचारिक र अनौपचारिक क्षेत्रमा कार्य गरेकाहरू थिए । लक्षित समूह अन्तरक्रियामा सहभागीहरू पर्यटन क्षेत्रमा कार्य गरेकाहरू थिए जो प्रदेश तथा स्थानीयस्तरको ट्रेड युनियनहरूमा आवद्ध थिए र कोभिड-१९ महामारीले श्रमिकहरूमा पारेको प्रभावका बारेमा पर्याप्त जानकारहरू थिए ।

## तालिका २

## प्रदेश र लिङ्गका हिसावले अन्तर्वार्ता गरिएका श्रमिकहरू

| प्रदेश | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| प्रदेश १ | ३ | ५ | ८ |
| प्रदेश २ | २ | ३ | ५ |
| वाग्मती | १० | १२ | २२ |
| गण्डकी | २ | १४ | १६ |
| लुम्बिनी | ३ | २ | ५ |
| कर्णाली | २ | ४ | ६ |
| सुदूर पश्चिम | २ | ३ | ५ |
| जम्मा | २४ | ४३ | ६७ |

**(ख) प्रमुख सूचनादाताहरूसँग अन्तर्वार्ता/बैठक :** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; बन तथा वातारण मन्त्रालय; नेपाल राष्ट्र बैंक; सामाजिक सुरक्षा कोषको सचिवालय; चारवटा प्रदेशका सामाजिक विकास मन्त्रालय[३५]; पाँचवटा पालिकाहरू[३६]; चारवटा श्रम

३५ वाग्मती, गण्डकी, लुम्बिनी र सुदूर पश्चिम प्रदेशका

३६ लहान (सिराहा जिल्ला), हेटौँडा र राक्सिराङ (मकवानपुर जिल्ला), दुप्चेश्वर (नुवाकोट जिल्ला) र धनगढी (कैलाली जिल्ला)

तथा रोजगार कार्यालय[३७]; प्रदेश १ को प्रदेश योजना आयोग; सुदूर पश्चिम प्रदेशस्थित रोजगार सूचना केन्द्र; विभिन्न ट्रेड युनियनहरू; नेपाल उद्योग वाणिज्य संघको जिल्ला शाखा; र नीजि व्यवसायिक संस्थाका प्रतिनिधिहरूसँग कुल ४८ वटा अन्तर्वार्ता/प्रत्यक्ष बैठक/फोन वार्ताहरू गरिएको थियो ।

### ३.२ परामर्श

अध्ययनका विविध पक्षमाथि सुझाव संकलन गर्नका लागि र अध्ययनको प्रारम्भिक प्रतिवेदन तयार भएपछि त्यसको निचोडको प्रस्तुतीका लागि संयुक्त ट्रेड युनियन समन्वय केन्द्र आवद्ध ट्रेड युनियन महासंघहरूसँग दुई अलग-अलग राष्ट्रिय परामर्श आयोजना गरियो ।

### ३.३ द्वितीय स्रोतको अध्ययन (डेस्क रिसर्च)

अनुसन्धाताहरूले सामाजिक सुरक्षा, व्यवसायिक तथा सीप तालिम, र नेपाल सरकारको रोजगार कार्यक्रम लगायत यस अध्ययनका लागि सान्दर्भिक नीति तथा कार्यक्रमहरूको अध्ययन गरेका थिए । यसका अलावा सञ्चारमाध्यममा प्रकाशित/प्रसारित तथ्यगत रिपोर्टहरूको पनि अध्ययन गरेको थियो । त्यस्तै नेपाल सरकारका विभिन्न निकाय, विकास साझेदार र विज्ञहरूका प्रतिवेदनहरू पनि अध्ययन गरिएको थियो ।

## ४. गोपनीयता

अध्ययनका क्रममा अन्तर्वार्ता गरिएका सार्वजनिक पदमा रहेकाहरू भन्दा अरुको परिचय गोप्य राखिएको छ र प्रतिवेदनमा आवश्यकतानुसार उनीहरूको परिवर्तित नाम प्रयोग गरिएको छ ।

---

३७ वाग्मती, गण्डकी, लुम्बिनी र सुदूर पश्चिम प्रदेशका

## ५. अध्ययनका सीमा

१. **रोजगारी गुमेका श्रमिकहरूको अवस्थामा केन्द्रीत:** यस अध्ययनले केवल कोभिड-१९ महामारीका कारण रोजगारी र आम्दानी गुमेका श्रमिकहरूको अवस्था समेटेको छ ।

२. **अन्तर्वार्ता गरिएका व्यक्तिहरूको संख्या सिमित:** अध्ययनका लागि सिमित संख्याका श्रमिकहरूको मात्रै अन्तर्वार्ता गरिएको छ र यसले रोजगारीमा संलग्न जनसंख्याको वृहत्तर क्षेत्रलाई समेट्न सकेको छैन ।

३. **२०७७ चैत मसान्तसम्मको अवस्था समेटिएको:** अध्ययनले २०७८ वैशाखमा पुन: जारी गरिएको दोस्रो पटकको लकडाउनभन्दा अगाडिको अवस्थालाई मात्र समेटेको छ ।

४. **यकिन तथ्याङ्कको अभाव:** रोजगारी तथा आम्दानी गुमेका र त्यसको कारणबाट चुनौतिहरू सामना गरिरहेका श्रमिकहरूको यकिन र अद्यावधिक तथ्याङ्कको अभावका कारण महामारी सिर्जीत प्रभावहरू सामना गरिरहेका श्रमिकहरूको यकिन संख्या थाहा पाउन सकिएन । अध्ययनका कतिपय विषयसँग सम्बन्धित अद्यावधिक तथ्याङ्कको पनि अभाव रह्यो । तसर्थ केही पुराना तथ्याङ्कहरू पनि प्रयोग गरिएका छन् ।

५. **मिश्रित विधि प्रयोग गरिएको गुणात्मक विश्लेषण:** यो खासगरी गुणात्मक अध्ययन हो । तथापि दोस्रो स्रोतबाट लिइएको संख्यात्मक तथ्याङ्कको पनि उल्लेख्य मात्रामा प्रयोग गरिएको छ । तसर्थ यस अध्ययनले मिश्रित विधि, अन्तर्वार्ता र द्वितीय स्रोतको प्रयोगको माध्यमबाट यस अध्ययनले समेटेको विषयहरूको प्रवृत्तिको विश्लेषण गरिएको छ ।

# परिच्छेद-दुई
# महामारीले नेपालका श्रमिक तथा तिनका परिवारमा पारेको प्रभाव

अन्य कयौँ देशहरूमा झैँ संक्रमण फैलन नदिन नेपाल सरकारले २०७६ चैत ११ गतेदेखि लागू हुने गरी देशव्यापी लकडाउन घोषणा गर्दै मानिसहरूको आवागमन लगायत अत्यावश्यक बाहेकका सबै सेवा तथा क्रियाकलाप निषेध गऱ्यो । पर्यटन, अतिथि सत्कार, मनोरञ्जन, उद्योग, कलकारखाना, निर्माण तथा ग्राहक सेवा लगायत औपचारिक तथा अनौपचारिक क्षेत्रहरू २०७७ वैशाख २४ गतेसम्म पूर्णतः बन्द रहे । स्वास्थ्य मापदण्ड पालना गरी केही व्यवसाय र सेवा खुला गर्न दिने सम्बन्धमा २०७७ वैशाख २४ मा नेपाल सरकारले निर्णय गरेसँगै कृषि, यातायात, उत्पादन र उद्योग लगायतका केही क्षेत्रहरू विस्तारै सञ्चालन हुन थाले । यद्यपि त्यसरी सशर्त खुला भएका र अन्य क्षेत्रहरूले २०७७ साउन ७ गते देशव्यापी लकडाउन खुला गरिएपछिको लामो समयसम्म पनि सामान्य बेलाकोजत्तिको क्षमतामा व्यवसाय सञ्चालन गर्न सकेनन् । लकडाउन खुला भएपछि पनि यातायात, पर्यटन, अतिथि सत्कार र मनोरञ्जनका क्षेत्रहरू या त बन्द रहे या आंशिक मात्र खुला रहे । परिणामस्वरूप ठूलो संख्याका ती क्षेत्रमा काम गर्ने र स्वरोजगार श्रमिकहरूले रोजगारी र/वा आम्दानी गुमाउनु पऱ्यो, जसका कारण उनीहरूको खाना र आवास, स्वास्थ्य उपचार र शिक्षा लगायतका अधिकारहरूमा वहुआयामिक प्रभाव पऱ्यो । प्रभावित श्रमिकहरूमध्ये केहीले बाध्यकारी श्रम र बेचविखन जस्ता गम्भीर प्रकृतिका ज्यादतीहरूको सामना गर्नु परेको पाइयो ।

यस परिच्छेदमा महामारीका कारण रोजगारी गुमेका श्रमिकहरूको जीवीकोपार्जन र आधारभूत आवश्यकता पूर्ति लगायत उनीहरूमा परेको प्रभावको बारेमा विश्लेषण गरिएको छ ।

# १. काम गर्ने उमेर पुगेको जनसंख्या र नेपालमा रोजगारीको अवस्था

नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८[३८] अनुसार काम गर्ने उमेर (१५ वर्ष भन्दामाथि) पुगेका नेपालीहरूको हिस्सा कूल जनसंख्या (२ करोड ९० लाख २२ हजार) को ७१.५ प्रतिशत (२ करोड ७ लाख ४४ हजार) रहेको छ, जसमध्ये ९२ लाख ८ हजार पुरुष र १ करोड १५ लाख ३७ हजार महिला रहेका छन् । तर तीमध्ये ठूलो संख्याका नागरिकहरू रोजगारीको अवसरबाट वञ्चित छन् र काम गर्ने उमेर पुगेकामध्ये ३४.१६ प्रतिशत (७० लाख ८६ हजार जना) ले मात्रै आंशिक वा पूर्ण[३९] रोजगारी पाएका छन् । नेपाल श्रमशक्ति सर्वेक्षणले विभिन्न क्षेत्रमा काम गर्ने श्रमिकहरूको संख्या निम्न बमोजिम उल्लेख गरेको छ ।

**तालिका ३**

**उद्योगगत रोजगारीको अवस्था**

| उद्योग | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | हजारमा | | | प्रतिशत |
| **जम्मा** | **४४४६** | **२६४०** | **७०८६** | **१००** | **१००** | **१००** |
| कृषि, वन र मत्स्यपालन | ६५२ | ८७१ | १५२३ | १४.७ | ३३.० | २१.५ |

३८ Central Bureau of Statistics, "Report on the Nepal Labour Force Survey 2017/18", March 2019, https://cbs.gov.np/wp-content/upLoads/2019/04/NLFS-III_Final-Report.pdf मा उपलब्ध ।

३९ नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८ ले reference week मा कम्तिमा एक घण्टाको रोजगारी भएका व्यक्तिलाई रोजगारी भएको ('at work') मानी सो संख्या गणना गरेको ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| खानी तथा खनीजजन्य | ४३ | १६ | ५९ | १.० | ०.६ | ०.८ |
| उत्पादन | ७१९ | ३५३ | १०७२ | १६.२ | १३.४ | १५.१ |
| विद्युत, ग्याँस, बाफ तथा एअर कण्डिसनको आपूर्ति | २७ | ७ | ३४ | ०.६ | ०.३ | ०.५ |
| पानी आपूर्ति | ३४ | ९ | ४२ | ०.८ | ०.३ | ०.६ |
| निर्माण | ८६७ | १११ | ९७८ | १९.५ | ४.२ | १३.८ |
| थोक तथा खुद्रा व्यापार र मोटर गाडी तथा मोटरसाइकलको मर्मत | ६९५ | ५४५ | १२४० | १५.६ | २०.६ | १७.५ |
| पारवहन तथा गोदाम | ३१५ | ७ | ३२२ | ७.१ | ०.३ | ४.५ |
| आवास तथा खाद्य सेवा सम्बन्धी काम | २०४ | १६७ | ३७१ | ४.६ | ६.३ | ५.२ |
| सूचना तथा सञ्चार | ४८ | १३ | ६० | १.१ | ०.५ | ०.९ |
| वित्तिय तथा बीमा सम्बन्धी क्षेत्र | ६३ | ५५ | ११८ | १.४ | २.१ | १.७ |
| रियलस्टेट सम्बन्धी काम | १४ | ३ | १७ | ०.३ | ०.१ | ०.२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| व्यवसायिक, वैज्ञानिक र प्राविधिक काम | ३५ | ९ | ४४ | ०.८ | ०.३ | ०.६ |
| प्रशासनिक तथा सहायता सम्बन्धी काम | ५७ | ७ | ६४ | १.३ | ०.२ | ०.९ |
| सार्वजनिक प्रशासन तथा रक्षा, अनिवार्य सामाजिक सुरक्षा | १०५ | २९ | ३३ | २.४ | १.१ | १.९ |
| शिक्षा | ३०४ | २५४ | ५५८ | ६.८ | ९.६ | ७.९ |
| मानव स्वास्थ्य तथा सामाजिक काम | ७८ | ९२ | १७१ | १.८ | ३.५ | २.४ |
| कला, मनोरञ्जन र अभिनय | ३० | ४ | ३४ | ०.७ | ०.१ | ०.५ |
| अन्य सेवा सम्बन्धी काम | ११९ | ३७ | १५६ | २.७ | १.४ | २.२ |
| निजी घरेलु काम | २५ | ४८ | ७३ | ०.६ | १.८ | १.० |
| वाह्य संगठन र निकायका काम | १२ | ५ | ५ | ०.३ | ०.२ | ०.२ |

*स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८*

तालिका ३ अनुसार कृषि, थोक तथा खुद्रा, उत्पादन, निर्माण र शिक्षा क्षेत्र काम गर्ने उमेर पुगेका नेपालका सर्वाधिक जनसंख्यालाई रोजगारी दिने प्रमुख पाँच

क्षेत्रहरू हुन् जहाँ क्रमशः १५ लाख २३ हजार, १२ लाख ४० हजार, १० लाख ७२ हजार, ९ लाख ७८ हजार र ५ लाख ५८ हजार जना कार्यरत रहेका छन् ।

नेपाल आर्थिक जनगणना, २०१८ अनुसार नेपालमा कुल ९ लाख २३ हजार ३५६ संस्थान (रोजगारदाता) छन् ।[४०] त्यसका अलावा ठूलो संख्याका श्रमिकहरू राज्यका विभिन्न निकाय, अनौपचारिक क्षेत्र वा स्वरोजगार भई कार्यरत रहेका छन् ।

नेपालको रोजगारीमा संलग्नताका हिसावले औपचारिक र अनौपचारिक क्षेत्रबीच ज्यादै ठूलो असन्तुलन रहेको देखिन्छ र यहाँको रोजगारी खासगरी अनौपचारिक काममा निर्भर रहेको छ । नेपाल श्रमशक्ति सर्वेक्षण अनुसार रोजगाररत कुल ७० लाख ८६ हजार जनामध्ये ४४ लाख ११ हजार जना (६२.२५ प्रतिशत) अनौपचारिक क्षेत्रमा रोजगारी गर्दछन् । त्यस्तै औपचारिक क्षेत्रमै कार्यरतहरूमध्ये पनि अधिकांश अनौपचारिक रोजगारीमा रहेका छन् ।

## तालिका ४

## क्षेत्रगत आधारमा औपचारिक र अनौपचारिक रोजगारीमा रहेकाहरू

| पेशा | औपचारिक रोजगारी | अनौपचारिक रोजगारी | जम्मा | औपचारिक रोजगारी | अनौपचारिक रोजगारी | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | हजार | | | प्रतिशत |
| **जम्मा** | **१०९३** | **५९९४** | **७०८६** | **२५.४** | **८४.६** | १०० |
| औपचारिक क्षेत्र | १०९३ | १५८३ | २६७५ | ४०.८ | ५९.२ | १०० |
| अनौपचारिक क्षेत्र | ० | ४४११ | ४४११ | ०.० | १०० | १०० |

४० Central Bureau of Statistics, "National Economic Census 2018", July 2019, https://nada.cbs.gov.np/index.php/catalog/92 मा हेरिएको ।

*स्रोत: नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८*

तालिका ४ अनुसार रोजगारीमा रहेका कुल ७० लाख ८६ हजार श्रमिकहरूमध्ये अनौपचारिक रोजगारीमा रहेकाहरूको संख्या ५९ लाख ९४ हजार जसमा १५ लाख ८३ हजार श्रमिकहरू औपचारिक क्षेत्रको औपचारिक रोजगारीमा रहेका छन् भने ४४ लाख ११ हजार जना अनौपचारिक क्षेत्रको अनौपचारिक रोजगारीमा रहेका छन् । अनौपचारिक रोजगारीमा रहेकाहरूले वार्षिक विदा तथा बिरामी विदा जस्ता सुविधा लिन पाउँदैनन् भने तिनका रोजगारदाताले सामाजिक सुरक्षा योजनामा योगदान पनि गरिदिँदैनन् ।

नेपाल श्रमशक्ति सर्वेक्षण अनुसार नेपालमा रोजगारीमा रहेकाहरूमध्ये २३.४ प्रतिशत सार्वजनिक यातायात, अतिथि सत्कार र मनोरञ्जन, खाना तथा आवास, थोक तथा खुद्रा, शिक्षा, सना उद्योग, उत्पादन र सेवा क्षेत्रका स्वरोजगार श्रमिकहरू छन् ।

## १.१ न्यूनतम पारीश्रमिक

नेपालमा चिया बगानमा काम गर्ने वाहेकका[४१] श्रमिकहरूको मासिक न्यूनतम पारीश्रमिक १३,४५० रूपैयाँ र दैनिक र प्रतिघण्टाको पारीश्रमिक क्रमशः ५१७ रूपैयाँ र ६९ रूपैयाँ रहेको छ ।[४२] यस बाहेक उनीहरूले श्रम ऐन, २०७४ बमोजिम सञ्चयकोष, चाडपर्व खर्च र उपदान लगायतका सेवा सुविधा प्राप्त गर्दछन् (ताकिा ५) । नेपाल श्रमशक्ति सर्वेक्षण अनुसार नेपालमा कार्यरत एकजना श्रमिकले औषत (मीन) १७ अजार ८०९ रूपैँया कमाई गर्दछन् ।[४३] सो औषत

४१ चिया वगानका श्रमिकहरूको मासिक, दैनिक र प्रतिघण्टाको न्युनतम पारीश्रमिक क्रमशः १०,७८१ रुपैयाँ, ३८५ रुपैयाँ र ५१ रुपैयाँ रहेको छ ।

४२ नेपाल राजपत्र (खण्ड ६८, संख्या २०) २०७५ श्रावण ३१ मा प्रकाशित सूचना अनुसार २०७५ श्रावण १ देखि लागू भएको न्यूनतम पारश्रमिक । सरकारले यो पारीश्रमिक दरमा २०७८ श्रावण १ गतेदेखि लागू हुनेगरी संशोधन गरेको छ र उक्त मितिदेखि न्यूनतम मासिक पारीश्रमक १५ हजार रुषियाँ हुनेछ ।

४३ Central Bureau of Statistics, "Report on the Nepal Labour Force Survey 2017/18", March 2019, https://cbs.gov.np/wp-content/upLoads/2019/04/NLFS-III_Final-Report.pdf मा उपलब्ध ।

पारीश्रमिक एक श्रमिकको मासिक औषत मासिक खर्चभन्दा उल्लेख्य मात्रामा कम रहेको कुरा अध्ययनहरूले पुष्टि गरेका छन् ।[४४] त्यसको अर्थ श्रमिकको मासिक पारीश्रमिक उनीहरूको आधारभूत आवश्यकताको लागि खर्च धान्न अपर्याप्त रहन्छ । त्यसमाथि अत्यधिक संख्याका श्रमिकहरू अनौपचारिक रोजगारीमा रहेका छन् र उनीहरू न त सामाजिक सुरक्षाको योजनाबाट संरक्षित छन् न त उनीहरूलाई कुनै सुविधा नै प्रदान गरिन्छ । यसले के पुष्टि गर्दछ भने रोजगारमै रहेका धेरैजसो श्रमिकहरूलाई पनि आफ्नो पारीश्रमिकबाट न्यूनतम आधारभूत आवश्यकताहरू पूरा गर्न नै कठिन पर्दछ र यस्तो अवस्थामा भविष्यका लागि वचत गर्ने कुरा प्रायः असम्भव नै रहन्छ । अर्कोतर्फ औपचारिक रोजगारीमा रहेका लगायतका धेरैजना श्रमिकहरूलाई त्यही न्यूनतम पारीश्रमिक समेत दिइँदैन । यस अध्ययनका लागि अन्तर्वार्ता गरिएका ट्रेड युनियनका प्रतिनिधिहरूले औपचारिक क्षेत्रमा र औपचारिक रोजगारीमा रहेका लगायतका ठूलो संख्याका श्रमिकहरूलाई तिनका रोजगारदाताले न्यूनतम पारीश्रमिक दिने नगरेको बताए, जुन कुरा यस अध्ययनका क्रममा पनि देखियो । अध्ययनका क्रममा अन्तर्वार्ता गरिएका कुल ६७ जना मध्ये २६ जना (३८.८१ प्रतिशत) ले न्यूनतम भन्दा कम, १० हजार रूपैयाँ देखि १३ हजार रूपैयाँ मात्र पारीश्रमिक पाउने गरेको बताए ।

म मेरो टोल नजिकैको एक विद्यालयमा क्लिनरको काम गर्थें । कोभिड-१९ महामारीको संकटका कारण मेरो रोजगारी गुम्नुभन्दा अघि मैले त्यस विद्यालयमा ५ वर्ष काम गरेँ । बिदाका दिन बाहेक म पूरै कार्यघण्टा ड्युटी गर्दथे र मेरो मासिक तलव १० हजार रूपैँया थियो । मासिक न्यूनतम

४४ त्रिभुवन विश्व विद्यालय, अर्थशास्त्र केन्द्रीय विभागका लेक्चरर नीर्मल कुमार राउतले nationally representative household survey का आधारमा एकजना श्रमिकलाई उसको न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न कति पारीश्रमिक आवश्यक पर्दछ भनी विश्लेषण गर्नुभएको छ । उक्त विश्लेषणका आधारमा आर्थिक वर्ष २०७६/७७ मा एकजना श्रमिकको खाद्य र खाद्य इतरको आधारभूत खर्च धान्न कम्तिमा पनि २१ हजार ७९९ रुपियाँ पारीश्रमिक दिइनु पर्दथ्यो । लेक्चरर राउतले तथ्यहरूमा आधारित भई गर्नुभएको विश्लेषण "Setting National Minimum Wages for Nepal: A Need-Based Approach" त्रिभुवन विश्व विद्यालय, अर्थशास्त्र केन्द्रीय विभागको The Economic Journal of Nepal, Vol. 42, No. 1 & 2, January - June 2019 (Issue No. 151) https://www.nepjol.info/index.php/EJON/article/view/35900 मा उपलब्ध छ ।

पारीश्रमिक कति हुनु पर्थ्यो भन्ने त मलाई थाहा छैन तर त्यस विद्यालयले मलाई दिएको रोजगारी र पारीश्रमिकले मेरो परिवारको जीवीकोपार्जनमा ठूलो मद्दत पुऱ्याएको थियो ।

- प्रीति रसाईली (नाम परिवर्तन), कर्णाली प्रदेश ।[४५]

तोकिएको न्यूनतम पारीश्रमिक पनि भुक्तानी नदिने समस्या अनौपचारिक क्षेत्रमा अझ गहिरो छ । उदाहरणका लागि कोभिड-१९ महामारी अगाडिकै अवस्थामा नेपालमा घरेलु श्रमिकका रूपमा कार्यरतहरूले सामना गर्नु परेको चुनौतिहरूको विषयमा गरिएको एक सर्वेक्षणले ८० प्रतिशत त्यस्ता श्रमिकहरूले मासिक १२ हजार रुपियाँ भन्दा कम पारीश्रमिक पाउने गरेको देखाएको थियो ।[४६] न्यूनतम भन्दा कम पारीश्रमिक भुक्तानी गरिनुले हरेक श्रमिकलाई 'उपयुक्त पारीश्रमिक' दिनु पर्दछ भन्ने नेपालको संविधानको व्यवस्था लगायतका श्रमिकको अधिकार उल्लंघन गर्दछ ।[४७]

## १.२ सामाजिक सुरक्षा र सुविधा

नेपालको संविधानले हरेक श्रमिकको सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ ।[४८] त्यसका अलावा, श्रम ऐन र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन जस्ता कानुनहरूमा श्रमिकको सामाजिक सुरक्षा र सुविधा सम्बन्धी विभिन्न व्यवस्था गरिएको छ ।

---

४५ प्रीति रसाईलीसँग प्रत्यक्ष भेटी गरिएको अन्तर्वार्ता, सुर्खेत जिल्ला, २०७७ फागुन १५ गते ।

४६ Women in Informal Employment: Globalizing and Organizing, "Domestic Workers, Risk and Social Protection in Nepal", October 2020, https://www.wiego.org/sites/default/files/publications/file/WIEGO_PolicyBrief_N20_Nepal%20for%20Web.pdf मा हेरिएको ।

४७ नेपालको संविधान, २०७२, धारा ३४ (२) ।

४८ नेपालको संविधान, २०७२, धारा ३४ (२) ।

## तालिका ५

## नेपालको श्रम ऐन, २०७४ अनुसार श्रमिकको सुविधा र सामाजिक सुरक्षा सम्बन्धी प्रमुख व्यवस्था

| सामाजिक सुरक्षा वा सुविधाका प्रकार | दफा | कानुनी व्यवस्था |
|---|---|---|
| वार्षिक तलब वृद्धि (ग्रेड) पाउने : | ३६ | एक वर्षको सेवा अवधि पूरा गरेको श्रमिकले प्रत्येक वर्ष वार्षिक तलब वृद्धि (ग्रेड) पाउनेछ । |
| चार्डपर्व खर्च पाउने | ३७ (१) र (३) | प्रत्येक श्रमिकले खाईपाई आएको एक महिनाको आधारभूत पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउनेछ । |
| बिदा | ४० | साप्ताहिक बिदा : श्रमिकले प्रत्येक हप्ता एक दिन साप्ताहिक बिदा पाउनेछ । |
| | ४१ (१) | सार्वजनिक बिदा : प्रत्येक श्रमिकले प्रत्येक वर्ष तेह्रदिन तथा महिला श्रमिकले चौध दिन पारिश्रमिक सहितको सार्वजनिक बिदा पाउनेछ । |
| | ४२ (१) | सट्टा बिदा : रोक्न नहुने वा लगातार गर्नु पर्ने काममा संलग्न श्रमिकले साप्ताहिक बिदा वा सार्वजनिक बिदाको दिन काम गरेवापत सट्टा बिदा पाउनेछ । |
| | ४३ (१) र (२) | श्रमिकले काम गरेको अवधिको बीसदिनको एकदिनको दरले पारिश्रमिक सहितको घर बिदा पाउनेछ । |
| | ४४ (१) | बिरामी बिदा : श्रमिकले वार्षिक बाह्रदिन पारिश्रमिक सहितको बिरामी बिदा पाउनेछ । |
| | ४५ (१) | प्रसूति बिदा : गर्भवती महिला श्रमिकले प्रसूतिको अघि वा पछि चौध हप्ताको प्रसूति बिदा पाउनेछ । |

| | | |
|---|---|---|
| | ४८ (१) | किरिया बिदा : आफ्नो कूल धर्म अनुसार श्रमिक आफैले किरिया बस्नु पर्ने भएमा त्यस्तो श्रमिकले तेह्र दिन किरिया बिदा पाउनेछ । |
| सञ्चित बिदाको रकम भुक्तानी पाउने । | ४९ (१) अनुसार ४९ (३) | उल्लिखित अवधिभन्दा बढी बिदा सञ्चित हुने श्रमिकले प्रत्येक वर्षको अन्त्यमा त्यस्तो बढी अवधिको बिदाको निजको आधारभूत पारिश्रमिकको दरले हुन आउने रकम पाउनेछ । |
| सञ्चय कोष | ५२ (१) र (२) | रोजगारदाताले प्रत्येक श्रमिकको आधारभूत पारिश्रमिकबाट दश प्रतिशत रकम कट्टा गरी सो रकममा शतप्रतिशत रकम थप गरी सम्बन्धित श्रमिकले काम प्रारम्भ गरेको दिनदेखि नै लागू हुने गरी सञ्चय कोष बापतको रकम जम्मा गर्नु पर्नेछ । |
| उपदान | ५३ (१) र (२) | रोजगारदाताले प्रत्येक श्रमिकको आधारभूत पारिश्रमिकको आठ दशमलव तेत्तीस प्रतिशत बराबरको रकम सम्बन्धित श्रमिकले काम शुरु गरेको दिनदेखि नै लागू हुने गरी प्रत्येक महिना उपदान बापत जम्मा गर्नु पर्नेछ । |
| औषधि उपचार बीमा | ५४ (१) | रोजगारदाताले प्रत्येक श्रमिकको कम्तीमा वार्षिक एक लाख रूपैयाँ बराबरको औषधि उपचार बीमा गराउनु पर्नेछ । |
| दुर्घटना बीमा | ५५ (१) | रोजगारदाताले प्रत्येक श्रमिकको जुनसुकै प्रकारको दुर्घटनालाई समेट्ने गरी कम्तीमा सात लाख रूपैयाँ बराबरको दुर्घटना बीमा गराउनु पर्नेछ । |

श्रमिकहरूको सामाजिक सुरक्षा सुनिश्चित गर्नका लागि कानुन[४९] कार्यान्वयनमा आए पनि अत्यधिक ठूलो संख्याका श्रमिकहरू[५०] सामाजिक सुरक्षाबाट बाहिर रहेका छन् । योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ अनुसार सामाजिक सुरक्षाको रकम श्रमिक र रोजगारदाताले संयुक्त रूपमा योगदान गर्दछन् जसमा श्रमिकले आफ्नो सुरु तलवको ११ प्रतिशत र रोजगारदाताले २० प्रतिशत लगानी गर्दछन् ।[५१] सामाजिक सुरक्षा अन्तर्गत औषधी उपचार तथा स्वास्थ्य सुरक्षा, मातृत्व सुरक्षा, दुर्घटना सुरक्षा, अशक्तता सुरक्षा, वृद्ध अवस्था सुरक्षा, आश्रित परिवार सुरक्षा र बेरोजगार सहायता जस्ता योजनाहरू रहेका छन् ।[५२] रोजगारीमा रहेकाहरू र रोजगारी गुमेकाहरूको सामाजिक सुरक्षा गर्ने उद्देश्यले नेपाल सरकारले "नयाँ युगको सुरुआत" भन्ने नाराका साथ यो योजनाको सुरुआत २०७५ मंसिर ११ गते गरेको थियो । यदि प्रभावकारी तवरले कार्यान्वयन गरिएको हुन्थ्यो भने श्रमिकहरूको सामाजिक सुरक्षा सुनिश्चित गर्न र नेपालको संविधानले प्रत्याभूत गरे बमोजिमको सामाजिक सुरक्षाको हकसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न यो योजना एक स्वागतयोग्य कदम हुनेथियो । तर अत्यधिक ठूलो संख्याका श्रमिकहरूलाई यो योजनाले अझै पनि समेट्न सकेको पाईंदैन । २०७८ वैशाख मसान्तसम्म यस योजनामा सूचीकृत भएका श्रमिकहरूको संख्या केवल २ लाख ३ हजार ७०३ जना र रोजगारदाताको संख्या १३ हजार ८५२ मात्रै थियो ।[५३] सूचीकृत सो संख्या नेपालमा नेपालका कूल ९ लाख २३ हजार ३५६ रोजगारदाता र तिनमा कार्यरत ३२ लाख श्रमिकको

---

४९ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ समेत ।

५० नेपाल श्रमशक्ति सर्वेक्षणले केवल १५.४ प्रतिशत श्रमिकहरू मात्र सामाजिक सुरक्षा योजनाले समेटिएका छन् ।

५१ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा ७ बमोजिम

५२ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १० बमोजिम

५३ Social Security Fund, "List of enterprises and contributors affiliated so far to Social Security fund and the payment of claim', १९ मे २०२१ मा https://ssf.gov.np/np मा हेरिएको ।

ज्यादै न्यून हिस्सा मात्र हो ।[५४] यसले औपचारिक क्षेत्रमै कार्यरत उल्लेख्य संख्याका श्रमिकहरू अझै पनि यस योजनामा समेटिन नसकेको देखिन्छ जुन कुरा यस अध्ययनका क्रममा पनि देखिएको थियो । अध्ययनका क्रममा अन्तर्वार्ता गरिएका औपचारिक क्षेत्रमा कार्यरत ३२ जना श्रमिकहरूमध्ये केवल १३ जना (४०.६२ प्रतिशत) श्रमिकहरूले मात्र आफू सामाजिक सुरक्षा कोषको योजनामा आवद्ध भएको बताएका थिए । अन्तर्राष्ट्रिय श्रम संगठनको अध्ययनले देखाएको एक तथ्य यस अवस्थासँग मिल्दोजुल्दो देखिन्छ, जसअनुसार पर्यटन क्षेत्रका एक-तिहाई श्रमिकहरू अनौपचारिक रोजगारीमा रहेका र उनीहरू महामारीको बेला कुनै सुरक्षा योजना र आम्दानीको सम्भावनाको बाहिर रहेका पाइएको थियो ।[५५]

> मैले त्यो सहकारी संस्थामा डेढ वर्षअघि काम गर्न सुरु गरेको थिएँ र २०७६ चैतसम्म काम गरेँ । मेरो मासिक तलव १४ हजार रूपैयाँ थियो । मलाई सञ्चयकोष दिइँदैनथ्यो, न त मेरो रोजगारदाताले मेरो बीमा नै गरिदिएको थियो । म कार्यरत रहेको सहकारीले कुनै तलबी बिदा दिँदैनथ्यो र काममा जान नसकेको दिनको मेरो तलव काट्दथ्यो । तर केही कर्मचारीहरूलाई भने ती सबै सुविधा दिइन्थ्यो ।
>
> - जुली महतो (नाम परिवर्तन), प्रदेश २[५६]

नेपालको सामाजिक सुरक्षा ऐनले मूलतः औपचारिक क्षेत्रलाई जोड दिएको छ र त्यसरी डिजाइन गरिएको छ, जसमा कोषमा गरिने योगदान श्रमिक र

५४ Central Bureau of Statistics, "National Economic Census 2018", July 2019 https://nada.cbs.gov.np/index.php/catalog/92 मा हेरिएको ।

५५ International Labour Organization, "COVID-19 labour market impact in Nepal" Briefing Note, 21 May 2020 https://www.ilo.org/kathmandu/whatwedo/publications/WCMS_745439/lang--en/index.htm मा उपलब्ध ।

५६ जुली महतोसँग प्रत्यक्ष भेट गरी गरिएको अन्तर्वार्ता, सिराहा जिल्ला, २०७७ चैत ११ गते ।

रोजगारदाताले संयुक्त रूपमा गरिने व्यवस्था छ ।[५७] यद्यपि अनौपचारिक रोजगारीमा रहेका वा स्वरोजगार श्रमिकहरूलाई समेट्ने व्यवस्था पनि यस कानुनले गरेको छ ।[५८] तर अनौपचारिक रोजगारीमा रहेका श्रमिकहरूलाई योजनाले अझै समेट्न थालनी भएको छैन ।[५९] यसले गर्दा ती श्रमिकहरूको रोजगारी गुमेमा आधारभूत आवश्यकता पनि पूरा गर्न नसक्ने जोखिममा रहेको देखिन्छ । यस सन्दर्भमा अन्तर्राष्ट्रिय श्रम संगठनले निचोड निकालेको छ, *"अनौपचारिक रोजगारीमा रहेका श्रमिकहरू सामाजिक सुरक्षा लगायतका औपचारिक रोजगारीमा पाइने सुविधाहरूबाट वञ्चित छन् । यदि आर्थिक संकट, बिरामी वा क्वारेन्टाइन आदिका कारण उनीहरूको काम रोकिएमा राज्यका तर्फबाट उनीहरूले कुनै सुरक्षा प्राप्त गर्न सक्दैनन् ।"*[६०]

कोरोना महामारीका कारण व्यवसाय र रोजगारीका क्षेत्र प्रभावित भएपछि सामाजिक सुरक्षा योजनामा आवद्ध भएका श्रमिक र रोजगारदाताले योगदान गर्नु पर्ने आर्थिक वर्ष २०७६/७७ को अन्तिम तीन महिनाको रकम नेपाल सरकारले भुक्तानी गरिदियो ।[६१] सरकारले त्यसरी रकम तिरीदिएका श्रमिकहरू औपचारिक रोजगारी भएकाहरू थिए र उनीहरूको महामारीको कारण रोजगारी गुमेको पनि थिएन । तर महामारीका कारण रोजगारी गुमेका लगायत अनौपचारिक रोजगारीमा रहेका श्रमिकहरूलाई भने सरकारले कुनै सहयोग उपलब्ध गराएन जबकी यी श्रमिकहरू आफ्ना आधारभूत आवश्यकता पूरा गर्न नै कठिनाईको

---

५७ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४, दफा ४ (१)

५८ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४, दफा ५ (१) ।

५९ सामाजिक सुरक्षा कोषका प्रवक्ता विवेक पन्थीसँग टेलिफोनमा गरिएको कुराकानी, २०७८ जेठ ९ गते ।

६० International Labour Organization, "COVID-19 labour market impact in Nepal," Briefing Note, May 21, 2020 https://www.ilo.org/kathmandu/whatwedo/publications/WCMS_745439/lang--en/index.htm मा उपलब्ध ।

६१ अर्थ मन्त्रालय, "आर्थिक सर्वेक्षण २०७७/७८", जेठ २०७८, https://www.mof.gov.np/site/publication-detail/2615 मा उपलब्ध ।

सामना गरिरहेका थिए । यसले श्रमिकहरूको रोजगारीको प्रकृतिको आधारमा उनीहरूमाथि सरकारले विभेदकारी व्यवहार गरेको देखाउँदछ ।

## २. नेपालमा महामारी र लकडाउन

नेपालमा २०७६ माघ ९ गते पहिलो व्यक्तिमा कोभिड-१९ संक्रमणको पुष्टि भएको थियो, जो चीनको वुहानबाट स्वदेश फर्किएका ३२ वर्षिय पुरुष थिए ।[62] तर दोस्रो व्यक्तिमा त्यसको दुई महिनापछि चैत ९ गते आएर मात्र संक्रमण भएको प्रमाणित भएको थियो । कोभिड-१९ संक्रमितको पहिलो मृत्यु २०७७ जेठ ३ गते भएको थियो ।[63] २०७८ साल जेठ ६ सम्म नेपालमा कम्तिमा पनि ४ लाख ८८ हजार ६४५ जना यस भाइरसबाट संक्रमित भएका थिए भने ५,८४७ जना संक्रमितको मृत्यु भैसकेको थियो (तालिका ६)।[६४]

**तालिका ६**

**नेपालमा २०७८ जेठ ६ सम्म कोभिड-१९ संक्रमण पुष्टि र मृत्यु भएकाहरूको संख्या**

| सि.नं. | प्रदेश | कोभिड-१९ संक्रमित | | | कोभिड-१९ संक्रमित भई मृत्यु भएकाहरू |
|---|---|---|---|---|---|
| | | Male<br>पुरुष | Female<br>महिला | Total<br>जम्मा | |

---

६२ Ministry of Health and Population, "Health Sector Emergency Response Plan COVID-19 Pandemic," May 2020 https://www.who.int/docs/default-source/nepal-documents/novel-coronavirus/health-sector-emergency-response-plan-covid-19-endorsed-may-2020.pdf मा हेरिएको ।

६३ Ministry of Health and Population, "Situation Report 98," May 17, 2020 https://covid19.mohp.gov.np/covid/englishSituationReport/SitRep98_COVID-19_16-05-2020_EN.pdf मा हेरिएको ।

६४ Ministry of Health and Population, "Situation Report 466," May 20, 2021, https://covid19.mohp.gov.np/covid/englishSituationReport/60a64e7d8b822_SitRep466_COVID-19_20-05-2021_EN.pdf मा हेरिएको ।

| | | | | | |
|---|---|---|---|---|---|
| १. | प्रदेश १ | २९,९१० | १८,७१६ | ४८,६२६ | |
| २. | प्रदेश २ | २६,०१९ | ७,५३७ | ३३,५५६ | |
| ३. | वाग्मती | १,५१,६०० | १,०७,०१९ | २,५८,६१९ | |
| ४. | गण्डकी | २०,८३४ | १२,४७२ | ३३,३०६ | **५,८४७** |
| ५. | लुम्बिनी | ४५,१३४ | २७,४३६ | ७२,५७० | |
| ६. | कर्णाली | ९,४५५ | ४,६२२ | १४,०७७ | |
| ७. | सुदूर पश्चिम | १९,५४८ | ८,३४३ | २७,८९१ | |
| | **जम्मा** | **३,०२,५००** | **१,८६,१४५** | **४,८८,६४५** | **५,८४७** |

*स्रोत: स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल ।*

दोस्रो व्यक्तिमा संक्रमण पुष्टि भए लगत्तै संक्रमण नियन्त्रणका लागि नेपाल सरकारले २०७६ चैत ११ गतेदेखि[६५] लागू हुने गरी देशव्यापी लकडाउन घोषणा गर्दै मानिसहरूको आवागमन लगायत अत्यावश्यक बाहेकका[६६] सबै सेवा तथा क्रियाकलाप निषेध गऱ्यो । लकडाउनको म्याद पटक-पटक थपियो र २०७७ असोजको मध्यसम्ममा त्यसको कार्यान्वयन फरक-फरक मोडालिटीले गरियो । ( तालिका ७)

६५ नेपाल सरकार, “मन्त्रिपरिषद्को मिति २०७६ चैत ९ को वैठकको निर्णयहरू”, निर्णय नं. ३१, https://www.opmcm.gov.np/cabinet-decision/ मा हेरिएको ।

६६ नेपाल राजपत्र (२०७६ असोज २७ को अंकमा प्रकाशित http://rajpatra.dop.gov.np/welcome/book?ref=23832 मा उपलब्ध) अनुसार अस्पताल, बैंक, फोहोर संकलन, विद्युत सेवा र दैनिक उपभोगका सामग्री लगायतका १९ प्रकारका सेवालाई “अत्यावश्यक सेवा” मानिएको छ ।

## तालिका ७

## लकडाउनको प्रमुख समयक्रम र मोडालिटी

| **मिति** | **लकडाउनको मोडालिटी** |
|---|---|
| २०७६ चैत ११ | मानिसहरूको आवागमन लगायत अत्यावश्यक बाहेकका सबै सेवा तथा क्रियाकलाप निषेध सहितको देशव्यापी लकडाउन |
| २०७७ वैशाख २४ | स्वास्थ्य मापदण्ड पालना गर्ने शर्तमा केही उद्योग व्यवसाय आंशिक रूपमा सञ्चालन गर्न अनुमति |
| २०७७ जेठ २८ | उद्योग, व्यवसाय, डिपार्टमेन्टल स्टोर, पसल, यातायात र मानिसहरूको आवागमन, निर्माण र रेस्टुरेण्टहरूको टेक-अवे सेवा सुचारु गर्न अनुमति |
| २०७७ असार १ | सवारी साधनहरू (सार्वजनिक बाहेक) जोरविजोर प्रणालीका आधारमा तथा गैरसरकारी र नीजि क्षेत्रका कार्यालयहरू दुई सिफ्टमा सञ्चालन गर्न अनुमति |
| २०७७ साउन ७ | देशव्यापी लकडाउन खुला |
| २०७७ साउन १५ | होटल तथा रेष्टुरेन्ट (भोजभतेर र सामूहिक जमघट बाहेक), ट्रेकिङ्ग, ट्राभल र माउण्टिनरीङ्ग व्यवसाय खुला |

| | |
|---|---|
| २०७७ साउन तेस्रो हप्ता | विभिन्न १५ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूद्वारा ती जिल्लामा कोभिड-१९ को संक्रमण थप फैलन नदिने उद्देश्यले निषेधाज्ञा जारी |
| २०७७ भदौ १ | सार्वजनिक सवारी साधन, आन्तरिक हवाई उडान र अन्य विभिन्न सेवा तथा क्रियाकलाप गर्न खुला । |
| २०७७ भदौ १ | कोरोना भाइरसको संक्रमण नियन्त्रणका लागि सम्बन्धित जिल्लाहरूमा आवश्यकता अनुसार लकडाउन र निषेधाज्ञासम्म गर्न सक्नेगरी संघीय सरकारद्वारा प्रमुख जिल्ला अधिकारीहरूलाई अधिकार प्रत्यायोजन |
| २०७७ भदौ ४ | काठमाडौँ, ललितपुर र भक्तपुरका प्रमुख जिल्ला अधिकारीहरूद्वारा २०७७ भदौ १० सम्मका लागि पुनः लकडाउनको घोषणा । पटक पटक म्याद थप गर्दै सो लकडाउन २०७७ भदौ मसान्तसम्म निरन्तर |
| २०७७ भदौ २४ | काठमाडौँ, ललितपुर र भक्तपुरका प्रमुख जिल्ला अधिकारीहरूद्वारा पसलहरू तोकिएको समयमा खोल्ने गरी र सवारीसाधनहरू जोरविजोर प्रणालीमा सञ्चालन गर्ने गरी लकडाउन खुकुलो बनाउने निर्णय । अन्य जिल्लामा पनि धेरैजसो पावन्दीहरू हटाई जारी लकडाउन खुकुलो । |
| २०७७ असोज १ | प्रमुख जिल्ला अधिकारीहरूद्वारा जारी लकडाउन अन्तर्गत प्रायः सबैजसो (ठूलो संख्यामा मानिसहरू जम्माभई गरिने सभासम्मेलन वा पार्टी भोजभतेर वाहेक) पावन्दीहरू हटाइएको । |

*स्रोतः नेपाल सरकारका विभिन्न मितिका निर्णयहरूका आधारमा प्रतिवेदन लेखकले तयार गरेको तालिका*

नेपाल सरकारले २०७७ वैशाख २४ गतेदेखि स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने गरी निश्चित[६७] व्यवसाय र सेवाक्षेत्रलाई आंशिक रूपमा पुनःसञ्चालन अनुमति दिने निर्णय[६८] गऱ्यो। संक्रमणको दर घटेसँगै २०७७ जेठ २८ र असार १ देखि क्रमशः पसलहरू आंशिक रूपमा खोल्न र सवारी साधनहरू जोरविजोर प्रणालीमा सञ्चालन गर्ने गरी लकडाउन थप खुकुलो पारियो।[६९] यो मोडालिटीको लकडाउन २०७७ साउन ६ गतेसम्म कायम रह्यो र त्यसपछि देशव्यापी लकडाउन खुला गरियो।[७०]

यद्यपि लकडाउन हटाइएसँगै काठमाडौं उपत्यका र देशका विभिन्न जिल्लाहरूमा कोरोना संकमणको दर तीव्र गतिले बढ्न सुरु गऱ्यो। त्यसपछि सरकारले प्रमुख जिल्ला अधिकारीहरूलाई सम्बन्धित जिल्लामा आवश्यकता अनुसार लकडाउन गर्ने वा निषेधाज्ञासम्म जारी गर्ने अधिकार प्रत्यायोजन गऱ्यो।[७१] सो अधिकारको प्रयोग गर्दै कतिपय जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले सम्बन्धित जिल्लामा पुनः लकडाउन गरे।[७२] काठमाडौं, ललितपुर र भक्तपुरका प्रमुख जिल्ला

---

६७ औषधी तथा स्वास्थ्य सामग्रीको बिक्री तथा वितरण, खाद्य सामग्रीको उत्पादन, बिक्री तथा वितरण, कृषि तथा पशुपन्छीजन्य सामग्री, औद्योगिक सामग्रीको उत्पाद, बिक्री तथा वितरण, विकास निर्माणका परियोजना सञ्चालनका लागि आवश्यक पर्ने सामग्री, ढुंगा, गिटी, बालुवा लगायतका निर्माण सामग्री लगायतका वस्तु तथा सेवाको उत्पादन, वितरण समाविष्ट।

६८ नेपाल सरकार, मन्त्रिपरिषद्को २०७७ वैशाख २४ गतेको बैठकको निर्णय नं. ४, https://www.opmcm.gov.np/cabinet-decision/?wpdmc=cabinet-decision मा हेरिएको।

६९ नेपाल सरकार, मन्त्रिपरिषद्को २०७७ जेठ २८ गतेको बैठकको निर्णय नं. २५, https://www.opmcm.gov.np/cabinet-decision/?wpdmc=cabinet-decision मा हेरिएको।

७० नेपाल सरकार, मन्त्रिपरिषद्को २०७७ साउन ५ गतेको बैठकको निर्णय नं. ४२, https://www.opmcm.gov.np/cabinet-decision/?wpdmc=cabinet-decision मा हेरिएको।

७१ नेपाल सरकार, मन्त्रिपरिषद्को २०७७ भदौ १ गतेको बैठकको निर्णय नं. २१, https://www.opmcm.gov.np/cabinet-decision/?wpdmc=cabinet-decision मा हेरिएको।

७२ The Himalayan Times, "Prohibitory order in 15 districts to curb COVID", August 6, 2020, https://thehimalayantimes.com/nepal/prohibitory-order-in-15-districts-to-curb-covid-19-spread मा हेरिएको।

अधिकारीहरूले ती जिल्लामा २०७७ भदौ ४ गतेदेखि पुनः पूर्ण लकडाउन गरे[७३] र सो लकडाउन २०७७ असोज १ गतेसम्म निरन्तर रह्यो । भदौ अन्तिम हप्ताबाट खुकुलो बनाउँदै लगिएको लकडाउन असोजको पहिलो हप्ताबाट देशव्यापी रूपमा नै हटाइयो[७४] र त्यसपछि २०७८ वैशाखमा पुनः नयाँ लकडाउन[७५] गर्नुअघि थप लकडाउन भएन । लकडाउन खुकुलो पारेपछि वा हटाइएपछि पनि मानिसहरूको गतिशीलता उल्लेख्य मात्रामा न्युन नै रह्यो । अक्टोवर २०२० मा विश्व बैंकद्वारा प्रकाशित एक प्रतिवेदनमा नेपालमा मानिसको गतिशीलतामा ४० प्रतिशतले ह्रास आएको उल्लेख थियो ।[७६]

---

७३ District Administration Office, Kathmandu, "Order issued by the Chief District Officer of Kathmandu", August 18, 2020, https://daokathmandu.moha.gov.np/public/upload/1402a3666bab255e6a3f07937faf522f/files/suchana(2).pdf मा हेरिएको ।

७४ District Administration Office, Kathmandu, "Order issued by the Chief District Officer of Kathmandu", September 9, 2020, https://daokathmandu.moha.gov.np/public/upload/1402a3666bab255e6a3f07937faf522f/files/s1(2).pdf मा हेरिएको ।

७५ कोरोना महामारीको नयाँ लहर डरलाग्दो हिसावले देखिएपछि त्यसको नियन्त्रणका लागि नेपाल सरकारले २०७८ वैशाख ७ गते प्रमुख जिल्ला अधिकारीहरूलाई आवश्यकता अनुसार निषेधाज्ञा तथा लकडाउनसम्म गर्न सक्नेगरी अधिकार प्रत्यायोजन गर्‍यो । बाँके जिल्ला प्रशासन कार्यालयले त्यसको पर्सीपल्ट २०७८ वैशाख ९ गतेबाट निषेधाज्ञा जारी गरेसँगै २०७७ असोजपछि पुनः लकडाउनको क्रम सुरु भयो । यो प्रतिवेदन लेखिँदासम्म नेपालका कुल ७७ जिल्लामध्ये ७५ जिल्लामा लकडाउन जारी थियो र २०७८ वैशाखमा नेपालमा कोभिड-१९ परीक्षण गरिएका मानिसहरूमध्ये संक्रमितको दर औसत ५० प्रतिशतसम्म पुगेको थियो, जुन त्यसबेलाको विश्वको सर्वाधिक उच्च संक्रमण दरको रेकर्ड थियो ।

७६ The world Bank, "South Asia Economic Focus: Beaten or Broken?", October 8, 2020, https://openknowledge.worldbank.org/bitstream/handle/10986/34517/9781464816406.pdf मा हेरिएको ।

## ३. महामारीको प्रभाव सम्बोधनका प्रयासहरू

महामारीबाट प्रभावित भएका श्रमिकहरूको रोजगारी, सामाजिक सुरक्षा र सहायताका लागि नेपाल सरकार र व्यवसायहरूले विभिन्न नीति तथा कार्यक्रमहरूको घोषणा गरे ।

## ३.१ कोभिड-१९ को कारण प्रभावित क्षेत्रहरूको लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रीपरिषद्को निर्णय कार्यान्वयन कार्ययोजना, २०७६

लकडाउनका कारण अति प्रभावित हुने श्रमिक तथा निम्न वर्गीय व्यक्तिको दैनिक जीवनयापनलाई सहज बनाउन नेपाल सरकारले २०७६ चैत १६ गते तत्काल राहतका कार्यक्रमहरू स्वीकृत गऱ्यो । त्यस निर्णयको कार्यान्वयनका लागि सरकारले "कोभिड-१९ को कारण प्रभावित क्षेत्रहरूको लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रीपरिषद्को निर्णय कार्यान्वयन कार्ययोजना, २०७६" पनि पारित गऱ्यो । कार्ययोजनाको केही प्रमुख कार्यक्रमहरू निम्न बमोजिम रहेका थिए ।

**(क) असङ्गठित क्षेत्रका दैनिक ज्यालादारी श्रमिक मजदुरका सम्बन्धमा**

- कोभिड-१९ बाट सुरक्षित रहन आह्वान गरिएको लकडाउनको अवधिभरका लागि राहत दिनुपर्ने व्यक्ति तथा परिवार पहिचान गरी लगत तयार गर्ने ।
- लकडाउनको अवधिभरका लागि दैनिक खाद्य आवश्यकतालाई पुग्ने गरी राहत उपलब्ध गराउने ।
- गैरसरकारी क्षेत्र वा व्यक्ति वा सामाजिक संघसंस्थाले स्थानीय तहसँगको समन्वयमा स्थानीय तहले तोकेको क्षेत्रमा राहत उपलब्ध गराउने ।
- राहत उपलब्ध गराउन सबै स्थानीयतहको चालु आर्थिक वर्षको स्वीकृत बजेटबाट रकमान्तर गरी कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोष खडा गर्ने ।

- लकडाउनको अवधिमा गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति, वृद्धाश्रममा रहेका वृद्धवृद्धा, बालगृहमा रहेका बालबालिको लागि आवश्यकतानुसार खाद्यान्न लगायतका अन्य थप व्यवस्था गर्ने ।
- राहत सुविधा लिने व्यक्ति/परिवारको नामठेगानासहितको विवरण सार्वजनिक गरी त्यसको अद्यावधिक विवरण संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा पठाउने ।

**(ख) औपचारिक क्षेत्रमा काम गर्ने मजदुरहरूका सम्बन्धमा**

- औपचारिक क्षेत्रमा काम गर्ने मजदुरहरूलाई नियमित रूपमा पारीश्रमिक उपलब्ध गराउने ।
- पूर्ण रूपमा बन्द भएका पर्यटन क्षेत्रसँग सम्बन्धित प्रतिष्ठानहरूले आफ्ना दैनिक वा महिनावारी ज्यालादारीमा कार्यरत कर्मचारीहरूका लागि २०७६ चैत महिनाको पारीश्रमिक पूर्ववत भुक्तानी गर्ने ।
- व्यवसाय सञ्चालन नभएसम्मका लागि श्रमिकलाई पूर्ववत नियमित ज्याला भुक्तानी गर्न प्रतिष्ठानस्तरको कल्याणकारी कोषका प्रयोग गर्ने ।
- सामाजिक सुरक्षा कोषमा आवद्ध भएका प्रतिष्ठानमा कार्यरत तथा रोजगारदाताहरूको तर्फबाट २०७६ चैत महिनामा जम्मा गर्नुपर्ने रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने ।

**(ग) स्वास्थ्य, शिक्षा सेवा र घरबहालका क्षेत्रमा**

- निजी विद्यालयले माध्यमिक तहसम्मको एक महिनाको शुल्क मध्ये आवास शुल्क वाहेक अन्य सबै प्रकारको शुल्क छुट दिने व्यवस्था गर्ने ।
- असंगठित क्षेत्रमा काम गर्ने श्रमिकहरूलाई घरभाडामा लगाउने घरधनीले ती श्रमिकहरूबाट प्राप्त गर्ने घरबहाल रकममध्ये एक महिनाको घरभाडा मिनाहा गर्न आह्वान गर्ने ।

- घरभाडामा लगाउने सबै घरधनीहरूलाई साविकमा घरबहालमा बसेका व्यक्तिहरूलाई यस अवधिमा घरबहालबाट निकाल्न नपाउने गरी नेपाल सरकार मन्त्रिपरिषद्ले संक्रामक रोग नियन्त्रण ऐन, २०२० बमोजिम जारी गरेको आदेश कार्यान्वयन गराउने ।
- मिनाहा गरिएको घरभाडामा भुक्तानी गर्नुपर्ने घरबहाल कर नलिने व्यवस्था मिलाउने ।

**(घ) बैंकिङ्ग, बीमा तथा धितोपत्रका सम्बन्धमा**

बैंक तथा विदेशी विनिमयतर्फ

- विद्यमान पुनर्कर्जा कोषलाई तत्काल रु. ६० अर्ब बनाउने ।
- पुनर्कर्जा कोषलाई कोभिड-१९ बाट बढी प्रभावित क्षेत्रमा परिचालन गराउने व्यवस्था मिलाउने ।
- बैंक तथा वित्तीय संस्थाका कोरोना प्रभावित ऋणीले २०७६ चैत मसान्तमा तिर्नुपर्ने सावाँ तथा व्याजको भुक्तानी गर्नुपर्ने अवधि २०७७ असार मसान्त कायम गर्ने ।
- सबै बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाका कोरोना प्रभावित ऋणीले २०७६ चैत महिनामा बुझाउनु पर्ने मासिक व्याज वा मासिक हुन आउने व्याज रकममा आधार दरभन्दा कम नहुने गरी १० प्रतिशत छुट दिने व्यवस्था मिलाउने ।
- वैदेशिक रोजगारमा जाने अनुमति लिई जान नपाएका व्यक्तिले संक्रमणको जोखिम समाप्त भएपछि सहुलियतपूर्ण कर्जा लिई उद्योग व्यवसाय सञ्चालन गर्न चाहेमा निवेदन दिएको सात दिनभित्र सहुलियत कर्जा उपलब्ध हुने व्यवस्था मिलाउने ।

**(ङ) अन्य नीतिगत सुधारहरू:**

- वैदेशिक रोजगारमा जान श्रम स्वीकृति लिएका तर कोभिड-१९ का कारणले वैदेशिक रोजगारीमा जान नपाएका र वैदेशिक रोजगारबाट

| |
|---|
| फर्किएका नेपाली नागरिकको जिल्लागत विवरण स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमा सूचीकृत गरी प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध गर्ने ।<br>• व्यवसायिक क्षेत्रलाई कोभिड-१९ को कारण परेको प्रभावलाई मध्यनजर राखी निजी क्षेत्रको मनोबल उच्च पार्न र व्यवसायिक वातावरणलाई पुनः सुचारु गर्न नेपाल सरकारले थप आवश्यक व्यवस्था गर्दै जाने । |

*स्रोतः "कोभिड-१९ को कारण प्रभावित क्षेत्रहरूको लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रीपरिषद्को निर्णय कार्यान्वयन कार्ययोजना, २०७६" का आधारमा लेखकले तयार गरेको तालिका*

## ३.२ संघीय सरकारबाट राहत, सहुलियत र आर्थिक पुनरुत्थान सहयोग

आर्थिक सर्वेक्षण २०७७/७८[७७] ले कोभिड-१९ प्रभावित व्यक्ति तथा व्यवसायलाई नेपाल सरकारले विभिन्न प्रकारका राहत र सहायता प्रदान गरेको उल्लेख गरेको छ ।

- वार्षिक २० लाखसम्मको कारोवार वा दुईलाखसम्म आय हुने करतादातालाई आय वर्ष २०७६/७७ मा लाग्ने आयकरमा ७५ प्रतिशत छुटको व्यवस्था गरिएकोमा ४ लाख ४८ हजार ७ सय ५३ करदाताले रु. १ अर्ब ५२ करोड ३८ लाख कर छुट सुविधा प्राप्त गरे ।

- वार्षिक २० लाखदेखि ५० लाखसम्मको कारोवार भएका कारोवारको आधारमा कर बुझाउने करदातालाई आयवर्ष २०७६/७७ मा लाग्ने करमा ५० प्रतिशत आयकर छुटको व्यवस्था गरिएकोमा जम्मा २० हजार ६० करदातले रु. २१ करोड १८ लाख कर छुट सुविधा प्राप्त गरे ।

- वार्षिक १ करोडसम्मको व्यवसायिक कारोवार भएका करदातालाई आयवर्ष २०७६/७७ मा लाग्ने आयकरमा २५ प्रतिशत छुटको व्यवस्था गरिएकोमा

७७ अर्थ मन्त्रालय, "आर्थिक सर्वेक्षण २०७७/७८", जेठ २०७८, https://www.mof.gov.np/site/publication-detail/2615 मा उपलब्ध ।

५१ हजार २ सय ४३ करदाताले ४० करोड ४३ लाख कर छुट सुविधा प्राप्त गरे ।

- होटल, ट्राभल, ट्रेकिङ्ग, यातायात वा हवाई सेवाको १ करोड रूपैयाँ भन्दा बढी वार्षिक कारोवार भएका करदातालाई आयवर्ष २०७६/७७ मा लाग्ने आयकरमा २० छुटको व्यवस्था गरिएकोमा २ सय ८३ करदाताले रु. ५ करोड ६३ लाख कर छुट सुविधा प्राप्त गरे ।

- लघुउद्यमलाई आयकर छुटको अवधि दुईवर्ष थप गरी सात वर्ष र महिला उद्यमीद्वारा सञ्चालित लघुउद्यमलाई तीनवर्ष थप गरी दशवर्ष पुऱ्याइएको छ ।

- लघु, घरेलु तथा साना उद्योग, कृषि, पशुपन्छी पालन, पशु उपचार र मास्क बनाउने उद्योगले पैठारी गर्ने मेसिनरी तथा कच्चा पदार्थ एवम् कृषि फार्म तथा कम्पनीले पैठारी गर्ने कृषि यन्त्र, उपकरण तथा धान, मकै, गहुँ, तरकारीको बीउ पैठारी गर्दा लाग्ने भन्सार महसुल छुट दिइयो ।

- "व्यवसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७" स्वीकृत भई कार्यान्वयनमा आएको छ । कोभिड-१९ बाट प्रभावित घरेलु, साना तथा मझौला उद्यम एवम् पर्यटन व्यवसायका श्रमिक र कर्मचारीको पारीश्रमिक भुक्तानी तथा व्यवसाय सञ्चालनमा निरन्तरताको लागि २०७७ फागुनसम्म बैंक तथा बित्तीय संस्थाबाट रु. २० करोड ८८ लाख व्यवासायिक निरन्तरता कर्जा प्रवाह गरियो ।

- कोभिड-१९ प्रभावित उद्योग व्यवसायको पुनरुत्थानमा सहयोग पुऱ्याउन सहुलियत दरमा प्रदान गरिने पुनरकर्जा प्रवाह विस्तार गर्ने गरी "नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७" जारी गरिएको छ । उक्त कार्यविधि बमोजिम २०७७ फागुनसम्म ४८ हजार ८ सय ३१ ऋणीको कुल रु. १ खर्ब ४२ अर्ब १७ करोड पुनरकर्जा स्वीकृत भएको छ भने सोही अवधिमा रु. ८८ अर्ब ८६ करोड पुनरकर्जा लगानीमा रहेको थियो ।

- कोभिड-१९ महामारीबाट प्रभावित सामाजिक सुरक्षा कोषमा आवद्ध भएका प्रतिष्ठानमा कार्यरत श्रमिकको आर्थिक वर्ष २०७६/७७ को अन्तिम ४ महिनाको श्रमिक तथा रोजगारदाताको तर्फबाट जम्मा गर्नुपर्ने योगदान रकम रु. १ अर्ब ३ करोड २४ लाख ६ हजार नेपाल सरकारले सामाजिक सुरक्षा कोषमा जम्मा गर्‍यो ।

- कोभिड-१९ को असरलाई कम गर्न पर्यटन क्षेत्र पुनरुत्थान विशेष कार्यक्रम अन्तर्गत विनियोजित रकम रु. २० करोड शिथिल पर्यटन व्यवसाय तथा पर्यटन उपजहरूको विकास, रोजगारी सिर्जना र पर्यटन प्रवर्द्धनमा उपयोग गरियो ।

## ३.३ निजी व्यवसायका प्रयासहरू

लकडाउनको अवधिमा श्रमिकहरूको पारीश्रमिक भुक्तानी लगायतका विषयमा रोजगारदाताहरूले ट्रेड युनियनहरूसँग द्विपक्षीय सम्झौता गरे ।[७८] त्यसरी भएका प्रमुख सम्झौताहरू निम्न बमोजिम थिए:

- उद्योग प्रतिष्ठानले २०७६ चैत महिनाको पारीश्रमिक भुक्तानीको हकमा लकडाउन अवधि समेतका लागि साविक बमोजिम पूरा पारीश्रमिक भुक्तानी गर्ने । श्रमिकको पारिश्रमिकबारे नेपाल सरकारको निर्णयको सन्दर्भमा २०७७ वैशाख महिनाको लागि श्रमिकको ५० प्रतिशत पारीश्रमिक भुक्तानी गरी फरफारक गर्ने र २०७७ जेठ महिनाको हकमा लकडाउनको कारण काममा उपस्थित हुन नसकेका श्रमिकलाई पाउने पारीश्रमिकको ५० प्रतिशत मात्र भुक्तानी गर्ने ।

- उद्योग व्यवसायको प्रकृति फरक-फरक हुने भएकोले व्यवासयको प्रकृति र अवस्था अनुसार उद्योग प्रतिष्ठानको सहज सञ्चालन, लकडाउन अवधिको

---

७८ "लकडाउन अवधिको श्रमिकको पारीश्रमिक भुक्तानी लगायतका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्न नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल घरेलु तथा साना उद्योग महासंघ लगायतका रोजगारदाता संस्था र संयुक्त ट्रेड युनियन समन्वय केन्द्र आवद्ध ट्रेड युनियन महासंघहरूबीच भएको द्विपक्षीय सहमति", २०७७ साउन १३ ।

पारीश्रमिक भुक्तानी र श्रमिकहरूलाई आलोपालो गरी काममा लगाउने लगायतका विषयमा सम्बन्धित वस्तुगत संघ र सो क्षेत्रसँग सम्बन्धित उद्योग/प्रतिष्ठानका रोजगारदाता र प्रतिष्ठानस्तरका ट्रेड युनियनहरूले पनि आपसी छलफल गरी सहमति गर्न सक्ने ।

- लकडाउन अन्त्य भई उद्योग व्यवसाय सञ्चालन हुन थालेकाले काममा आउने श्रमिकलाई पारीश्रमिक भुक्तानी गर्ने तर आंशिक रूपमा उद्योग व्यवसाय सञ्चालन गर्नुपर्ने भई केही श्रमिकलाई मात्र काममा लगाउन सकिने अवस्था भएमा सबै कर्मचारीहरूको रोजगारी सुनिश्चितताको लागि उद्योग प्रतिष्ठानले श्रमिक संख्या यकिन गरेर श्रमिकहरूलाई कार्य सिफ्ट तोकी आलोपालो (Rotation wise) काममा लगाउन सकिनेछ । सबै श्रमिकहरूलाई समानुपातिक ढंगबाट काम लगाई श्रमिकले काम गरेको अनुपातमा पारीश्रमिक भुक्तानी गरिनेछ ।

# ४. राष्ट्रिय अर्थतन्त्र र व्यवसायमा प्रभाव

## ४.१ राष्ट्रिय अर्थतन्त्रमा प्रभाव

पछिल्ला वर्षहरूमा नेपालमा उल्लेख्य आर्थिक विकास भएको देखिन्छ र महामारीभन्दा तीनवर्ष अगाडिको अवधिमा कूल ग्राहस्थ उत्पादन (जीडीपी) ७.३ प्रतिशतले[७९] वृद्धि भएको थियो । सन् २०१९ मा नेपालको मानव विकास सूचकाङ्क (एच.डी.आई.)[८०] ०.५८७ पुग्यो, जसले नेपाललाई मानव विकासमा मध्यम श्रेणीका देशको सूचीमा पुऱ्याएको थियो ।[८१] आर्थिक वर्ष २०७३/७४ मा गरिबीको

---

७९ अर्थ मन्त्रालय, “आर्थिक सर्वेक्षण २०७६/७७” २०७७ जेठ, https://mof.gov.np/site/publication-detail/2174

८० जसलाई दीर्घ तथा स्वस्थ जीवन, शिक्षामा पहुँच र सुविधाजनक जीवीकोपार्जन गरी तीन प्रकारका दीर्घकालीन मानव विकासका आयामहरूका आधारमा मापन गरिएको थियो ।

८१ United Nations Development Program, "Human Development Report 2020 https://nepal.un.org/sites/default/files/2020-12/UNDP-NP-NHDR-2020.pdf मा हेरिएको ।

रेखामुनि रहेका जनसंख्याको अनुपात २१.६० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा आइपुग्दा १८.७० प्रतिशतमा झरेको थियो ।[८२] त्यस्तै सन् २०११ मा नेपालका बहुआयामिक गरिवहरूको अनुपात ३९ प्रतिशत रहेकोमा सन् २०१४ मा २८.६० प्रतिशतमा झरेको थियो ।[८३] विकास नीति सम्बन्धी संयुक्त राष्ट्रसंघीय समितिले फेब्रुवरी २०२१ मा नेपाललाई कम विकसित देश (एलडीसी) बाट त्यसभन्दा माथिल्लो दर्जाका देशहरूको सूचीमा रहने गरी सिफारिस गरेको छ ।[८४]

कोभिड-१९ को प्रतिकार्यमा ठूलो स्रोत लगानी गर्नु परेको र मानिसहरूको गतिशीलतामा आएको तीब्र गिरावट समेतबाट आर्थिक क्षेत्रमा परेको प्रभावका कारण कोभिड-१९ को जारी संकटले नेपालको अर्थतन्त्रमा ठूलो नकारात्मक प्रभाव पार्‍यो । नेपाल सरकारको केन्द्रीय तथ्याङ्क विभागले नेपालको आर्थिक वृद्धिदरमा १.९९ प्रतिशतले गिरावट आउने अनुमान गरेको थियो ।[८५] लकडाउन खुला गरिएपछि आर्थिक गतिविधि पुनः सुचारु हुन सुरु गरे पनि मानिसहरूको गतिशीलतामा उल्लेख्य मात्रामा कमी नै रहेको कारण आर्थिक क्षेत्रमा उच्च नकारात्मक प्रभाव कायमै रह्यो । अक्टोवर २०२० मा विश्व बैंकले नेपालको कूल ग्राहस्थ उत्पादन सन् २०२० मा ०.२ प्रतिशतमा झर्ने र सन् २०२१ मा

---

८२ Government of Nepal, National Planning Commission, "The Fifteenth Plan (Fiscal Year 2019/20 – 2023/24)", March 2020, https://npc.gov.np/images/category/15th_plan_English_Version.pdf मा हेरिएको ।

८३ National Planning Commission, "Nepal Multidimensional Poverty Index, Analysis Towards Action", 2018, https://www.npc.gov.np/images/category/Nepal_MPI.pdf मा हेरिएको ।

८४ Ministry of Foreign Affairs, "Press Release on CDP's Recommends for Nepal's Graduation for the LDC Category," February 26, 2021. https://mofa.gov.np/press-release-on-cdp-recommends-for-nepals-graduation-from-the-ldc-category/ मा हेरिएको ।

८५ केन्द्रीय तथ्याङ्क विभाग, "राष्ट्रिय लेखा तथ्याङ्कको पाँचौ आधारवर्ष परिवर्तन", २०७७ फागुन २० ।

पनि केवल ०.६ प्रतिशतले मात्रै वृद्धि हुने अनुमान गऱ्यो ।[८६] केन्द्रीय तथ्याङ्क विभागले पनि आर्थिक २०७६/७७ को चौथो त्रैमासिकमा अघिल्लो आर्थिक वर्षको सोही त्रैमासिकको तुलनामा अर्थतन्त्र १५.४ प्रतिशतले खुम्चिने र आर्थिक वर्ष २०७७/७८ को पहिलो त्रैमासिकमा समेत आर्थिक वृद्धिदर ४.६ प्रतिशतले ऋणात्मक हुने अनुमान गऱ्यो ।[८७]

नेपालमा ठूला आर्थिक संकटका घटनाहरू हुँदा गरिबी र बेरोजगारी बढ्ने गरेको छ । उदाहरणका लागि वि.सं. २०७२ सालको भूकम्पका कारण कम्तिमा पनि ७ लाख नेपालीहरू गरिबीमा धकलिएका थिए ।[८८]

## ४.२ व्यवसायमा परेको प्रभाव

महामारी र लकडाउनले औपचारिक र अनौपचारिक दुवै क्षेत्रमा नकारात्मक प्रभावहरू पाऱ्यो । जारी संकटका कारण कयौँ व्यवसाय बन्द हुन पुगे भने अन्य कयौंले त्यसअघि कहिल्यै नभोगेको घाटा व्यहोर्नु पऱ्यो । लकडाउन अवधि र त्यसपछि पनि औद्योगिक वृद्धि र तिनको क्षमतामा उल्लेख्य संकुचन भयो । विश्व बैंकको सन् २०२० अक्टोबरको एक प्रतिवेदनले नेपालको औद्योगिक वृद्धिमा ह्रास भएको र श्रमिक तथा उत्पादन सामग्रीको अभवाका कारण उद्योगहरूको क्षमता ८० बाट ४६ प्रतिशतमा घटेको उल्लेख गरेको थियो ।[८९] विश्व बैंकको सो

---

८६ The world Bank, "South Asia Economic Focus: Beaten or Broken?", October 8, 2020, https://openknowledge.worldbank.org/bitstream/handle/10986/34517/9781464816406.pdf मा हेरिएको ।

८७ केन्द्रीय तथ्याङ्क विभाग, “राष्ट्रिय लेखा तथ्याङ्कको पाँचौ आधारवर्ष परिवर्तन”, २०७७ फागुन २० ।

८८ National Planning Commission, "Nepal Earthquake 2015: Post Disaster Need Assessment" (Vol.B: Sector Report), 2015, https://www.npc.gov.np/images/category/PDNA_volume_BFinalVersion.pdf मा हेरिएको ।

८९ The world Bank, "South Asia Economic Focus: Beaten or Broken?", October 8, 2020,

प्रतिवेदन अनुसार बजारको पहुँच तथा श्रमिकहरूको आवागमन घटेको कारण कृषि क्षेत्रको वृद्धिदरमा पनि तीब्र गिरावट आएको थियो ।

अध्ययनटोलीले निजी व्यवसाय र तिनका संघका प्रतिनिधिहरूसँग प्रत्यक्ष भेट गरी कुराकानी गरेको थियो । ती प्रतिनिधिहरूबाट उद्योग व्यवासयमा परेको प्रभावका बारेमा प्राथमिक जानकारीहरू प्राप्त भएको थियो । उदाहरणका लागि, नेपाल उद्योग परिसंघ (सीएनआई) का मकवानपुनर जिल्ला शाखाका प्रतिनिधिहरूले हेटौंडा औद्योगिक क्षेत्रमा रहेका लगायत धेरैजसो उद्योगले 'डरलाग्दो' (डिभास्टेटिङ्ग) प्रभावको सामना गर्नु परेको र देशव्यापी लकडाउन पश्चात्को आठ महिना पछिसम्म पनि जिल्लाका उद्योगहरू समग्रमा झण्डै ३० प्रतिशत कम क्षमतामा सञ्चालन भैरहेको बताए ।[९०] मकवानपुर जिल्लाका उद्योग वाणिज्य संघका प्रतिनिधिहरूका अनुसार अन्य क्षेत्रको तुलनामा होटल, रेस्टुरेन्ट र यातायात क्षेत्र  सबैभन्दा बढी प्रभावित भएको र ती क्षेत्रका केवल १० प्रतिशत व्यवसाय मात्र पूर्ण रूपमा सञ्चालनमा आएको र बाँकी व्यवसाय या त आंशिक क्षमतामा मात्र सञ्चालन भएका वा या बन्द गरिएका थिए ।[९१]

नेपालको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंकले २०७७ मंसिरमा गरेको कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी प्रथम पुनरावृत्ति सर्वेक्षण अनुसार लकडाउन खुला गरिए पश्चात् पनि विभिन्न आर्थिक क्षेत्रको उत्पादन र कारोवार महामारी अघिको अवस्थाको उत्पादन र कारोवारको केवल ५३.९५ प्रतिशतसम्म मात्र

---

https://openknowledge.worldbank.org/bitstream/handle/10986/34517/9781464816406.pdf मा हेरिएको ।

९० उद्योग परिसंघ मकवानपुर जिल्ला कार्यसमितिका अध्यक्ष र उपाध्यक्षसँग प्रत्यक्ष भेटघाट गरी गरिएको अन्तर्वार्ता, हेटौँडा, मकवानपुर, २०७७ फागुन २ गते ।

९१ मकवान उद्योग वाणिज्य संघका अध्यक्षसँग प्रत्यक्ष भेटघाट गरी गरिएको अन्तर्वार्ता, हेटौँडा, मकवानपुर, २०७७ फागुन २ गते ।

पुगेको थियो ।[९२] त्यसैगरी, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मंसिर २०७७ मा गरेको एक अर्को अध्ययनमा ८९.१९ प्रतिशत उद्योग व्यवसायहरू आंशिक रूपमामा मात्र सञ्चालन हुन सकेको, ५४ प्रतिशत उद्योगहरूको ५० प्रतिशतले उत्पादन क्षमतामा ह्रास आएको र १०.८१ प्रतिशत उद्योग व्यवसायहरू पूर्ण रूपमा बन्द भएका थिए ।[९३]

## ४.३ सर्वाधिक प्रभावित व्यवसायहरू

केही अपवाद[९४] बाहेक नेपालका सबै व्यवसायमा महामारी र लकडाउनले नकारात्मक प्रभाव पार्‍यो । ती मध्ये अतिथि सत्कार र मनोरञ्जन, यात्रुवाहक यातायात र घरेलु श्रमजस्ता क्षेत्रहरूमा सर्वाधिक नकारात्मक प्रभाव पार्‍यो । त्यस्तै ठूला उद्योगको तुलनामा लघु, साना तथा मझौला उद्योगहरू र औपचारिक क्षेत्रको तुलनामा अनौपचारिक क्षेत्र बढी प्रभावित भए ।

**(अ) लघु, साना र मझौला उद्योगहरू:** लकडाउन र महामारीले लघु, साना र मझौला उद्योगहरू सर्वाधिक प्रभावित भए र त्यो क्रम लकडाउन हटेपछि निरन्तर नै रह्यो । २०७७ पौषमा प्रकाशित नेपाल राष्ट्र बैंकको पुनरावृत्ति सर्वेक्षण प्रतिवेदनले लघु, साना र मझौला उद्योगहरू लकडाउन खुला गरिएको महिनौँपछि पनि क्रमशः ५१.५५ प्रतिशत, ३८.७३ प्रतिशत र ४८.९८ प्रतिशत क्षमतामा

---

९२ नेपाल राष्ट्र बैंक, "कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी प्रथम पुनरावृत्ति (Follow-up) सर्वेक्षण", २०७७ मंसिर, https://www.nrb.org.np/contents/uploads/2021/01/Follow-up-Survey-Report-on-Impact-of-COVID-19-in-Nepalese-Economy.pdf मा हेरिएको ।

९३ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, "कोभिड-१९ ले उद्योग क्षेत्रमा पारेको प्रभावः संक्षिप्त अध्ययन", २०७७ माघ, http://moics.gov.np/public/index.php/np/detailNotice/impact-of-covid-19-on-the-industrial-sector मा २०७८ वैशाख ३० गते हेरिएको ।

९४ उदाहरणका लागि केन्द्रीय तथ्याङ्क विभागको २०७७ फागुन २० को "राष्ट्रिय लेखा तथ्याङ्कको पाँचौ आधारवर्ष परिवर्तन" शीर्षकको विज्ञप्ति अनुसार विद्युत र ग्याँस क्षेत्रको व्यवसाय २५.६ प्रतिशतले र मानव स्वास्थ्य सम्बन्धी क्षेत्रको व्यवसायमा ५.२ प्रतिशतले वृद्धि भएको थियो ।

मात्र सञ्चालित भएका थिए ।[९५] त्यस्तै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रतिवेदनले पनि ८७.५ प्रतिशत साना उद्योगहरूको उत्पादनमै प्रत्यक्ष असर परेको र तीमध्ये ७५ प्रतिशत उद्योगहरूलाई आवश्यक कच्चा पदार्थ प्राप्त गर्नमा कठिन भएको र ८७.५ प्रतिशतलाई श्रमिकहरूको परिचालन तथा उत्पादनको बजारीकरणमा असर परेको थियो ।[९६]

### (आ) अनौपचारिक र स्वरोजगार क्षेत्र

विश्व बैंकको सर्वेक्षण अनुसार नेपालको ५० प्रतिशत भन्दा बढी उद्योगको हिस्सा अनौपचारिक व्यवसायले ओगटेको छ र अधिकांश श्रमिकशक्तिको आम्दानीको मुख्य स्रोत अनौपचारिक क्षेत्र नै हो ।[९७] ग्रामीण भन्दा शहरी भेगको अनौपचारिक र घरायसी कामकागजको क्षेत्र बढी जोखिममा परे । अन्तर्राष्ट्रिय श्रम संगठनले कोभिड-१९ महामारीका कारण आर्थिक उत्पादन घटेर जोखिम (मध्यमदेखि उच्च तहको) सामना गरिरहेका क्षेत्रमा मात्रै ३७ लाख श्रमिकहरू आफ्नो जीवीकोपार्जनका लागि निर्भर रहने गरेको अनुमान गरेको थियो ।[९८]

---

९५ नेपाल राष्ट्र बैंक, “कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी प्रथम पुनरावृत्ति (Follow-up) सर्वेक्षण”, २०७७ मंसिर, https://www.nrb.org.np/contents/uploads/2021/01/Follow-up-Survey-Report-on-Impact-of-COVID-19-in-Nepalese-Economy.pdf मा हेरिएको ।

९६ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, “कोभिड-१९ ले उद्योग क्षेत्रमा पारेको प्रभाव: संक्षिप्त अध्ययन”, २०७७ माघ, http://moics.gov.np/public/index.php/np/detailNotice/impact-of-covid-19-on-the-industrial-sector मा २०७८ वैशाख ३० गते हेरिएको ।

९७ The world Bank, "South Asia Economic Focus: Beaten or Broken?", October 8, 2020, https://openknowledge.worldbank.org/bitstream/handle/10986/34517/9781464816406.pdf मा हेरिएको ।

९८ International Labour Organization, "COVID-19 labour market impact in Nepal" Briefing Note, May 21, 2020

स्वरोजगारहरूले सञ्चालन गरेका क्षेत्रहरू पनि उच्च रूपमा प्रभावित भएको पाइयो । यस्ता अनौपचारिक क्षेत्रको उद्योगहरू खासगरी न्युन लगानीको क्षमता भएका व्यक्तिहरूको सीमित लगानीमा सञ्चालित हुने गर्दछ । लकडाउन र त्यसपछि ती उद्योगका सञ्चालकहरू या त घरमै बस्नु पऱ्यो या त उनीहरूको कुनै व्यापार व्यवसाय भएन, जसका कारण भाडा, बिजुली, पानी, श्रमिक/कर्मचारीको तलव, आयकर र ऋणको व्याज तिर्न समेत उनीहरूलाई मुश्किल पऱ्यो । २०७७ फागुनमा केन्द्रीय तथ्याङ्क विभागले यातायात तथा भण्डारण क्षेत्र १३.४ प्रतिशत, थोक तथा खुद्रा व्यापार १०.७ प्रतिशत, औद्योगिक उत्पादन ९.१ प्रतिशत र निर्माण क्षेत्र ५.६ प्रतिशतले खुम्चिने अनुमान गऱ्यो ।[९९]

### (इ) पर्यटन

पर्यटन क्षेत्र नेपालको आम्दानी र रोजगारीको एक महत्वपूर्ण स्रोत हो । अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार यस क्षेत्रले ५ लाख ७३ हजार (कुल रोजगारहरूमध्ये ८ प्रतिशत) लाई रोजगारी दिएको छ ।[१००] तर अन्तर्राष्ट्रिय उडान तथा पर्यटकको आगमनमा रोकावट र लकडाउनको कारण होटल, रेस्टुरेन्ट, ट्राभल र ट्रेकिङ्गको क्षेत्रमा लकडाउन अवधिभर र त्यसपछि पनि व्यापक असर पऱ्यो ।

केन्द्रीय तथ्याङ्क विभागका अनुसार कोभिड-१९ को आर्थिक वर्ष २०७७/७८ मा सर्वाधिक असर आवास तथा भोजन सेवामा परेको र सो क्षेत्र २५.७ प्रतिशतले

---

https://www.ilo.org/kathmandu/whatwedo/publications/WCMS_745439/lang--en/index.htm मा हेरिएको ।

९९ केन्द्रीय तथ्याङ्क विभाग, “राष्ट्रिय लेखा तथ्याङ्कको पाँचौ आधारवर्ष परिवर्तन”, २०७७ फागुन २० ।

१०० International Labour Organization, "COVID-19 labour market impact in Nepal" Briefing Note, May 21, 2020 https://www.ilo.org/kathmandu/whatwedo/publications/WCMS_745439/lang--en/index.htm मा हेरिएको ।

खुम्चिएको थियो ।[१०१] संघीय सरकारको आर्थिक वर्ष २०७७/७८ का आर्थिक सर्वेक्षणले पनि सन् २०१९ को तुलनामा विदेशी पर्यटकहरूको आवागमनमा ८०.८ प्रतिशतले गिरावट भएको र पर्यटन क्षेत्रमा महामारीको सबैभन्दा बढी प्रभाव परेको पाइएको उल्लेख गरेको छ ।[१०२]

लकडाउनले पर्यटन क्षेत्रमा परेको प्रभाव यसको अवधि पश्चात् पनि निरन्तर रहेको देखियो । लकडाउन खुला गरिएको चार महिना पछि नेपाल राष्ट्र बैंकले गरेको पुनरावृत्ति सर्वेक्षणले केवल २९.७० प्रतिशत होटल तथा रेस्टुरेन्ट लकडाउन अघिको क्षमतामा सञ्चालन भएका, ४६.५३ प्रतिशत आंशिक रूपमा र २३.७६ प्रतिशत त्यतिबेलासम्म पनि सञ्चालनमै आउन नसकेको देखाएको थियो ।[१०३]

### (ई) यातायात क्षेत्र

सार्वजनिक यातायात २०७६ चैत ११ देखि २०७७ साउन ६ सम्म पूर्ण रूपमा बन्द रहे र साउन ७ देखि नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालना गर्ने गरी जोरविजोर प्रणालीको आधारमा खुला गरियो । तर फेरि संक्रमणदर बढे लगत्तै २०७७ भदौ ४ देखि यात्रुवाहक सवारीसाधनको सञ्चालनमा पुनः रोक लगाइयो, जुन भदौ २४ सम्म कायम रह्यो र भदौ २५ देखि पुनः जोरविजोर प्रणालीमा सञ्चालन हुन सुरु गर्‍यो । यद्यपि मानिसहरूको आवागमनमा कमी आएको कारण सवारी साधनहरू महामारीपूर्वको जत्तिकै पूर्ण मात्रामा सञ्चालन हुन सकेनन् । नेपाल इन्स्टिच्युट फर अर्वान एण्ड रिजनल स्टडिजद्वारा मार्च २०२१ मा प्रकाशित एक प्रतिवेदनले काठमाडौंमा महामारीपूर्वको अनुपातमा

---

१०१ केन्द्रीय तथ्याङ्क विभाग, “राष्ट्रिय लेखा तथ्याङ्कको पाँचौ आधारवर्ष परिवर्तन”, २०७७ फागुन २० ।

१०२ अर्थ मन्त्रालय, “आर्थिक सर्वेक्षण २०७७/७८”, जेठ २०७८, https://www.mof.gov.np/site/publication-detail/2615 मा उपलब्ध ।

१०३ नेपाल राष्ट्र बैंक, “कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी प्रथम पुनरावृत्ति (Follow-up) सर्वेक्षण”, २०७७ मंसिर, https://www.nrb.org.np/contents/uploads/2021/01/Follow-up-Survey-Report-on-Impact-of-COVID-19-in-Nepalese-Economy.pdf मा उपलब्ध ।

केवल ५५ प्रतिशत मात्र यातायात सञ्चालन भएको र ३७ प्रतिशत यात्रुहरूले मात्र सार्वजनिक सवारीका साधन प्रयोग गर्ने गरेको देखाएको छ ।[१०४]

सार्वजनिक यातायात, खासगरी यात्रुवाहक क्षेत्रका, ले दुई पटकको पूर्ण लकडाउन र जोरविजोर प्रणालीका कारण यसअघि कहिल्यै भोग्नु नपरेको मात्रामा घाटा व्यहोर्नु पर्‍यो । उनीहरूको दैनिक आम्दानी नराम्ररी प्रभावित भयो । नेपाल इन्स्टिच्युट फर अर्वान एण्ड रिजनल स्टडिजको सर्वेक्षण अनुसार सार्वजनिक बसहरूले झण्डै ३० प्रतिशत, ट्याक्सी र माइक्रोबसहरूले ४२ प्रतिशत र टेम्पोहरूले ३६ प्रतिशत घाटा व्यहोर्नु परेको थियो । त्यसका अलावा यातायात कम्पनी र सवारीसाधनका मालिकहरूमाथि ऋण भुक्तानीको ठूलो दबाब परेको थियो । सार्वजनिक यातायातका सवारी साधनका मालिकहरूले अध्ययनटोलीलाई सवारी साधन सञ्चालन गर्न नपाउँदा वा आंशिक सञ्चालन मात्रै हुँदा तिनको इञ्जिन र अन्य पाटपुर्जामा गम्भीर असर र क्षति पुगी मर्मत तथा सम्भार खर्चको बोझ उल्लेख्य मात्रामा बढेको बताए ।

### (उ) निजी शिक्षा क्षेत्र

नेपाल श्रमशक्ति सर्वेक्षण प्रतिवेदन अनुसार नेपालमा कुल रोजगारीमा रहेका कुल श्रमशक्ति (७० लाख ८६ हजार जना) मध्ये ७.९ प्रतिशत (५ लाख ५८ हजार जना) शिक्षा क्षेत्रमा कार्यरत रहेका छन् । धेरैजसो यी शैक्षिक संस्थाका सञ्चालकहरूले ती शैक्षिक संस्थाको स्थापना र तिनको क्षमता अभिवृद्धि वा भौतिक संरचनाको विस्तारका लागि ऋण लिने गर्दछन् । तलव भत्ता तथा शैक्षिक क्रियाकलाप लगायतका सञ्चालन खर्च धान्ने एउटैमात्र आम्दानीको स्रोत भनेकै विद्यार्थीहरूबाट लिइने शुल्क हो । तर महामारीका कारण अभिभावकहरूको

---

१०४ Pokharel, J.C. et al (2021) Evaluating the economic impact and infection control measures of COVID-19 in the public transport sector in Nepal. Nepal Institute for Urban and Regional Studies. Kathmandu, http://transport-links.com/download/evaluating-the-economic-impact-and-infection-control-measures-of-covid-19-in-the-public-transport-sector-in-nepal-final-report/ मा हेरिएको ।

रोजगारी गुमेको वा शैक्षिकसत्र सुरु हुनुभन्दा ठीक अगाडि लकडाउन सुरु भएका जस्ता कारणले गर्दा धेरैजसो शैक्षिक संस्थाले शुल्क उठाउन सकेनन् ।[१०५] त्यसैले कतिपय शैक्षिक संस्थाले तिनको सञ्चालन खर्च वा सम्भावित घाटा कम गर्नका लागि पारीश्रमिक वा टिचिङ्ग र नन्-टिचिङ्ग कर्मचारीहरू कटौती गर्ने लगायतका रणनीति अपनाए। हुन त उल्लेख्य मात्रामा शुल्क लिएका केही शैक्षिक संस्थाहरूले पनि महामारीको बेलामा भुक्तानी वा कर्मचारी कटौती गरेको पाइयो ।

## (ऊ) घरेलु काम

अनुमानित २ लाख ५० हजार श्रमिकहरू घरको सरसफाई, लुगा धुने र बालबच्चा तथा वृद्धवृद्धाको स्याहारसुसार गर्ने जस्ता घरेलु काममा संलग्न भएको र त्यसको अधिकांश संख्या शहरी भेगमा कार्यरत रहेको अनुमान गरिएको छ ।[१०६] अधिकांश ती श्रमिकहरू, जसमध्ये धेरैजसो महिला र बालिकाहरू छन्, आर्थिक तथा सामाजिक रूपमा पछि पारिएकाहरू र आन्तरिक आप्रवासीहरू छन् । आफ्नो परिवारको जीवीकोपार्जनका लागि अन्य कुनै विकल्प नभेटेपछि ती श्रमिकहरूले घरेलु काम गर्ने विकल्प अपाउने गर्दछन् ।

लकडाउनका कारण मानिसहरूको आवागमनमा रोक लागेका कारण घरेलु श्रमिकहरूलाई काममा लगाउने रोजगारदाताहरू पनि घरमै बस्नु पर्‍यो र त्यसले गर्दा घरेलु श्रमिकले गर्ने काममा उल्लेख्य कमी आयो । केही रोजगारदाताको महामारीका कारण आफ्नै रोजगारी वा आम्दानीमा नकारात्मक प्रभाव परेका कारण घरेलु श्रमिकहरूलाई हटाए । त्यस्तै रोजगारदाताले कोभिड-१९ भाइरस

१०५ शैक्षिक क्षेत्रलाई प्रतिनिधित्व गर्नुहुने ट्रेड युनियन अभियन्ता भरत ढकालसँग टेलिफोनमा गरिएको कुराकानी, २०७८ असार १८ गते ।

१०६ The world Bank, "South Asia Economic Focus: Beaten or Broken?", October 8, 2020, https://openknowledge.worldbank.org/bitstream/handle/10986/34517/9781464816406.pdf मा हेरिएको ।

सर्ने डरका कारणले पनि घरेलु श्रमिकलाई काममा नआउन भने । परिणाम स्वरूप रोजगारीको यो क्षेत्र पनि उल्लेख्य रूपमा प्रभावित भयो ।

## ५. श्रमिक र तिनको परिवारमा परेको प्रभाव

कम विकसीत राष्ट्रको सूचीमा सूचीकृत नेपालको वृहत् आर्थिक विकासका सूचकहरूमा पछिल्ला वर्षहरूमा उल्लेख्य सुधार भएको थियो । तर सन् २०२० मा वहुआयामिक गरिबहरूको अनुपात २८.६ प्रतिशत रह्यो र मानव विकासको सूचीमा नेपाल १८९ देश/भूभागमध्ये १४२औँ स्थानमा रह्यो । नेपालको संविधानले हरेक नागरिकको रोजगारीको हक सुनिश्चित गरेको भए पनि काम गर्ने उमेर पुगेका जनसंख्याको केवल एक तिहाइले मात्रै नेपालमा आंशिक वा पूर्ण रोजगारी पाएका छन् । रोजगारी पाएकैहरूले पनि तिनको मासिक खर्च धान्नका लागि आवश्यक पर्ने भन्दा कम मात्रै आम्दानी गर्न सक्दन् । सामाजिक सुरक्षा योजनामा नसमेटिएका श्रमिकहरूको यदि कुनै कारण रोजगारी गुमेमा आफू र आफ्नो परिवारको आधारभूत आवश्यकता समेत पूर्ति गर्न नसक्ने जोखिममा पर्दछन् । कुनै आर्थिक संकट आइपरेसँगै नेपालमा गरिवी र बेरोजगारी बढ्ने गरेका विगतका उदाहरणहरू छन् । बेरोजगारहरू वा रोजगारी गुमेकाहरूले सामान्य बेलामा समेत रोजगारी पाउन निकै कठिनाई भोग्नु पर्ने हुन्थ्यो र राष्ट्रिय अर्थतन्त्रमा संकट आउने बित्तिकै उनीहरूको त्यो कठिनाई अझ जटिल हुने गर्दथ्यो ।

कोभिड-१९ संकट र लकडाउनका कारण खासगरी लघु, साना तथा मझौला उद्योगमा कार्यरत तथा सामाजिक सुरक्षा र अन्य सुरक्षा योजनाले नसमेटिएका अनौपचारिक रोजगारीमा कार्यरत लाखौं नेपाली श्रमिकहरूको रोजगारी र आम्दानी गुम्यो । अन्तर्राष्ट्रिय श्रम संगठनले कोभिड-१९ महामारीका कारण आर्थिक उत्पादन घटेर जोखिम (मध्यमदेखि उच्च तहको) सामना गरिरहेका क्षेत्रमा मात्रै ३७ लाख श्रमिकहरू आफ्नो जीवीकोपार्जनका लागि निर्भर रहेको

अनुमान गरेको थियो ।[१०७] अनौपचारिक रोजगारीमा रहेका र दैनिक ज्यालादारी गर्ने श्रमिकहरूको विद्यमान कमजोर आर्थिक अवस्था र सामाजिक सुरक्षाकाबाट ती श्रमिकहरू संरक्षित नगरिएका कारण उनीहरूको जीवीकोपार्जन यसै चुनौतीपूर्ण रहेकोमा त्यसमाथि रोजगारी र आम्दानी गुम्दा उनीहरूको चुनौती अझ जटिल बनेर गयो ।[१०८] त्यसरी प्रभावितहरूमध्ये पनि महिला श्रमिकहरू पुरुषको भन्दा थप अप्ठ्यारोमा परेका छन् ।

महामारी प्रभावित श्रमिक र तिनका परिवारले जीवन सुरक्षा, पर्याप्त र उपयुक्त खाना तथा आवास, स्वास्थ्य र शिक्षा जस्ता गम्भीर चुनौतीहरू निरन्तर सामना गर्नु पर्‍यो । तीमध्ये धेरैजना ऋणबन्धक, बाध्यकारी श्रम र मानव बेचविखनसम्मको जोखिममा धकलिएका छन् । यी श्रमिकहरूमध्ये अधिकांशले गम्भीर चिन्ताको अवस्थाबाट गुज्रिनु पर्‍यो भने तीमध्ये कतिपयले मनोसामाजिक र मानसिक स्वास्थ्यको समस्या भोग्नु पर्‍यो ।

## ५.१ रोजगारी र आम्दानी गुम्नु

कोभिड-१९ महामारी र लकडाउनका कारण नेपालमा लाखौं श्रमिकको रोजगारी र आम्दानी गुम्यो । २०७७ जेठमा  अन्तर्राष्ट्रिय श्रम संगठनले महामारीका कारण पूर्ण रोजगारी गुम्ने र काम वा आम्दानी कटौती हुने समेत गरी नेपालमा १६ लाख देखि २० लाख रोजगारी अवरुद्ध हुने अनुमान गर्‍यो ।[१०९] संगठनले १३

१०७ International Labour Organization, "COVID-19 labour market impact in Nepal" Briefing Note, May 21, 2020 https://www.ilo.org/kathmandu/whatwedo/publications/WCMS_745439/lang--en/index.htm मा हेरिएको ।

१०८ Shradha Khadka, My Republica, "Plights of Nepali informal workers worsened by the pandemic", April 8, 2021, https://myrepublica.nagariknetwork.com/news/plights-of-nepali-informal-workers-worsened-by-the-pandemic/?categoryId=opinion मा हेरिएको ।

१०९ International Labour Organization, "COVID-19 labour market impact in Nepal", Briefing Note, May 21, 2020

लाख पुरुष श्रमिकको तुलनामा ६ लाख ३१ हजार महिला श्रमिक (सन् २०१८ को कुल श्रमशक्तिको २४.३ प्रतिशत) को रोजगारी बढी जोखिममा रहेको पनि बताएको थियो ।

२०७७ कार्तिकमा गरिएको नेपाल सरकारको एक अध्ययनले अनुसार कोभिड-१९ संकटका कारण नेपालमा कुल ७ लाख ८ हजार जनाको अस्थायी वा स्थायी रूपमा रोजगारी गुमेको देखाएको थियो ।[११०] प्रतिवेदन अनुसार यसका अलावा रोजगारी गुमेर २ लाख ५५ हजार नेपालीहरू स्वदेश फर्किएका र नेपालीहरूको श्रम गन्तव्य देशमा श्रमिक मागमा आएको गिरावटका कारण  अर्को ७५ हजार श्रमिकहरू वैदेशिक रोजगारीमा जान पाएका थिएनन् ।

लघु, साना तथा मझौला र अनौपचारिक क्षेत्र महामारीबाट बढी प्रभावित (तालिका ८) भएका कारण रोजगारी गुम्नेहरूमध्ये अधिकांश तिनै क्षेत्रमा काम गर्नेहरू थिए । अन्तर्राष्ट्रिय श्रम संगठनले २०७७ जेठमा गरेको एक अनुमान अनुसार निर्माण, उत्पादन र व्यापार क्षेत्रमा काम गर्ने पाँचमध्ये झण्डै चारजना रोजगारी गुम्ने जोखिममा रहेका थिए ।[१११] उच्च जोखिमको अवस्थाका हिसावले हेर्दा थोक तथा खुद्रा व्यवसायमा ७ लाख ८० हजार, उत्पादनमा ४ लाख ४६ हजार, निर्माणमा ४ लाख ४ हजार, यातायातमा २ लाख ११ हजार, आवास तथा खाना सम्बन्धी सेवा क्षेत्रमा ६२ हजार र अन्य सेवा, रियल स्टेट र प्रशासनिक क्षेत्रमा ८३ हजार श्रमिकको रोजगारी जोखिममा परेको उक्त संगठनले अनुमान

https://www.ilo.org/kathmandu/whatwedo/publications/WCMS_745439/lang--en/index.htm मा हेरिएको ।

११० Government of Nepal, National Planning commission, "The Effects of COVID-19 Pandemic on Foreign Employment and Its Impact on the Economy of Nepal," October 2020, https://npc.gov.np/images/category/The_Effect_of_COVID-19_Pandemic_on_Foreign_Employment,_and_its_Impact_on_the_Economy_of_Nepal_.pdf मा हेरिएको ।

१११ International Labour Organization, "COVID-19 labour market impact in Nepal" Briefing Note, May 21, 2020 https://www.ilo.org/kathmandu/whatwedo/publications/WCMS_745439/lang--en/index.htm मा हेरिएको ।

गरेको थियो । रोजगारी गुम्ने क्रमले लकडाउनभर मात्र सिमित नरहेर त्यसपछि पनि निरन्तरता पायो । उद्योग, वाणिज्य र आपूर्ति मन्त्रालयले २०७७ मंसिरमा गरेको एक सर्वेक्षणले लकडाउन पछि पनि औद्योगिक क्षेत्रका श्रमिकहरू रोजगारी विहीनताको अवस्थामा रहेको देखाएको थियो (तालिका ८) ।[११२]

**तालिका ८**

**उद्योगको आकारको हिसावले रोजगारी गुमेका श्रमिकहरू**

| **सि.नं.** | **उद्योगको साइज** | **रोजगारी गुमेका श्रमिकहरूको प्रतिशत** | |
|---|---|---|---|
| | | Male<br>पुरुष | Female<br>महिला |
| १. | लघु उद्योग | ६५ प्रतिशत | ७१ प्रतिशत |
| २. | साना उद्योग | ३८ प्रतिशत | ६३ प्रतिशत |
| 3.<br>३. | मझौला उद्योग | २५ प्रतिशत | ५० प्रतिशत |
| ४. | ठूला उद्योग | २५ प्रतिशत | ३८ प्रतिशत |

*स्रोत: उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रतिवेदन, २०७७ माघ ।*

सार्वजनिक यातायात, आवास तथा खाना सम्बन्धी सेवा, सैलुन तथा पार्लर लगायतका क्षेत्रका स्वरोजगारहरूको भने केवल रोजगारी मात्र गुमेको नभई उनीहरूले आफ्नो लगानी उठाउन पनि संघर्ष गर्नु परेको छ । पहिलो

११२ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, "कोभिड-१९ ले उद्योग क्षेत्रमा पारेको प्रभाव: संक्षिप्त अध्ययन", २०७७ माघ, http://moics.gov.np/public/index.php/np/detailNotice/impact-of-covid-19-on-the-industrial-sector मा हेरिएको ।

लकडाउनको समयमा २०७७ जेठमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) ले गरेको एक सर्वेक्षणले लकडाउनका कारण लघु तथा साना व्यवसायमा कार्यरत ६० प्रतिशत (पाँचजनामा तीनजना) को रोजगारी गुमेको र ती व्यवसायहरूको मासिक औसत आम्दानीमा ९५ प्रतिशतसम्म गिरावट आएको उल्लेख गरेको थियो ।[११३]

> *महेश ठाकुर (नाम परिवर्तन) २७ वर्ष अघि पोखरामा बसाई सरी आउनुभएको हो । उहाँले दुईवटा सैलुन सञ्चालन गर्दै आउनुभएको थियो जहाँ उहाँ आफै र अरु छ जनाको रोजगारी थियो । उहाँको मुख्य ग्राहक पर्यटकहरू हुन् र अन्य ग्राहक भने छिटपुट रूपमा आउने स्थानीयबासीहरू हुन् । एकातर्फ स्थानीय प्रशासनले लकडाउन अवधिभर र त्यसपछि अन्य क्षेत्रको लकडाउन हटाइसक्दा पनि सैलुनहरू पुनः सञ्चालनमा रोक लगाएको र अर्कोतर्फ लकडाउन पछिसम्म पनि पर्यटकहरूको आगमनमा कुनै वृद्धि हुन नसकेको कारण उहाँले सैलुनमा कार्यरत श्रमिकहरूको पारीश्रमिक भुक्तानी र दैनिक खर्च टार्न ठूलो चुनौति व्यहोर्नु पऱ्यो । उहाँले भन्नुभयो, "महामारी सुरु भएदेखि नै न त ग्राहक छन् न त आम्दानी नै । दुईवटा पसलको मासिक भाडा मात्रै ४० हजार रूपैयाँ छ र त्यसमाथि आफू बस्ने कोठाको मासिक १२ हजार तिर्नु पर्छ । एक वर्ष भयो ठ्याम्मै कमाई गर्न नसकेको । तर खर्च र भाडा भने उत्तिकै छँदैछ । तपाईं नै भन्नुहोस् यत्रा महिनासम्म कमाई नै नहुँदा म माथि कत्तिको ठूलो आर्थिक बोझ परेको होला । मैले रोजगारी दिएका नाईहरूलाई तलव दिन सक्ने अवस्था*

११३ United Nations Development Program Nepal, "Rapid Assessment of Socio Economic Impact of COVID-19 in Nepal", May 2020, https://www.np.undp.org/content/nepal/en/home/presscenter/articles/2020/Three-in-Five-employees-lost-their-jobs-due-to-COVID19-in-Nepal.html मा हेरिएको ।

*पनि भएन र उनीहरूलाई घर पठाइदिएँ । उनीहरू पनि दैनिक गुजारा गर्नमा ठूलो कठिनाई भोगिरहेका छन् ।"*[११४]

सर्वाधिक प्रभावित अर्को क्षेत्र यातायात हो । नेपाल यातायात व्यवासयी महासंघका अनुसार सार्वजनिक यातायातको क्षेत्रमा ११ लाख मजदुरहरू कार्यरत रहेका छन् ।[११५] अध्ययनहरूले लकडाउन र त्यसपछि पनि मानिसहरूको अवागमनमा आएको ह्रासका कारण यातायात सञ्चालन हुन नसक्दा त्यस क्षेत्रमा कार्यरत उल्लेख्य संख्याका श्रमिकहरूको रोजगारी गुमेको देखाएका छन् । नेपाल इन्स्टिच्युट फर अर्बान एण्ड रिजनल स्टडीजद्वारा मार्च २०२१ मा प्रकाशित एक अध्ययन प्रतिवेदनले २ लाख ११ जना यातायात मजदुरको रोजगारी गुमेको उल्लेख गरेको छ ।[११६] यस अध्ययनको टोलीले २०७७ चैतमा नेपाल यातायात मजदुर संघका गण्डकी प्रदेश समितिका अध्यक्षसँग प्रत्यक्ष भेट गरी कुराकानी गरेको थियो । उहाँका अनुसार त्यस महिनासम्म पनि केवल दुई तिहाई माइक्रोबसमात्र सञ्चालन गर्न सकिँदा तिनमा कार्यरत एकतिहाई स्वरोजगार मजदुरहरू काम विहीन हुन पुगेका थिए । सार्वजनिक सवारी साधनका स्वरोजगार वा गाडी मालिकहरूले प्रायः ऋण काढेरै सवारी साधन किनेका हुन्छन् । त्यसैले उनीहरूमाथि ऋण चुक्ता गर्ने ठूलो दवाव रहिरहन्छ । तर सवारी साधन सञ्चालन हुन नपाउँदा ती स्वरोजगार श्रमिकहरूको आम्दानी ठप्प हुन गयो, जसका कारण ऋण तिर्ने त परको कुरा उनीहरूको दैनिक खर्च धान्ने समेत उपाय भएन । नेपाल यातायात मजदुर संघका गण्डकी प्रदेश समितिका अध्यक्षले भन्नुभयो,

---

११४ महेश ठाकुरसँग प्रत्यक्ष भेटेर गरिएको अन्तर्वार्ता, पोखरा, कास्की, २०७७ चैत ८ गते ।

११५ नेपाल यातायात व्यवसायी महासंघका महासचिव सरोज सिटौलासँग टेलिफोनबाट गरिएको अन्तर्वार्ता, २०७८ असार ८ गते ।

११६ Pokharel, J.C. et al (2021) Evaluating the economic impact and infection control measures of COVID-19 in the public transport sector in Nepal. Nepal Institute for Urban and Regional Studies. Kathmandu, http://transport-links.com/download/evaluating-the-economic-impact-and-infection-control-measures-of-covid-19-in-the-public-transport-sector-in-nepal-final-report/ मा हेरिएको ।

*"स्वरोजगार यातायात मजदुरहरू एकातर्फ ऋणको चेपुवामा परे भने अर्कोतिर उनीहरूको आम्दानी ठप्प भयो । लामोसमयसम्म सवारी साधन चल्न नपाउँदा तिनका इञ्जिन र अन्य पाटपुर्जा बिग्रिएकाले मर्मत सम्भारमा ठूलो खर्च लाग्ने हुन्छ । यस क्षेत्रका मजदुरहरू त मागेर हिड्ने कि चिच्याएर हिँड्ने भन्ने अवस्थामा पुगेका छन् । हामीले नियमित रूपमा कर तिर्दै आएको भए पनि सरकारले भने हाम्रो यति ठूलो समस्यातर्फ पनि कुनै चासो नै दिएको छैन ।"*[११७]

महिलाहरूले नेतृत्व गरेको स्वरोजगार क्षेत्रमा महामारीको प्रभाव अझ बढी पर्‍यो । तुलनात्मक रूपमा सहज जीवीकोपार्जन र दुईवटी छोरीहरूको राम्रो शिक्षादिक्षाको चाहना सहित मीना थापा (नाम परिवर्तन) को परिवार ११ वर्षअघि ओखलढुंगाबाट भक्तपुरमा बसाई आयो । मीनाको श्रीमान सिकर्मी काम गर्नुहुन्थ्यो उहाँको कमाई नै त्यस परिवारको दैनिक खर्च धान्ने आम्दानीको स्रोत रहिआएको थियो । तर ब्लड क्यान्सरकाका कारण उहाँको श्रीमानको सातवर्ष अघि मृत्यु भयो । अलिअलि जोगाएको पैसा श्रीमानको उपचारमा खर्च भयो । जीवीकोपार्जनको अन्य उपाय नपाएका कारण एक गैरसरकारी संस्थाले आयोजना गरेको सीप तालिमबाट मीनाले ब्युटिसियन तालिम लिएर आफ्ना नातेदार र चिनेजानेका व्यक्तिहरूसँग ऋण लिएर एक ब्युटी पार्लर खोल्नु भयो । जब कोरोना महामारी सुरु भयो, मीनाले पार्लरको भाडा, दुईजना श्रमिक र आफ्नो खर्च धान्ने कुनै उपाय पाउनु भएन । मीनाले भन्नुभयो,

*पार्लर चलाउँदा त परिवारको हातमुख जोर्ने खर्च धान्न धौ धौ परिरहेको थियो । यतिका वर्ष काम गर्दा पनि पार्लर खोल्नका लागि लिएको ऋण तिर्न सकेको थिइन । जब महामारी सुरु भयो, तब हामीले पार्लर र आफू बस्ने कोठाको भाडा तिर्नेदेखि*

---

११७ नेपाल यातायात मजदुर संघका गण्डकी प्रदेश समितिका अध्यक्षसँग प्रत्यक्ष भेटेर गरिएको अन्तर्वार्ता, पोखरा, कास्की जिल्ला, २०७७ चैत ८ गते ।

*लिएर खाद्यान्न किन्ने वा पार्लरमा काम गर्नेहरूको तलव भुक्तानी गर्ने लगायत सबैतिर चुनौति भोग्नु पर्‍यो। लकडाउन हटेपछि पार्लर खोल्ने चै गरेको छु, तर न त कुनै ग्राहक आउँछन् न त अरु कुनै सामानको व्यापार नै छ । पार्लर पसलको घरमालिकले एक महिनाको भाडा त छुट दिनुभयो तर त्यसपछि पनि भाडा तिर्न नसकेको चार महिना भयो र तिर्न बाँकी भाडा ४८ हजार पुगिसक्यो । ऋणको चिन्ता उत्तिकै छ । यता परिवारको पालनपोषणको जिम्मेवारी त छँदैछ । आम्दानीको कुनै अन्य उपाय छैन । कहिलेकाँही त चिन्ताले राति निद्रा पनि लाग्दैन । सरकारी निकायमा रहेकाहरूले हामीजस्ता महामारी प्रभावित श्रमिकहरूलाई सरकारले सहयोग गर्छ भनेको त सुनेका थिएँ, तर आजसम्म कसैले कुनै सहयोग दिएको छैन ।'*[११८]

लकडाउन पछि काममा फर्कन पाएका श्रमिकहरूको आम्दानीमा सामान्य असर परेको भए पनि रोजगारी नै गुमाउनेहरूमा यो असर ज्यादै गम्भीर रह्यो । औपचारिक समेतका क्षेत्रमा कार्यमा अनौपचारिक रोजगारीमा रहेका केही श्रमिकहरूले आफूले काम गरेको अवधिको समेत रोजगारदाताले पारीश्रमिक नदिएको बताए । नेपालमा अधिकांश श्रमिकहरू अनौपचारिक प्रकृतिको रोजगारीमा रहेका र ती मध्ये अधिकांशलाई रोजगारी करारपत्र पनि नदिइने एवं उनीहरू नेपाल सरकारको श्रम निरीक्षण प्रणालीले पनि नसमेट्ने भएकोले तिनीहरूले आफ्नो गुमेको तलव दावी गर्ने आधार समेत हुँदैन । अर्थात् श्रमिकहरूले रोजगारी मात्रै नभै पारीश्रमिक समेत गुमाउनु पर्‍यो ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, विश्व खाद्य कार्यक्रम र अस्ट्रेलियन एडको एक सर्वेक्षणका लागि अन्तर्वार्ता गरिएका महामारीका कारण आफ्नो आम्दानी गुमेको बताउनेहरूमध्ये सबै भन्दा बढी ७९ प्रतिशत पर्यटन क्षेत्रका श्रमिकहरू

---

११८ मीना थापासँग प्रत्यक्ष भेटेर गरिएको अन्तर्वार्ता, भक्तपुर, २०७८ वैशाख १३ ।

थिए भने त्यसपछि आम्दानी गुमाउनेहरू क्रमशः कृषि फर्ममा दैनिक ज्यालादारीमा काम गर्नेहरू (५७.३ प्रतिशत), पशुपन्छी वा पशुपन्छीजन्य उत्पादनको व्यवसाय गर्नेहरू (४३.५ प्रतिशत), कृषि फर्मइतरका क्षेत्रमा दैनिक ज्यालादारीको काम गर्ने र नगदे खेतीको काम गर्नेहरू (३७.२ प्रतिशत) थिए ।[११९] ती श्रमिकहरूले आफ्नो दैनिक गुजारा चलाउन समेत ऋण काढ्नु परेको थियो ।

काठमाडौँ महानगरपालिकाको एक सर्वेक्षणले पनि महामारीका कारण गरिएको लकडाउनले गर्दा आधा भन्दा बढी (५४.७ प्रतिशत) श्रमिकहरूको पुरै आम्दानी घटेको र २५.३ प्रतिशतको आय पहिला भन्दा आधा भएको उल्लेख गरेको छ । नियमित रोजगारीको अभावमा ५६ प्रतिशत उत्तरदाताले ऋण वा सापटी खोजेर आफ्नो खर्च धानेका थिए ।[१२०] यसबाट के देखिन्छ भने रोजगारी गुमेका श्रमिकहरूले ऋणबन्धकको अवस्थाको जोखिम बढाएको छ । यस अध्ययनका लागि अन्तर्वार्ता गरिएका ६७ जनामध्ये २९ जना (४३.२८ प्रतिशत) ले कोठा भाडा, बालबच्चाको स्कुल वा कलेजको शुल्क, औषधीउपचार र खाद्यान्नका लागि ऋण काढ्नु परेको बताए ।

वैदेशिक रोजगारीमा गएका पनि लाखौँ नेपालीको रोजगारी गुम्यो र हालसम्म ती मध्ये ४ लाख ५० हजार जना नेपाल फर्किसकेका छन् ।[१२१] महामारीपूर्वको

११९ Ministry of Agriculture and Livestock Development, World Food Program and Australian Aid, "The Impact of COVID-19 on Households in Nepal", March 2021, https://reliefweb.int/sites/reliefweb.int/files/resources/Nepal%20COVID%20Food%20Security%20Report_3.pdf मा हेरिएको ।

१२० काठमाडौँ महानगरपालिका, “काठमाडौँ महानगरपालिकामा कोभिड-१९ को प्रभावसम्बन्धी सर्वेक्षण : नतिजा र विश्लेषण”, २०७७ असार https://old.kathmandu.gov.np/sites/kathmandu.gov.np/files/COVID19%20.pdf मा उपलब्ध ।

१२१ गोरखापत्र अनलाइन, “वैदेशिक रोजगारीमा कोभिडको असर, साढे चारलाखले रोजगारी गुमाए”, २०७८ वैशाख २३ गते https://gorkhapatraonline.com/economics/2021-05-06-36885 मा हेरिएको ।

अवस्थामा पनि अब फेरि कामका लागि विदेश नजाने भनी वैदेशिक रोजगारीबाट फर्किनेहरूमध्ये ठूलो संख्याका श्रमिकहरू नेपालमा बेरोजगार रहनु परेको पाइएको छ। नेपाल सरकारले २०७७ सालमा गरेको एक अध्ययनले विगत पाँच वर्षको अवधिमा वैदेशिक रोजगारीबाट फर्केका ३९ प्रतिशत नेपालीहरूले कुनै रोजगारी नपाएको देखाएको छ।[१२२] अर्कोतर्फ त्यसरी फर्केकाहरूमध्ये धेरैजनालाई तिनका रोजगारदाताले पारीश्रमिक भुक्तानी नदिएको पाइएकोले उनीहरू पनि ऋणबन्धकको अवस्थामा पर्ने जोखिममा रहेका छन्।[१२३] तसर्थ नेपालमा विद्यमान बेरोजगारी, महामारीका कारण नेपालमा र विदेशमा कार्यरत श्रमिकको रोजगारी गुम्नु, सरकारद्वारा सञ्चालित रोजगार कार्यक्रमहरूको अप्रभावकारी कार्यान्वयनका कारण रोजगारी सिर्जना वा सुनिश्चित नहुनु आदि कारणले गर्दा विद्यमान बेरोजगारीको समस्या अझ गहिरिएर गएको छ र यसले गर्दा पहिलैदेखि बेरोजगार वा महामारीका कारण रोजगारी गुमेका नागरिकहरूमा आधारभूत आवश्यकता पूरा गर्नमा थप चुनौति बढेको छ।

## ५.२ श्रम अधिकार

नेपालको संविधान र श्रम कानुनले श्रमिकहरूको विभिन्न अधिकारहरू सुनिश्चित गरेको छ जसको हालको जस्तो संकट लगायत सबै अवस्थामा संरक्षण गरिनु पर्दछ। त्यसका बावजुद कम पारीश्रमिक दिइएका वा पारीश्रमिकै नदिइएका, वा

१२२ National Planning commission, "The Effects of COVID-19 Pandemic on Foreign Employment and Its Impact on the Economy of Nepal," October 2020, https://npc.gov.np/images/category/The_Effect_of_COVID-19_Pandemic_on_Foreign_Employment,_and_its_Impact_on_the_Economy_of_Nepal_.pdf मा हेरिएको।

१२३ National Human Rights Commission, Nepal, "Rights of Migrant Workers in the Clutches of COVID-19 Pandemic: Study Report", August 2020, https://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/Rights%20of%20Migrant%20Workers%20in%20the%20Clutches%20of%20COVID-19%20Pandemic_compressed.pdf मा हेरिएको।

बिना पूर्व जानकारी वा आवश्यक प्रक्रिया पूरा नगरी रोजगारीबाट हटाइएका लगायतका श्रम अधिकार हनन् भएको पाइयो ।

**श्रम ऐन, २०७४**

श्रमिकको हक, हित तथा सुविधाको व्यवस्था गर्न, श्रमिक र रोजगारदाताको अधिकार तथा कर्तव्यको स्पष्ट व्यवस्था गरी असल श्रम सम्बन्धको विकास गर्न, श्रम शोषणका सबै अवस्थालाई अन्त्य गर्न श्रम ऐन जारी गरिएको छ । सो ऐनमा भएका श्रमिकका अधिकार केही प्रमुख अधिकारहरूः

| | |
|---|---|
| दफा १५ | पन्ध्र दिनभन्दा बढी समयको लागि श्रमिकलाई जगेडामा राख्नु परेमा आधिकारिक ट्रेड युनियन वा श्रम सम्बन्ध समितिसँग परामर्श गर्नु पर्ने । |
| दफा ३४ | रोजगारदाता र श्रमिकबीचको सामूहिक सम्झौतामा उल्लेख गरिएको अवस्थामा बाहेक श्रमिकले खाईपाई आएको पारिश्रमिक तथा सुविधा घटाउन नपाइने |
| दफा ३९ | श्रमिकलाई जगेडामा राखिएमा रोजगारदाताले काम चालु नहुञ्जेलसम्म निजले पाउने पारिश्रमिकको आधा रकम दिनु पर्नेछ । |
| दफा ८० | रोजगारदाताले कार्यस्थलमा सङ्क्रामक रोगको रोकथाम तथा नियन्त्रणका लागि समुचित व्यवस्था मिलाउनु पर्ने |
| दफा १४४ | रोजगार सम्बन्ध अन्त्य गर्नुअघि रोजगारदाता वा श्रमिकले एक अर्कोलाई सूचना दिनु पर्ने |
| दफा १४८ | जुनसुकै तरिकाबाट रोजगारी अन्त्य हुँदा श्रमिकले पाउनु पर्ने पारिश्रमिक, सुविधा लगायत सम्पूर्ण रकम रोजगारी अन्त्य भएको पन्ध्र दिनभित्र रोजगारदाताले त्यस्तो श्रमिकलाई भुक्तानी गर्नु पर्ने । |

नेपाल सरकारले २०७६ चैत १६ गते जारी गरेको कार्ययोजना[१२४]ले संगठित क्षेत्रमा काम गर्ने मजदुरहरूलाई नियमित रूपमा पारीश्रमिक उपलब्ध गराउनु पर्ने र व्यवसाय सञ्चालन नभएसम्मका लागि श्रमिकलाई पूर्ववत ज्याला भुक्तानी गर्न प्रतिष्ठानस्तरको कल्याणकारी कोषको प्रयोग गर्न सकिने कुरा स्पष्टताकासाथ उल्लेख गरिएको थियो । यसका अतिरिक्त व्यवसायको निरन्तरताका लागि एक कोष खडा गरिएको थियो र कोभिड-१९ प्रभावित पर्यटन, हस्तकला, साना तथा मझौला उद्योगमा काम गर्ने मजदुर तथा कर्मचारीहरूको तलव भुक्तानीका लागि कर्जा दिन 'व्यवसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७' कार्यान्वयनमा ल्याइएको थियो ।[१२५] कार्यविधि अनुसार २०७७ चैत मसान्तसम्म व्यवसायिक प्रतिष्ठानहरूलाई ४२ करोड रूपैयाँ कर्जा प्रवाह पनि गरियो ।[१२६] त्यसका बावजुद लकडाउन र त्यसपछि पनि श्रमिकहरूको तलव नदिइएको वा कटौती गरिएको पाइयो । नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) ले २०७७ जेठमा गरेको एक द्रुत अध्ययनमा नेपाल उद्योग वाणिज्य महासंघले गरेको प्रतिवद्धता र नेपाल सरकारको निर्देशन विपरित ४२.१० प्रतिशत प्रतिष्ठानहरूले २०७६ चैत महिनाको कत्तिपनि तलव/पारीश्रमिक भुक्तानी नदिएको देखाएको छ ।[१२७] यस

१२४ नेपाल सरकार, "कोभिड-१९ को कारण प्रभावित क्षेत्रहरूको लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन कार्ययोजना, २०७६", २०७६ चैत १६ ।

१२५ नेपाल सरकार, "व्यवसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७", २०७७ कात्तिक २७, https://www.nrb.org.np/contents/uploads/2020/11/wages-and-salary-compensation-manual-2077.pdf मा उपलब्ध ।

१२६ नेपाल राष्ट्र बैंक, "Current Macroeconomic and Financial Situation of Nepal (Based on Nine Month's Data Ending Mid-April, 2020/21)", https://www.nrb.org.np/contents/uploads/2021/05/Current-Macroeconomic-and-Financial-Situation-English-Based-on-Nine-Months-data-of-2020.21-1.pdf मा हेरिएको ।

१२७ General Federation of Nepalese Trade Union (GEFONT), "Rapid assessment on the problems faced by the workers due to COVID-19", May 26, 2020, https://www.ituc-csi.org/IMG/pdf/gefont_rappid_study_report_2077_during_covid_19_eng_.pdf मा हेरिएको ।

अध्ययनको लागि अन्तर्वार्ता गरिएका कुल ६७ जना श्रमिकहरूमध्ये १५ जना ( २२.३९ प्रतिशत) ले या त उनीहरूको तलव कटौती गरिएको या पाउँदै नपाएको बताए ।

*पवन शाही (नाम परिवर्तन) कर्णाली प्रदेशको एक निजी विद्यालयमा शिक्षण गर्दथे । देशव्यापी लकडाउन भएसँगै भौतिक कक्षा सञ्चालन भएनन् । पवनले भन्नुभयो, "लकडाउन सुरु भएको ७ महिनासम्म भर्चुअल कक्षामा पढाइयो, तर तलव भने पाइएन । हाम्रो विद्यालय यसअघि आर्थिक फाइदामा रहेको र महामारीको बेलामा पनि शुल्क उठाइरहेको हुनाले म र अन्य केही शिक्षकहरूले तलव पनि भुक्तानी दिइनु पर्ने माग उठायौँ । तर हामीलाई विद्यालयमा 'राजनीति' गरेको भन्ने आरोपमा विद्यालयले निष्काशन गऱ्यो । हामीले ट्रेड युनियनलाई जानकारी गराएका छौँ र रोजगारीमा पुनर्वहाली नभए पनि तलव पाउने आशमा रहेको छौँ ।[१२८]*

२०७७ साउनमा ट्रेड युनियनहरूसँग नेपाल उद्योग वाणिज्य महासंघ लगायतका निजी व्यवसायका महासंघहरूले गरेको द्विपक्षीय सहमतिमा सबै श्रमिकहरूको २०७६ चैत महिनाको लकडाउन अवधिको समेत पूरै पारीश्रमिक भुक्तानी गर्ने, २०७७ वैशाख महिनाको लागि श्रमिकको पारीश्रमिकको ५० प्रतिशत पारीश्रमिक भुक्तानी गरी फरफारक गर्ने र २०७७ जेठमा लकडाउनका कारण काममा उपस्थित हुन नसकेको श्रमिकलाई पाउने पारीश्रमिकको ५० प्रतिशत भुक्तानी गर्ने उल्लेख थियो ।[१२९] तर नेपालका प्रमुख नौवटा ट्रेड युनियन महासंघका

---

१२८ पवन शाहीसँग प्रत्यक्ष भेटेर गरिएको अन्तर्वार्ता, सुर्खेत, २०७७ फागुन ९ गते ।

१२९ "लकडाउन अवधिको श्रमिकको पारीश्रमिक भुक्तानी लगायतका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्न नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल घरेलु तथा साना उद्योग महासंघ लगायतका रोजगारदाता संस्था र संयुक्त ट्रेड युनियन समन्वय केन्द्र आवद्ध ट्रेड युनियन महासंघहरूबीच भएको द्विपक्षीय सहमति", २०७७ साउन १३ ।

प्रतिनिधिहरूले पारीश्रमिक भुक्तानी नदिइनु वा कटौती गरिनु जारी संकटको एक प्रमुख समस्या भएको बताए ।[१३०]

लकडाउन अवधि र त्यसपछि पनि श्रमिकहरूलाई बिना पूर्व जानकारी निष्काशन गरिएको वा करार भङ्ग गरिएको पाइयो । अध्ययन टोलीले अन्तर्वार्ता गरेका औपचारिक रोजगारीमा रहेका १३ जनामध्ये ७ जना (५३.८५ प्रतिशत) ले आफूलाई निष्काशन गरिनु अघि कुनै लिखित जानकारी नदिइएको बताए । कोभिड-१९ महामारीका कारण व्यवसायमा प्रभाव परेका कारण श्रमिकहरूलाई निष्काशन गरिएको बताइए पनि केही निष्काशनहरू कोभिड महामारीले व्यवसायमा असरै परेर मात्र गरिएको निष्काशन थिएनन् । यस अध्ययनका क्रममा अन्तर्वार्ता गरिएका मध्ये निष्काशनमा परेका चारजना श्रमिकहरूले आफ्ना ठाउँमा रोजगारदाताले नयाँ श्रमिक भर्ना गरेको बताए ।

*मैले मकवानपुर जिल्लाको एक उत्पादन कम्पनीमा ९ वर्ष काम गरेँ । २०७७ जेठको अन्त्यतिर लकडाउन खुकुलो गरिएसँगै हाम्रो कम्पनीले काम थालनी गऱ्यो । म पनि काममा जान थालेको थिएँ ।*

*एकदिन जब म काममा पुगेँ, मेरो रोजगारदाताले महामारीका कारण कम्पनीमा ठूलो क्षति पुगेको र कम्पनी नै बन्द गरिन लागेको भनेर मलाई अब रोजगारी दिन नसक्ने बताए । २०७६ माघदेखिकै मेरो तलब दिइएको थिएन । तर पछि मैले मेरो एकजना साथीबाट मेरो ठाउँमा नयाँ मान्छे भर्ना गरेको जानकारी पाएँ । त्यसपछि पो बल्ल मलाई किन निकालिएको भन्ने थाहा पाएँ । मेरो मासिक तलब १८ हजार रूपैयाँ थियो, तर जो मान्छे भर्ना भयो, उसको कोभिड महामारीका कारण रोजगारी गुमेको थियो र ऊ मासिक १२ हजार रूपैयाँमै काम गर्न तयार भएछ । त्यस बाहेक म त्यस कम्पनीको स्थायी श्रमिक थिएँ, तर त्यो नयाँ मान्छेले करारमा काम गर्न राजी भएको रहेछ । त्यसैले पनि उसलाई राख्नका लागि मलाई निकालेको रहेछ । मेरो*

---

१३० संयुक्त ट्रेड युनियन समन्वय केन्द्रमा आवद्ध ट्रेड युनियन महासंघहरूसँग अध्ययन टोलीले गरेको अन्तरक्रिया, २०७८ वैशाख १२ र २०७८ असार २० गते ।

*रोजगारदाताले महामारीलाई स्थायी श्रमिकलाई "क्लिन अप" गरेर करारमा र हामीले भन्दा कम तलबमा काम गर्न मञ्जुर गर्ने श्रमिक भर्ना गर्ने मौकाको रूपमा पो लिएको रहेछ ।*

*लालध्वज घिमिरे (नाम परिवर्तन), मकवानपुर जिल्ला*[१३१]

रोजगारदाता वा श्रमिकले नियम र प्रक्रिया पूरा गरेर रोजगारी करार भङ्ग गर्नु पर्ने अवस्था पनि आउन सक्दछ । तर एकतर्फी रूपमा करार भङ्ग गरिनु श्रम अधिकारको उल्लंघन हो । नेपालको श्रम कानुनले पूर्व जानकारी बिना श्रमिकलाई कामबाट निष्कासन गर्न निषेध गरेको छ ।[१३२] ट्रेड युनियनका प्रतिनिधिहरूले केही रोजगारदाताहरूले कोभिड महामारीलाई आफूलाई 'मन नपरेका', ट्रेड युनियन अभियानमा लागेका वा श्रमिकहरूको समस्या उठान गर्ने श्रमिकहरूलाई निष्कासन गर्ने 'अवसर' का रूपमा लिएको बताए ।[१३३] ट्रेड युनियनका प्रतिनिधिहरूले रोजगादाताहरूले श्रम ऐनको दफा १४५ लाई दुरूपयोग गरेका र श्रमिकहरू सबैभन्दा अप्ठ्यारोमा परेको बखतमा उनीहरूलाई निष्कासन गर्ने 'हतियार' को रूपमा यस दफाको 'दुरूपयोग' गरेको बताए ।[१३४]

केही श्रमिकहरूले आफू ट्रेड युनियनमा आवद्ध भएकै कारण रोजगारदाताको निष्काशनमा परेको बताए । अध्ययनटोलीले अन्तर्वार्ता गरेकामध्ये ४ जना (५.९७ प्रतिशत) ले आफ्नो ट्रेड युनियनमा संलग्नता वा लकडाउन वा त्यसपछिको

---

१३१ लालध्वज घिमिरेसँग प्रत्यक्ष भेटघाट गरी गरिएको अन्तर्वार्ता, मकवानपुर जिल्ला, २०७७ फागन ४ ।

१३२ श्रम ऐन, २०७४ को दफा १३९ र १४४ लगायतका प्रावधान ।

१३३ संयुक्त ट्रेड युनियन समन्वय केन्द्रमा आवद्ध ट्रेड युनियन महासंघहरूसँग अध्ययन टोलीले गरेको अन्तरक्रिया, २०७८ वैशाख १२ र २०७८ असार २० गते ।

१३४ श्रम ऐनको दफा १४५ को उपदफा (१) मा "प्रतिष्ठान सञ्चालनमा आर्थिक समस्या उत्पन्न भएमा वा एकभन्दा बढी प्रतिष्ठानहरू गाभिएको कारण श्रमिक सङ्ख्या बढी भएमा वा अन्य कुनै कारणले प्रतिष्ठान आंशिक वा पूर्णरूपमा बन्द गर्नु पर्ने भएमा रोजगारदाताले श्रमिकको सङ्ख्यामा कटौती गर्न सक्नेछ" भनिएको छ । ट्रेड युनियनहरूले केही रोजगारदाताले महामारीले आर्थिक संकट परेको र यस्तो अवस्थामा श्रमिकलाई निष्काशन गर्न कानुनले आफूलाई छुट दिएको भन्ने नाममा श्रमिकलाई निष्काशन गर्नुलाई कानुनको 'दुरुपयोग' बताएका छन् ।

अवधिमा काम गरे बापतको भुक्तानी नदिइएको पारीश्रमिक भुक्तानीको माग गर्ने कार्यका लागि श्रमिकहरूलाई संगठित गरेकै निहुँबाट आफूहरू निष्काशनमा परेको बताए । अध्ययनटोलीसँगको अन्तरक्रियामा ट्रेड युनियन प्रतिनिधिहरूले ट्रेड युनियन गतिविधिमा संलग्न श्रमिकहरूलाई रोजगारदाताले लक्षित गरी निष्कासन गरेकोमा चिन्ता व्यक्त गरेका छन् र उनीहरूले यो हालको संकटमा रोजगारदाताले श्रम ऐनको दफा १४५ को 'दुरूपयोग'को अर्को विषयको रूपमा लिएका छन् ।[१३५] ट्रेड युनियन प्रतिनिधिहरूले भने, *"श्रमिकहरूलाई बिना पूर्व जानकारी निष्काशन गरिएका वा भुक्तानी नदिइएका विषयको सहमतिमा समाधान खोज्ने प्रयास गर्ने श्रम अधिकार अभियन्ताहरूमाथि समस्यालाई 'राजनीतिकरण' गरेको आरोप लगाउने गरिएको छ । संकटको अवधिमा ट्रेड युनियनहरूमाथि निरन्तर लक्षित गरियो । पछिल्लो उदाहरणलाई हेर्ने हो भने, जुन-जुन अभियन्ताले श्रम अधिकार उल्लंघनको बारेमा आवाज उठाउँदछ, तिनलाई विशेष लक्षित गर्ने गरिएको छ ।"*

श्रमिकहरूले श्रम अधिकार उल्लंघनको सामना गर्नु परेको भए पनि न्यायको पहुँचमा पनि उनीहरूले चुनौती भोग्नु परेको छ। कति श्रमिकहरूले श्रम अधिकार उल्लंघनको सामना गर्नु पर्‍यो भन्ने यकिन तथ्याङ्क उपलब्ध नभए पनि खासगरी अनौपचारिक रोजगारीमा रहेका ठूलो संख्याका श्रमिकहरूले तलव नदिइएको वा कटौती गरिएको र पूर्व जानकारी बिना वा प्रक्रिया पूरा नगरी रोजगारीबाट निष्काशन लगायतका श्रम अधिकार हनन्को सामना गर्नु परेको ट्रेड युनियनका प्रतिनिधिहरूले पनि बताए । त्यसो भएतापनि श्रम अधिकार उल्लंघन विरुद्ध उजुरी सुन्ने नेपाल सरकारको निकाय श्रम तथा रोजगार कार्यालयहरूमा ज्यादै नगन्य संख्यामा मात्र यस्ता घटनाहरू दर्ता भएको पाइएको छ । उदाहरणका लागि २०७७ चैतसम्म चार प्रदेशमा केवल तीन वटा कोभिड महामारीका कारण

१३५ संयुक्त ट्रेड युनियन समन्वय केन्द्रमा आवद्ध ट्रेड युनियन महासंघहरूसँग अध्ययन टोलीले गरेको अन्तरक्रिया, २०७८ वैशाख १२ र २०७८ असार २० गते ।

उत्पन्न श्रम अधिकारसम्बन्धी उजुरी दर्ता भएका थिए जसमध्ये गण्डकी प्रदेशमा दुईवटा र लुम्बिनी प्रदेशमा एउटा उजुरी दर्ता भएको थियो ।[१३६]

औपचारिक र अनौपचारिक दुवै क्षेत्रमा ठूलो संख्याका श्रमिकहरू अनौपचारिक रोजगारीमा कार्यरत रहेका, तीमध्ये धेरैलाई रोजगारीको करारपत्र उपलब्ध नगराइने र उनीहरू श्रम निरीक्षणको दायरा भित्र नपर्ने हुनाले यी श्रमिकहरूको न्यायको पहुँचमा अर्को चुनौती रहन्छ। यसको मुख्य कारण उनीहरूसँग रोजगारी सम्बन्धी वा उनीहरू विरुद्ध भएको श्रम अधिकार हनन् पुष्टि गर्ने प्रमाणै हुँदैन वा पर्याप्त प्रमाण हुँदैन । त्यस्तै उनीहरूलाई उजुरी गर्ने निकाय र त्यसको प्रक्रियाका बारेमा पनि पर्याप्त जानकारी नभएको पाइन्छ । अध्ययनटोलीले महामारीको क्रममा रोजगारी गुमेका सम्भावित श्रम अधिकार उलङ्घनका पीडित लगायतका श्रमिकहरूलाई उजुरी सुन्ने वा श्रम अधिकार हनन्का घटनामा सघाउ पुऱ्याउने निकायको बारेमा कत्तिको जानकार हुनुहुन्छ भनी सोधेको थियो । धेरैजसो श्रमिकहरू त्यस्तो निकायहरूको बारेमा जानकार नरहेको पाइयो । उदाहरणका लागि पूर्व जानकारी बिना नै निष्काशन गरिएका बाग्मती प्रदेशका एक श्रमिक, जसको कम्पनीले उनलाई निष्कासन गरेको भए पनि कम्पनीमा काम सुचारु भैरहेको थियो, उनले अध्ययनटोलीले बताए पछि मात्रै पहिलोपटक उजुरी तथा गुनासो सुन्ने त्यस्तो निकायको बारेमा जानकारी पाएकी थिइन् । अध्ययनटोलीसँगको कुराकानी पछि सोही दिन उनले मकवानपुर जिल्लाका ट्रेड युनियनको सहायतामा श्रम तथा रोजगार कार्यालयमा उजुरी दर्ता गराएकी थिइन् । यस अध्ययनका लागि अन्तर्वार्ता गरिएका नेपालका सबै प्रदेशका गरी कूल ६७ मध्ये केवल एकजनाले मात्रै त्यसअघि श्रम तथा रोजगारमा उजुरी दर्ता गरेका थिए ।

नेपाल सरकारका अधिकारीहरूले पनि उजुरी संयन्त्र तथा प्रक्रियाको बारेमा श्रमिकहरूलाई पर्याप्त जानकारी नहुनु र आफूमाथि भएको ज्यादती पुष्टि गर्ने

१३६ अध्ययनटोलीले लुम्बिनी, बाग्मती, सुदूर पश्चिम र कर्णाली प्रदेशका श्रम तथा रोजगार कार्यालयहरूसँग प्रत्यक्ष भेटेर गरेको अन्तर्वार्ता, क्रमशः २०७७ माघ १०, फागुन ४, फागुन १३ र चैत ८ गते ।

आवश्यक प्रमाण नहुनु नै उनीहरू ती निकायको पहुँचमा पुग्न नसक्नाको एक प्रमुख कारण रहेको बताए ।[१३७]

## ५.३ स्वास्थ्य उपचार

नेपालको संविधानले हरेक आधारभूत स्वास्थ्य सेवा राज्यबाट निःशुल्क पाउने र त्यसमा सबैको समान पहुँच हुने उल्लेख गरेको छ ।[१३८] सरकारले हरेक नागरिकलाई आधारभूत स्वास्थ्य उपचार निःशुल्क उपलब्ध गराउने घोषणा[१३९] गर्नुका साथै समुदायमा आधारित स्वास्थ्य केन्द्र मार्फत् निःशुल्क स्वास्थ्य उपचार उपलब्ध गराउन निःशुल्क स्वास्थ्य सेवा कार्यक्रम पनि लागू गरेको छ । यसका अलावा बिपन्न नागरिकहरूलाई निःशुल्क स्वास्थ्य उपचार प्रदान गर्न बिपन्न नागरिक कोष पनि स्थापना गरेको छ ।[१४०] त्यसो भएतापनि आवश्यक औषधी तथा मेडिकल उपकरणहरू उपलब्ध नहुनु र स्वास्थ्य केन्द्रमा पर्याप्त तथा दक्ष स्वास्थ्यकर्मीहरू उपलब्ध हुन नसक्ने लगायतका धेरै कारणहरूले गर्दा नागरिकहरूले पैसा तिरेर महङ्गा स्वास्थ्य संस्थामा उपचार गराउनु पर्ने वाध्यता छ । त्यस्तै बिपन्न नागरिक कोषबाट प्राप्त हुने सहयोग धेरैजसो गम्भीर रोगको उपचारमा ज्यादै अपर्याप्त हुने गरेको छ । उदाहरणका लागि, नोभेम्बर २०१६ र फेब्रुवरी २०१७ का बीचमा उपचार गराएका क्यान्सर रोगका बिरामीहरूको उपचार लागतको विषयमा गरिएको एक अध्ययनले ती विरामीहरूको औषत प्रत्यक्ष खर्च ३ लाख ८७ हजार र औसत उपचार खर्च ३ लाख १३ हजार लागेको

---

१३७ अध्ययनटोलीले लुम्बिनी, बाग्मती, सुदूर पश्चिम र कर्णाली प्रदेशका श्रम तथा रोजगार कार्यालयहरूसँग प्रत्यक्ष भेटेर गरेको अन्तर्वार्ता, क्रमशः २०७७ माघ १०, फागुन ४, फागुन १३ र चैत ८ गते ।

१३८ नेपालको संविधान, २०७२, धारा ३५ को उपधारा (१) र (३)

१३९ कार्यक्रमका बारेमा थप जानकारी http://www.phcrd.gov.np/index.php/national-free-health-services मा प्राप्त गर्न सकिनेछ ।

१४० कोषका बारेमा थप जानकारी https://www.mohp.gov.np/eng/program/medical-treatment-deprived-citizen मा प्राप्त गर्न सकिनेछ ।

देखिएको थियो ।[१४१] यो खर्च नेपाल सरकारले उपलब्ध गराउने सहयोग रकम भन्दा बढी र नेपालीहरूको त्यस वर्षको औषत वार्षिक आम्दानी ७८ हजार ९४६ रूपैयाँ[१४२] भन्दा निकै माथि हो । विश्व स्वास्थ्य संगठनका अनुसार स्वास्थ्य सेवाका लागि कुनै नागरिकले आफ्नो क्रयशक्ति (खाद्य सामग्री इतरको खर्च) को ४० प्रतिशत वा सो भन्दा बढी तिर्नु परेमा त्यसलाई फाइनान्सियल क्याटस्ट्रोफी (आर्थिक संकट)[१४३] को अवस्था हुने भनेको छ ।

नेपालमा गम्भीर प्रकृतिका स्वास्थ्य समस्या भएका नागरिकहरूको संख्या ज्यादै उच्च रहेको छ । अप्रिल २०२० मा प्रकाशित एक अध्ययनले नेपालका अस्पतालका वहिरंग विभागमा आइपुग्ने ८० प्रतिशत विरामीहरू गम्भीर प्रकृतिका रोग लागेकाहरू हुने गरेको र मृत्यु हुनेमध्ये ६६ प्रतिशतको गम्भीर रोगका कारण नै हुने गरेको देखाएको छ ।[१४४] यसरी गम्भीर प्रकृतिका रोग लागेकाहरूको संख्या उच्च हुनु र ती रोगको उपचार खर्च ज्यादै खर्चिलो हुनुका कारण नेपालीहरूले स्वास्थ्य उपचारमा ठूलो आर्थिक बोझ व्यहोर्नु पर्दछ ।

---

१४१ Shiva Ram Khatiwoda, Raja Ram Dhungana, Vishnu Prasad Sapkota and Sarswoti Singh, "Estimating the Direct Cost of Cancer in Nepal: A Cross-Sectional Study in a Tertiary Cancer Hospital", June 21, 2019, https://www.frontiersin.org/articles/10.3389/fpubh.2019.00160/full#B17 मा हेरिएको ।

१४२ World Bank, "GDP per Capita 2016." World Bank, https://data.worldbank.org/indicator/ny.gdp.pcap.cd मा हेरिएको ।

१४३ World Health Organization, "Designing Health Financing Systems to Reduce Catastrophic Health Expenditure", 2005, https://www.who.int/health_financing/documents/pb_e_05_2-cata_sys.pdf मा हेरिएको ।

१४४ Taranath Sapkota, Inge Houkes and Hans Bosma, "Vicious cycle of chronic disease and poverty: a qualitative study in present day Nepal", Oxford Academic, International Health, April 30, 2020, https://academic.oup.com/inthealth/article/13/1/30/5827139 मा हेरिएको ।

परिवारका कोही न कोही सदस्यमा गम्भीर प्रकृतिका स्वास्थ्य समस्या भएका श्रमिकहरूको संख्या पनि उच्च रहेको पाइन्छ । यस अध्ययनका लागि अन्तर्वार्ता गरिएकामध्ये ५७ जना (८५.०७ प्रतिशत) ले आफ्नो परिवारमा कम्तिमा पनि एकजनामा गम्भीर प्रकृतिको स्वास्थ्य समस्या रहेको र तिनको नियमित औषधिमुलो गर्नु पर्ने बताए । काठमाडौँ महानगरपालिकाको एक सर्वेक्षणले पनि तीन चौथाईभन्दा बढी श्रमिकको परिवारका कम्तिमा एक सदस्य नियमित औषधी सेवन गर्ने, ती मध्ये ९० प्रतिशत मधुमेह वा उच्च रक्तचाप वा दुवै रोगबाट ग्रसित र ३७ प्रतिशत मधुमेह तथा थाइरोइड भएकाहरू थिए ।[१४५] नेपालमा गम्भीर प्रकृतिका रोगको उपचारमा कुनै व्यक्तिको औषत वार्षिक आम्दानी भन्दा धेरै बढी खर्च लाग्ने हुनाले रोजगारी गुमेको व्यक्तिलाई यदि ऊ सामाजिक सुरक्षा योजनामा आवद्ध रहेनछ भने त्यस्ता रोगको उपचार गर्न ऊ र उसका परिवारका सदस्यका लागि ज्यादै कठिन छ ।

नेपालका धेरैजसो श्रमिकहरू सामाजिक सुरक्षाको योजनामा नसमेटिए र उनीहरूको मासिक आम्दानी मासिक आधारभूत आवश्यकताका खर्च धान्न अपर्याप्त रहेको सन्दर्भमा रोजगारी गुमेका श्रमिक र तिनका परिवारले स्वास्थ्य सेवामा पर्याप्त पहुँच पाउन नसक्ने जोखिम देखिन्छ ।

> *मञ्जु शर्मा (नाम परिवर्तन) विगत नौ वर्षदेखि ललितपुरस्थित एक विद्यालयमा सहयोगीको रूपमा कार्यरत हुनुहुन्थ्यो । महामारीका कारण रोजगारी गुमेपछि उहाँ २०७७ जेठमा आफ्ना दुई छोराहरूसहित आफ्नो जिल्ला लमजुङ्ग फर्कनुभयो । वैदेशिक रोजगारीका लागि युएई जानुभएका उहाँका श्रीमान् पनि महामारी सुरुभएपछि रोजगारी गुमेर घर फर्कनु पर्‍यो । २०७७ असोजमा मञ्जुको २३ वर्षीय जेठा छोराको दुवै*

१४५ काठमाडौँ महानगरपालिका, "काठमाडौँ महानगरपालिकामा कोभिड-१९ को प्रभावसम्बन्धी सर्वेक्षण : नजिता र विश्लेषण", २०७७ असार https://old.kathmandu.gov.np/sites/kathmandu.gov.np/files/COVID19%20.pdf मा उपलब्ध ।

*मृगौलाले काम गर्न छाडेको थाहा भयो । मञ्जु फेरि काठमाडौँ आउनु पऱ्यो र छोराको उपचारको लागि कोठा भाडामा लिएरै बस्नु पऱ्यो । सरकारी अस्पतालले निःशुल्क नियमित डायलासिस त उपलब्ध गरायो तर हप्तैपिच्छेको ट्याक्सीभाडा, औषधी खर्च, कोठा भाडादेखि स्वास्थ्य जाँचका अन्य खर्चहरू उहाँले व्यहोर्नु पऱ्यो । उहाँले भन्नुभयो, "मैले खर्च व्यहोर्नु नपर्ने भनेको केबल डायलासिसको चार्ज मात्र हो । महङ्गा महङ्गा औषधी, ल्याबको खर्च, पटक-पटकको ट्याक्सी भाडा र आफूले भाडामा लिएको कोठाको मैले व्यहोर्नु पर्छ । हामीसँग कुनै आम्दानीको स्रोत छैन । श्रीमानलाई गतवर्ष विदेश पठाउँदा काढेको ऋण तिर्न सकेको छैन । उता श्रीमानको पनि महामारीकै कारण रोजगारी गुमेर 'खाली हात' फर्कनु पऱ्यो । उहाँले पनि अहिलेसम्म कुनै काम पाउनु भएको छैन । न त म मेरो छोराको उपचार नगरी त्यत्तिकै बस्न सक्छु, न त उपचार खर्च व्यहोर्न नै सक्छु । स्थानीय सामाजिक समूहले चन्दा संकलन गरेर मलाई ४५ हजार रूपैयाँ त दिएका थिए तर त्यो सहयोग यस्तो दुःखको बेलामा ज्यादै महत्वपूर्ण भए पनि त्यतिले के नै हुन्थ्यो र ? तपाई नै भन्नुस् त मैले कस्तो कहालीलाग्दो दुःख भोग्नु परेको होला ? यसरी मैले कतिञ्जेल बिताउने होला ? यदि मेरो पनि अरुको जस्तै सञ्चयकोष वा लगानीकोषमा केही वचत गर्न सकेको भए त्यसले मलाई यतिबेला केही भने पनि भरथेग गर्थ्यो होला ।"[१४६]*

अनौपचारिक क्षेत्रमा काम गर्ने र अन्य आम्दानीका स्रोत वा आफ्नो परिवारको जीवीकोपार्जनका लागि पर्याप्त खाद्यान्न उब्जनी हुने जग्गाजमिन नभएका श्रमिकहरूले रोजगारी गुमेपछि आफ्नो परिवारका सदस्यहरूका लागि नियमित

१४६ मञ्जु शर्मासँग टेलिफोनमा गरिएको अन्तर्वार्ता, काठमाडौँ जिल्ला, २०७७ फागुन २ गते ।

औषधी किन्ने लगायतका स्वास्थ्य उपचारको पहुँचमा गम्भीर चुनौतिको सामना गर्नु परेको छ ।

*अध्ययनटोलीले बझाङ स्थायी घर भई ७ वर्षसम्म कैलालीमा एक भोजनालयमा कार्यरत धनसिंह बोहरा (नाम परिवर्तन) सँग २०७७ चैतमा कुराकानी गरेको थियो । जब सरकारले देशव्यापी लकडाउन गऱ्यो, तर उनी कार्यरत धनगढी बसपार्क क्षेत्रमा रहेको भोजनालय बन्द भयो । बसका ड्राइभर, यातायात श्रमिक र यात्रुहरू नै मुख्य ग्राहक रहेको धनसिंह काम गर्ने भोजनालय लकडाउन पछि पनि मानिस र सवारी साधनको आवागमन ज्यादै कम भएको कारण लकडाउन अघिको तुलनामा सञ्चालन हुन नसकेको उहाँले बताउनुभयो । धनसिंहको ९ जनाको परिवारलाई वर्षभरि खान पुग्ने अन्न उब्जाउन पर्याप्त जग्गाजमिन छैन, न त परिवारका कुनै सदस्यको आम्दानीको अन्य स्रोत नै । भोजनालयको रोजगारी गुमेपछि उहाँले अर्को कामको खोजी त गर्नुभयो, तर पाउन सक्नुभएन । अध्ययनटोलीले अन्तर्वार्ता गर्दा उहाँ कैलालीमा एकजना नातेदारसँगै बस्दै आउनुभएको थियो । उहाँको हजुरबुवा विगत १५ वर्षदेखि उच्च रक्तचाप र मधुमेहको विरामी हुनुहुन्छ र विगतमा धनसिंहले उहाँलाई नियमित औषधी किनेर पठाउने गर्नुभएको थियो । धनसिंहले भन्नुभयो, " रोजगारी गुमे पनि काम छउञ्जेल बचत गरेको केही पैसाबाट मैले गएको (२०७७ सालको) दशैंसम्म त हजुरबालाई औषधि किनेर पठाउन सकेको थिएँ । त्यसपछि केही पैसा सापट लिएर मंसिरसम्म पनि जिनतिन औषधि पठाएँ, त्यसपछि कुनै उपाय भएन । महिनाको ४ हजार २ सय रूपैयाँको औषधी*

*लाग्छ । आफ्नो हजुरबालाई औषधीसमेत गर्न नसकेकोमा म आफैँलाई धिक्कारी रहेको छु ।'*[१४७]

पछिल्लो समयमा रोजगारी गुमाउने श्रमिकहरू नयाँ कामको खोजीमा बढी मात्रामा नै हिँडडुल गर्नु पर्ने भएका कारण ती श्रमिक र तिनका परिवार कोभिड-१९ संक्रमणको उच्च जोखिममा पनि रहेको देखिन्छ ।

## ५.४ श्रमिकका परिवारको शिक्षा

प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक छ ।[१४८] तर पनि सामुदायिक शैक्षिक संस्थानहरूमा समेत परीक्षा, मर्मत सम्भार र अतिरिक्त क्रियाकलाप आदिका लागि शुल्क उठाइने हुँदा शिक्षा पूर्णतः निःशुल्क छैन । त्यस्तै सामुदायिक शैक्षिक संस्थाहरूले प्रदान गर्ने शिक्षाको गुणस्तर र सिकाईको वातावरणका बारेमा विभिन्न कमजोरीहरू रहेको पाइन्छ ।[१४९] तसर्थ नेपाली समाज र विद्यार्थीहरूले निजी शैक्षिक संस्था रोज्ने प्रवृत्ति बढी छ। ग्रामीण भेगका कतिपय मानिसहरू त यतिसम्म कि आफ्ना छोराछोरीलाई निजी विद्यालयमा पढाउने मुख्य उद्देश्यकै कारण शहर वा अन्य स्थानमा बसाई सर्ने गरेको पाइन्छ । निजी विद्यालयतर्फको सामाजिक आकर्षण र विद्यार्थी तथा अभिभावक दुवैले सामुदायिक शैक्षिक संस्थामा पठनपाठन गर्दा आफू 'कमजोर' भएको ठान्ने हुँदा आर्थिक रूपमा विपन्नहरूमा समेत आफ्ना छोराछोरीलाई नीजि शैक्षिक संस्थामा पठाउने दवाव बढेको पाइन्छ । तसर्थ आफ्नो कमाईबाट दैनिक गुजारा गर्न धौ धौ पर्ने लगायतका श्रमिक वर्गले समेत आफ्ना छोराछोरीलाई निजी संस्थामा

---

१४७ धनसिंह बोहरासँगको टेलिफोन अन्तर्वार्ता, कैलाली जिल्ला, २०७७ चैत २८ ।

१४८ नेपालको संविधान, २०७२, धारा ३१ (२) ।

१४९ Binod Ghimire, "Why Nepal's public schools have a poor report card", The Kathmandu Post, August 22, 2019, https://kathmandupost.com/national/2019/08/22/why-nepal-s-public-schools-have-a-poor-report-card मा हेरिएको ।

पठाउने गरेको पाइन्छ जुन ती श्रमिकहरूको आर्थिक क्षमताका हिसावले महंगो हुन आउँछ ।

कोभिड-१९ महामारीका कारण नेपालमा शैक्षिक संस्थाहरू लामो[१५०] समयसम्म बन्द रहे । अध्ययन अध्यापनको कार्यलाई वैकल्पिक विधिबाट निरन्तरता दिन नेपाल सरकारले निर्देशिकाहरू[१५१] जारी गरे पश्चात् धेरै विद्यालय र कलेजहरूले भर्चुअल लगायतका विधिबाट कक्षा सञ्चालन गरे । तर त्यसका लागि आवश्यक साधनको पहुँच र तिनको जोहो गर्ने सामर्थ्यको अभावका कारण ठूलो संख्याका विद्यार्थीहरूले भर्चुअल कक्षामा सहभागी हुन सकेनन् । युनिसेफसले गरेको एक सर्वेक्षणमा नेपालका दुई तिहाई विद्यार्थीहरूले विद्यालय बन्द भएको बेला दूरशिक्षामा सहभागी हुन नसकेको देखाएको छ ।[१५२]

रोजगारी र आम्दानी गुमेका धेरैजसो श्रमिकहरू वा आर्थिक रूपमा विपन्न घरपरिवारले भर्चुअल कक्षाका लागि आवश्यक पर्ने कम्प्युटर वा मोबाइल जस्ता उपकरण र घरमा इन्टरनेट कनेक्सनको जोहो गर्न सकेनन् । युनिसेफको सर्वेक्षणले विपन्न परिवारका बालबालिकाहरूमा दूर शिक्षामा सहभागी हुने सम्भावना ज्यादै न्यून रहेको देखाएको छ ।[१५३] उक्त सर्वेक्षणले बिपन्न परिवारका

---

१५० विद्यालयहरू २०७६ चैत ६ देखि बन्द भएका थिए र कतिपय विद्यालयहरू २०७७ सम्म बन्द रहे ।

१५१ वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजीकरण निर्देशिका, २०७७, विद्यार्थी सिकाई सहजीकरण निर्देशिका, २०७७, विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, २०७७, कोभिड-१९ को सन्दर्भमा विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ लगायत ।

१५२ UNICEF, "Press release: COVID-19: At least a third of the world’s and two-thirds of Nepal's schoolchildren unable to access remote learning during school closures, new UNICEF report says", August 28, 2020, https://www.unicef.org/nepal/press-releases/covid-19-least-third-worlds-and-two-thirds-nepals-schoolchildren-unable-access मा हेरिएको ।

१५३ UNICEF, "Press release: COVID-19: At least a third of the world’s and two-thirds of Nepal's schoolchildren unable to access remote learning during school closures, new UNICEF report says", August 28, 2020, https://www.unicef.org/nepal/press-releases/covid-19-least-third-worlds-and-two-thirds-nepals-schoolchildren-unable-access मा हेरिएको ।

केवल पाँच प्रतिशत बालबालिकाले मात्र दूरशिक्षामा पहुँच र सहभागिता रहेको देखाएको छ । श्रमिकका परिवारमा इन्टरनेटको पहुँच नरहेको वा रोजगारी गुमेपछि इन्टरनेट कनेक्सनको जोहो गर्न झन चुनौतिपूर्ण भएको थियो । यसले गर्दा तिनको बालबालिकाहरूलाई अनलाईन कक्षामा सहभागी हुन बाधा पुग्यो । यसबाट ठूलो संख्याका विद्यार्थीहरू शिक्षा पाउनबाट वञ्चित मात्र भएनन् यसले गर्दा अभिभावकको आर्थिक पृष्ठभूमिका आधारमा 'डिजिटल असमानता' लगायतका असमानतापूर्ण व्यवहारहरू पनि भए ।[१५४]

इन्टरनेटको पहुँच वा कम्प्युटर तथा मोबाइलजस्ता उपकरणहरूको अभाव र तिनको सञ्चालनमा आवश्यक सीपको अभाव आदिका कारण सामुदायिक विद्यालयका शिक्षक तथा विद्यार्थी दुवैले भर्चुअल सिकाईको पहुँचमा चुनौति व्यहोर्नु पर्‍यो । काठमाडौँ महानगरपालिकाको सर्वेक्षणमा सहभागी १३५ वटा विद्यालय (५२ वटा सामुदायिक र ८३ नीजि) मध्ये केवल २९ वटा (२१.४८ प्रतिशत) विद्यालय मात्र अनलाईन कक्षा सञ्चालनका गर्न सकेको पाइयो, जसमा सामुदायिक विद्यालयको संख्या केवल ३ वटा (सर्वेक्षणमा सहभागी सामुदायिक विद्यालयमध्ये ५.७७ प्रतिशत) थियो ।[१५५] यसले सामुदायिक विद्यालय र निजी विद्यालय वा विद्यार्थीकाबीचमै पनि असमानता सिर्जना भएको देखियो । सामुदायिक विद्यालयका अधिकांश विद्यार्थीहरू न्युन आय भएका श्रमिकका बालबच्चाहरू हुने गर्दछन् ।

त्यसैगरी खासगरी ग्रामीण भेगमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारहरूको कम विकास र ती भेगमा बसोबास गर्ने नागरिकहरूको आर्थिक क्षमता कमजोर

---

१५४ Nunuta Rai, "Digital divide exposes class divide in Nepal schools", Nepali Times, July 17, 2020, https://www.nepalitimes.com/here-now/digital-divide-exposes-class-divide-in-nepal-schools/ मा हेरिएको ।

१५५ काठमाडौँ महानगरपालिका, "काठमाडौँ महानगरपालिकामा कोभिड-१९ को प्रभावसम्बन्धी सर्वेक्षण : नजिता र विश्लेषण", २०७७ असार https://old.kathmandu.gov.np/sites/kathmandu.gov.np/files/COVID19%20.pdf मा हेरिएको ।

हुने हुँदा ग्रामीण भेगमा भर्चुअल कक्षा सञ्चालनमा अझ चुनौतीपूर्ण भएको देखिन्छ। युनिसेफको सर्वेक्षणले १० मध्ये केवल तीन बालबालिकाहरूको पहुँचमा टेलिभिजन, रेडियो र इन्टरनेटमा आधारित सिकाईका प्लाटफर्महरू रहेको देखाएको छ ।[१५६] नेपाल सरकारले बैकल्पिक सिकाईका विभिन्न निर्देशिका जारी गरे पनि सबैलाई समेट्ने गरी शिक्षण सिकाईका गतिविधि सञ्चालन गर्नमा असफल रह्यो ।

कोभिड-१९ महामारीका कारण रोजगारी र आम्दानी गुमेपछि नीजि विद्यालयमा शुल्क तिर्न नसकेका श्रमिकहरूले आफ्ना बालबच्चालाई सामुदायिक शिक्षण संस्थामा स्थानान्तरण गर्न बाध्य भएको पनि पाइयो । यस अध्ययनका लागि अन्तर्वार्ता गरिएका ६७ जना श्रमिकहरूमध्ये ११ (१६.४२ प्रतिशत) ले आफ्ना बालबच्चालाई या त सामुदायिक विद्यालय वा पहिलाको भन्दा कम शुल्क लाग्ने निजी विद्यालयमा सारेको बताए । चार जना अभिभावकले भने पहिला अध्ययन गरिरहेको विद्यालयबाट निकालेपछि फेरि अर्को विद्यालयमा भर्ना गर्न नसकेको पाइयो ।

> *भूपेन्द्र पाण्डे (नाम परिवर्तन) काठमाडौँमा ट्याक्सी चालकको काम गर्नुहुन्थ्यो । उहाँले डेढवर्ष अघि ८ लाख रुपियाँ ऋण काढेर ट्याक्सी खरीद गर्नु भएको थियो । कोरोना महामारी अघि पनि उहाँलाई सो ऋणको किस्ता तिर्न र पाँच सदस्यीय आफ्नो परिवारको नियमित खर्च धान्न हम्मेहम्मे परेको थियो । तर जब लकडाउन पछि आम्दानी ठप्प भयो, उहाँको चुनौती अझ गहिरिएर गयो र ऋणको किस्ता तिर्ने उपाय नपाएपछि उहाँले ट्याक्सी बेच्नुको बिकल्प रहेन । ट्याक्सी बेचेपछि*

१५६ UNICEF, "Press release: COVID-19: At least a third of the world’s and two-thirds of Nepal's schoolchildren unable to access remote learning during school closures, new UNICEF report says", August 28, 2020, https://www.unicef.org/nepal/press-releases/covid-19-least-third-worlds-and-two-thirds-nepals-schoolchildren-unable-access मा हेरिएको ।

*भूपेन्द्रको परिवार आफ्नो गाउँ गुल्मी फर्कियो । अध्ययनटोलीसँग कुरा गर्ने बेलासम्म उहाँले क्रमशः कक्षा ९ र ७ मा पढ्ने आफ्ना छोरी र छोरालाई विद्यालय भर्ना गर्न सक्नुभएको थिएन र त्यसको मुख्य कारण उनीहरूले सामुदायिक विद्यालयमा भर्ना हुन अस्वीकार गर्नु र अर्कोतिर उहाँले निजी विद्यालयमा भर्ना गर्न नसक्नु थियो । भूपेन्द्रले भन्नुभयो, "मैले उनीहरूलाई निजी विद्यालयमा भर्ना गर्न सक्दिन किनकी त्यसका लागि मैले शहरमा कोठा भाडामा लिनु पर्छ र महङ्गो शुल्क तिर्नु पर्छ । तर छोराछोरीले गाउँको सामुदायिक विद्यालयमा जान अस्वीकार गरे । त्यसैले मैले उनीहरूलाई अहिलेसम्म भर्ना गरेकै छैन ।"*[१५७]

यस अध्ययनका लागि अन्तर्वार्ता गरिएका निजी विद्यालयका सञ्चालकहरूले २०७६ सालको तुलनामा उनीहरूको विद्यालयमा २०७७ मा भर्ना हुने विद्यार्थीको संख्या घटेको बताए । अध्ययनटोलीले कुराकानी गरेका काठमाडौं, भक्तपुर र ललितपुरका छ वटा विद्यालयका सञ्चालक वा प्रधानाध्यापकहरूले तिनको विद्यालयमा अघिल्लो वर्षको तुलनामा आठ देखि १६ प्रतिशतसम्म विद्यार्थी घटेको बताए । उनीहरूले आफ्ना विद्यालयबाट गएका विद्यार्थीहरू या त सोही शहरका सामुदायिक वा आफ्नो भन्दा कम शुल्क भएको निजी विद्यालयमा भर्ना भएको, या त अभिभावकहरूको रोजगारी गुमेर आफ्नो स्थायी घर फर्कनु परेको कारण उनीहरू त्यतै गएको बताए । सामुदायिक विद्यालयमा विद्यार्थीहरूलाई स्थानान्तरण गरिनुलाई नकारात्मक रूपमा चित्रित गर्न त उपयुक्त हुँदैन, तर विद्यमान सामाजिक प्रवृत्तिका कारण धेरैजसो विद्यार्थी र अभिभावहरू सामुदायिक विद्यालयमा अध्ययन गर्नमा हीनताबोध गर्दछन् र यस्तो अवस्था भोग्नु परेकोमा उनीहरू चिन्तित हुने गरेको पाइन्छ । यसप्रकार रोजगारी गुमेका श्रमिकका बालबच्चाको शिक्षामा पनि प्रभाव परेको देखियो ।

१५७ भूपेन्द्र पाण्डेसँग टेलिफोनबाट गरिएको अन्तर्वार्ता, गुल्मी जिल्ला, २०७७ चैत २७ गते ।

## ५.६ खाद्य अधिकार

हरेक नेपाली नागरिकलाई खाद्य अधिकार, खाद्य सम्प्रभुताको अधिकार र खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने अधिकार छ ।[१५८] खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन अनुसार स्थानीय तहले आफ्नो क्षेत्रभर रहेको गरिबी, भौगोलिक विकटता, विपद वा यस्तै कुनै कारणले खाद्य असुरक्षाको जोखिममा रहेका लक्षित घर परिवारको पहिचान गरी त्यसको अभिलेख राख्नु पर्ने व्यवस्था गरेको छ ।[१५९] सो ऐनले त्यसरी स्थानीय सरकारले सूचिकृत गरेका नागरिकहरूलाई नेपाल सरकारले निःशुल्क वा सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउनु पर्ने पनि व्यवस्था गरेको छ ।[१६०]

ठूलो संख्याका नेपालीहरूले खाद्यान्नको पर्याप्त पहुँचमा चुनौति सामना गरिरहेका छन् । नेपाल जनसांख्यिकीय स्वास्थ्य सर्वेक्षण (नेपाल डेमोग्राफिक हेल्थ सर्भे) अनुसार केवल ४८.२ प्रतिशत नेपालीलाई मात्र वर्षभर खान पुग्ने गरी पर्याप्त खाद्यान्न उपलब्ध हुन्छ र आर्थिक रूपमा कम सम्पन्न २२ प्रतिशत घरपरिवार उच्च खाद्य संकट व्यहोर्नु पर्नेहरू छन् ।[१६१] पछिल्ला केही वर्षदेखि खाद्य असुरक्षाको अवस्थामा खासै कमी आउन सकेको छैन, बरु कुनै निश्चित वर्गका नागरिकहरूमा यस्तो असुरक्षा झन बढेको छ । उदाहरणका लागि नेपाल जनसांख्यिकीय स्वास्थ्य सर्वेक्षण (नेपाल डेमोग्राफिक हेल्थ सर्भे) अनुसार सन् २०११ मा खाद्य सुरक्षा भएका घरपरिवारको संख्या ४९ प्रतिशत रहेकोमा सन् २०१६ मा सो संख्या लगभग उत्तिकै अर्थात् ४८.२ प्रतिशत रहेको देखियो । तर मध्यमस्तरको खाद्य असुरक्षाको अवस्थामा रहेका घरपरिवारको संख्या सन् २०११

---

१५८ नेपालको संविधान, २०७२, धारा ३६ (१), ३६ (३) र ३६ (२) ।

१५९ खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५, दफा ५ (१)

१६० खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५, दफा ७

१६१ Ministry of Health, Nepal; New ERA; and ICF, "Nepal Demographic and Health Survey, 2016", 2017 https://phpnepal.org.np/publication/current-issue/recently-released/195-full-report-of-nepal-demographic-and-health-survey-ndhs-2016 मा हेरिएको ।

मा १२ प्रतिशत रहेकोमा त्यो संख्या २०१६ मा बढेर २० प्रतिशत पुगेको देखिन्छ । खाद्य असुरक्षाको अवस्था भोग्ने परिवारहरू आफ्नो परिवारको लागि पर्याप्त खाद्यान्न उत्पादन गर्न पुग्ने जग्गा जमिन नहुने वा खाद्यान्न किन्नका लागि पर्याप्त कमाई नहुनेहरू हुन् ।

नेपालमा ठूलो संख्याका श्रमिकहरू आफ्नो खाद्यान्नको लागि उनीहरूले कमाई गर्ने पारीश्रमिकमा निर्भर छन् । यी मध्ये केही श्रमिक परिवारसँग आफूलाई चाहिने खाद्यान्न उब्जनी गर्ने जग्गाजमीन छ तर अन्यसँग या त जग्गा जमीनै छैन या त त्यहाँबाट भएको उब्जनीले परिवार पालिनलाई पर्याप्त हुँदैन । अतः ठूलो संख्याका घरपरिवारहरू बजारमा किनेर ल्याइएको खाद्यान्नमा निर्भर रहँदै आएका छन् । कृषि तथा पशुपन्छी मन्त्रालय, विश्व खाद्य कार्यक्रम र अस्ट्रेलियन सहयोग नियोगले संयुक्त रूपमा गरेको एक सर्वेक्षण अनुसार नेपालका ६२ प्रतिशत घरपरिवारले खाद्यान्न खरीद गर्ने गरेका र ३८ प्रतिशत घरपरिवार मात्र आफूले उब्जाएको खाद्यान्नमा निर्भर रहेको देखिएको छ ।[१६२] कोभिड-१९ महामारीका कारण रोजगारी र आम्दानी गुमेका श्रमिकका परिवारले लकडाउन खुला गरिएपछि पनि खाद्यान्नको अभाव भोग्नु परेको थियो । कृषि तथा पशुपन्छी मन्त्रालय समेतको उपर्युक्त सर्वेक्षण अनुसार खाद्यान्नको अभाव भोगिरहेकाहरूमध्ये ५० प्रतिशत घरपरिवार रकम अभावका कारण खाद्यान्न खरीद गर्न नसक्नेहरू थिए । सो सर्वेक्षणले महामारीका कारण रोजगारी र आम्दानी गुम्नेहरूले रोजगारी नगुमेकाहरूको तुलनामा बढी खाद्य असुरक्षा भोग्नु परेको पनि देखाएको छ, जसमा कमसेकमठ एकजना सदस्यको रोजगारी गुमेका ४१.७ प्रतिशत परिवारले खाद्य असुरक्षा भोग्नु पर्दा रोजगारी नगुमेका १५.५ प्रतिशत परिवारले मात्र यस्तो असुरक्षा भोग्नु परेको देखाएको छ ।

१६२ Ministry of Agriculture and Livestock Development, World Food Program and Australian Aid, "The Impact of COVID-19 on Households in Nepal", March 2021, https://reliefweb.int/sites/reliefweb.int/files/resources/Nepal%20COVID%20Food%20Security%20Report_3.pdf मा हेरिएको ।

खासगरी अनौपचारिक क्षेत्रका श्रमिक र अनौपचारिक रोजगारीमा रहेकाहरूको रोजगारी र आम्दानी गुमेपछि उनीहरू खाद्य असुरक्षाको बढी जोखिममा पर्दछन् । यस्ता श्रमिकहरूलाई 'बाँच्नका लागि पनि कमाइ गर्ने' समूहका रूपमा चिनिन्छन् । यसको अर्थ उनीहरूलाई आफ्नो कमाईबाट भविष्यका लागि वचत गर्न सहज हुँदैन । कोभिड-१९ महामारीका कारण अनौपचारिक क्षेत्रमा कार्य गर्ने वा औपचारिक क्षेत्रमा अनौपचारिक रूपमा रोजगाररत श्रमिकहरू नै सर्वाधिक प्रभावित भएका हुँदा रोजगारी गुमेपछि उनीहरू सर्वाधिक खाद्य असुरक्षाको जोखिममा परे ।

> *प्रीति रसाइली (नाम परिवर्तन) को परिवारको कुनै जग्गाजमीन छैन र उहाँहरू सुर्खेत जिल्लामा एक झुपडीमा बस्दै आउनुभएको छ । उहाँको श्रीमानको कुनै रोजगारी छैन र कहिलेकाहीँ ज्याला मजदुरीको काम गर्नुहुन्छ । प्रीति स्थानीय एक निजी विद्यालयमा क्लिनरको काम गर्नुहुन्थ्यो । तर महामारीका कारण उहाँको सो रोजगारी गुम्यो । त्यसपछि सो परिवारको खर्च निमित्त कसैसँग एकपैसा पनि भएन । केही हप्तासम्म त सामाजिक समूह र चिनेजानेकाले दिएको खाद्यान्नको भरमा सो परिवार पालियो । तर अध्ययनटोलीसँग कुराकानी गर्नेबेलासम्म उहाँका परिवारका सदस्यहरूले कयौँ रात भोकै सुत्नु परेको थियो । "वरपरका घरपरिवारले लुगा धुने, भाँडा माझ्ने वा सरसफाई गर्ने जस्ता काम दिए भने त्यसबाट भएको कमाईबाट मेरो चुल्हो बल्छ, अन्यथा पकाउने कुरा केही हुँदैन र भोकै सुत्नुको हामीसँग कुन विकल्प रहँदैन" प्रीतिले भन्नुभयो ।*[१६३]

श्रमिक वर्गमा खाद्य असुरक्षा र भोकको विषय लकडाउन र त्यसपछि पनि सर्वाधिक पेचिलो रह्यो । युनिसेफले नेपालमा महामारी अघि गरिवीमा रहेका

१६३ प्रीतिसँग प्रत्यक्ष भेटेर गरिएको अन्तर्वार्ता, सुर्खेत जिल्ला, २०७७ फागुन १५ गते ।

बालबालिकाको संख्या १३ लाख रहेकोमा अगस्ट २०२० सम्म त्यसबाट बढेर ७० लाख पुगेको र ती बालबालिकाहरूले पोषिलो खानेकुरा वा शिक्षा लगायतका वहुआयामिक अभावको सामना गर्नु परेको थियो ।[१६४] रोजगारी गुमेका श्रमिकहरूले कयौँ हप्तासम्म सामाजिक समूह तथा संघसंस्थाहरूले विभिन्न स्थानमा उपलब्ध गराएका खाना र खाद्यान्नमा भर पर्नु परेको थियो । सञ्चार माध्यमहरूले रोजगारी र आम्दानी गुमेपछि कसरी श्रमिक र तिनका परिवार भोकको चपेटामा परे र आफ्नो परिवारलाई खानेकुराको जोहो गर्न उनीहरूले कस्तो चुनौतीको सामना गर्नु परेको थियो भन्ने बारेमा उजागर गरेका थिए ।[१६५]

## ५.६ आवासको अधिकार

नेपालको संविधान तथा आवासको अधिकार सम्बन्धी ऐनले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक सुनिश्चित गरेको छ ।[१६६] आवासको अधिकार सम्बन्धी ऐन, २०७५ ले भनेको छ:

---

१६४ UNICEF, "150 million additional children plunged into poverty due to COVID-19, UNICEF, Save the Children say", September 25, 2020, https://www.unicef.org/nepal/press-releases/150-million-additional-children-plunged-poverty-due-covid-19-unicef-save-children मा हेरिएको ।

१६५ Binu Subedi & Abdesh Kumar Jha, The Kathmandu Post, "The lockdown is killing the poor and the marginalised," June 4, 2020, https://kathmandupost.com/province-no-2/2020/06/04/the-lockdown-is-killing-the-poor-and-the-marginalised मा हेरिएको ।

युनिक श्रेष्ठ, सेतोपाटी डट कम, "भारी बोक्दै जीवन गुजारे, सडकमै अन्तिम सास फेरे", २०७७ जेठ ११ गते, https://www.setopati.com/social/207139 मा हेरिएको ।

Sushma Joshi, The Annapurna Express "Famine or Feast in Nepal?", May 31, 2020, https://theannapurnaexpress.com/news/famine-or-feast-in-nepal-2533#:~:text=Kathmandu%20saw%20its%20first%20known,he%20slept%20on%20the%20streets मा हेरिएको ।

१६६ नेपालको संविधान, २०७२, धारा ३७ (१)

आवासको अधिकार सम्बन्धी ऐन, २०७५, दफा ३ (१)

*नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले पारस्परिक समन्वयमा उपलब्ध स्रोत साधनको आधारमा देहाय बमोजिका आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकीकरण गरी क्रमश: तोकिए बमोजिम आवास सुविधा उपलब्ध गराउनु पर्नेछ :*

*(क) नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वमित्वमा घरजग्गा नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट आवासको प्रवन्ध गर्न असमर्थ रहेको,*

*(ख) प्राकृतिक विपत्तिका कारण स्थायी रूपमा विस्थापित भएको र खण्ड (क) बमोजिमको अवस्था विद्यमान भएको।*

ऐनको दफा ७ बमोजिमका व्यक्ति वा परिवारलाई आवास सुविधा उपलब्ध गराउन सहुलियतपूर्ण वित्तिय सुविधा उपलब्ध गराइने कुरा पनि सो ऐनमा व्यवस्था गरिएको छ र वित्तिय सहयोग उपलब्ध गराउँदा पनि आवासको व्यवस्था गर्न नसक्ने अति विपन्न र वैकल्पिक व्यवस्था गर्न नसक्ने आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकताका आधारमा आवास सुविधा उपलब्ध गराइने भनिएको छ ।[१६७] तरपनि ठूलो संख्याका मानिसहरू भाडामा वा झुपडीहरूमा बस्ने गर्दछन् । राष्ट्रिय जनगणना, २०६८[१६८] अनुसार नेपालका कूल ५४ लाख २३ हजार २९७ घरपरिवारमध्ये ६ लाख ९४ हजार ७०१ (१२.८१ प्रतिशत) भाडाको आवासमा र ७० हजार ६३० घरपरिवार (१.३० प्रतिशत) अन्य व्यवस्था गरेर बस्दछन् । त्यस जनगणनाको प्रतिवेदन अनुसार शहरी क्षेत्रमा बसोबास

१६७ आवासको अधिकार सम्बन्धी ऐन, २०७५, दफा ८, उपदफा (१) र (२)

१६८ केन्द्रीय तथ्याङ्क विभाग, "National Population and Housing Census 2011 (National Report)", नोभेम्बर २०१२ https://unstats.un.org/unsd/demographic/sources/census/wphc/Nepal/Nepal-Census-2011-Vol1.pdf मा हेरिएको ।

गर्नेहरूमध्ये ४०.२२ प्रतिशत भाडाको आवासमा बस्दछन् भने त्यसरी भाडा तिरेर बस्नेहरू काठमाडौँमा सर्वाधिक (५८.६५ प्रतिशत) रहेका छन् ।

अनौपचारिक क्षेत्रमा काम गर्ने र अनौपचारिक रोजगारीमा रहेका अधिकांश श्रमिकहरू आफ्नो थाकथलो छाडेर बसाईं आएकाहरू हुने गर्दछन् र उनीहरू या त भाडामा बस्दछन् या त आवास विहीन हुन्छन् । उनीहरूको पारीश्रमिक पनि न्युन हुनुको कारण उनीहरूले साँघुरो गरेर वा थोरैवटा कोठामा बसोबास गर्नु पर्ने हुन्छ । त्यसो त धेरै वर्ष अगाडिदेखि शहर आई रोजगारी गर्नेहरूले पनि जग्गा किन्न वा घर बनाउन सकिरहेका हुँदैनन् र उनीहरूसँग भाडाको कोठामै बसिरहनुको विकल्प हुँदैन । काठमाडौँ महानगरपालिकाको सर्वेक्षणले अनौपचारिक रोजगारीमा रहेका ७९.७ प्रतिशत श्रमिकहरू पाँचवर्षभन्दा बढी काठमाडौँ आई रोजगारी गरिरहेकाहरू र ती मध्ये ७६.९ प्रतिशत भाडाको आवासमा बस्नेहरू देखाएको छ ।[१६९]

रोजगारी र आम्दानी गुमेका श्रमिकहरूलाई कोठाभाडा तिर्नमा समस्या पऱ्यो र समय बित्दै जाँदा उनीहरूको समस्या गहिरिँदै गयो । यस अध्ययनका लागि अन्तर्वार्ता गरिएका भाडाको आवासमा बस्ने सबै ३८ जनाले कोठा भाडा तिर्न समस्या परिरहेको बताए र तीमध्ये २४ जना (६३.१६ प्रतिशत) ले दुईदेखि पाँच महिनाको भाडा तिर्न बाँकी रहेको बताए । काठमाडौँ महानगरपालिकाले गरेको सर्वेक्षणमा पनि कोठा भाडामा बस्ने ५३.३० प्रतिशतले २०७६ चैत्रको भाडा तिर्न नसकेको र २०७७ जेठ हुँदा यो संख्या ८१.१० पुगेको देखाएको छ । केही श्रमिकहरूलाई कोठाभाडा तिर्न नसकेको कारण तिनका घरबेटीले निष्काशन गरेको समेत पाइयो ।[१७०]

---

१६९ काठमाडौँ महानगरपालिका, "काठमाडौँ महानगरपालिकामा कोभिड-१९ को प्रभावसम्बन्धी सर्वेक्षण : नतिजा र विश्लेषण", २०७७ असार https://old.kathmandu.gov.np/sites/kathmandu.gov.np/files/COVID19%20.pdf मा हेरिएको ।

१७० नुनुता राई, हिमाल खबर, "महामारीमा घरबेटीको दुर्व्यवहार भोग्दै काठमाडौँका डेरावाल", २०७७ असोज ७ गते, https://www.himalkhabar.com/news/118638 मा हेरिएको ।

*"महामारीको सुरुआतसँगै सडक व्यवसाय नराम्ररी प्रभावित भयो र महिनौँसम्म लगभग कमाई नै गर्न सकिएन । चारवटा कोठामा बस्दै आएको मेरो चार जनाको परिवार दुईवटा कोठामा कोचिएर बस्न थाल्यौँ, त्यसको पनि चार महिनादेखि भाडा तिर्न सकेको छैन । अहिलेसम्म तिर्न बाँकी ४२ हजार रुपियाँ पुगिसक्यो । थाहा छैन कसरी तिर्ने हो त्यत्रो ठूलो रकम । मेरो घरबेटी चै धन्न राम्रा मान्छे परेछन्, अहिलेसम्म हामीलाई निकालेका छैनन् । मैले अहिले मात्रै पो थाहा पाएँ कि म जस्ता मानिसहरूको आवासको अधिकार हुन्छ र हाम्रो संविधानले त्यो हक सुनिश्चित गरेको छ । तर थाहा छैन हामीले त्यो अधिकार कसरी पाउने हो ।"*

*- यदु ज्ञवाली (नाम परिवर्तन), लुम्बिनी प्रदेशका एक सडक व्यवसायी*[१७१]

रोजगारीमा रहेका श्रमिकहरू जो आफ्नो घर बनाउने योजनामा थिए, रोजगारी गुमेपछि उनीहरूलाई त्यो योजना पूरा गर्न कठिन भएको पाइयो । वि.सं. २०७२ सालको भुईंचालो जस्ता संकटमा परेका श्रमिकहरूको लागि त भएको रोजगारी गुमेपछि घर बनाउने योजना पूरा गर्न अझ चुनौतीपूर्ण भएको पाइयो ।

*"२०७२ सालको विनाशकारी भूकम्पले घर भत्काएपछि नयाँ घर बनाउन सकिरहेको थिइँन । मेरो एक रेस्टुरेन्टमा रोजगारी थियो । त्यसैको भरमा र केही ऋण पनि लिएर विस्तारै तिर्दै जाने योजना सहित घर बनाउन थालियो । तर छाना हाल्नु र झ्यालढोका जडान गर्नु अघि नै मेरो परिवारको एकमात्र आम्दानीको स्रोत त्यो रोजगारी नै गुम्यो । बाँकी कामको लागि लाग्ने खर्च जुटाउने कुनै उपाय नभएको र यस्तो अवस्थामा ऋण लिने आँट पनि नभएको कारण निर्माणको काम नै रोक्नु पर्‍यो । तपाईंलाई थाहा नै छ भूकम्प*

दीपकजङ्ग शाही, सेतोपाटी, "भाडा तिर्न नसक्दा घरबेटीले निकालिदिए, अहिले भऱ्याङमुनि बास", २०७७ वैशाख १४ गते, https://www.setopati.com/index.php/social/204882 मा हेरिएको ।

१७१ यदु ज्ञवालीसँग टेलिफोनबाट गरिएको अन्तर्वार्ता, रुपन्देही जिल्ला, २०७७ चैत २५ गते ।

*पीडितहरूका लागि घरनिर्माणका लागि भनेर सरकारले दिने पैसाले के नै हुन्छ र ? त्यसले त एउटा कोठा बनाउन पनि पुग-नपुग हुन्छ । तपाईलाई थाहा छ? हामी कस्तो अभागी रहेछौँ । भुईचालोले घर भत्काएपछि बनाएको जस्ताको टहरो पनि केही महिनाअघि आएको हावाहुरीले उडाउँदा ती जस्तासमेत काम लागेन । धन्न मेरो एकजना छिमेकी साह्रै सहयोगी निस्कनुभयो र आफ्नो गाइबस्तुलाई बारीको पाटामा बाँधेर मलाई त्यो गोठमा बस्न दिनुभयो । यति पनि नभएको भए आउँदो वर्षा र जाडोको मौसममा कसरी गुजारा गर्थ्यौं होला ?*

- *फुर्वा लामा (नाम परिवर्तन), नुवाकोट ।*[१७२]

भाडाको कोठामा बसेका श्रमिकहरू रोजगारी गुमेपछि कम ठाउँमा वा पहिला भन्दा थोरैवटा कोठामा सीमित भएर बस्ने गरेको पाइयो । यसरी बस्नुपर्दा परिवारका सदस्यहरूको व्यक्तिगत गोप्यता कायम गर्नमा कठिनाई हुनुका साथै कोभिड लगायत सरुवा रोगहरूको संक्रमणको जोखिम समेत बढेको छ ।

### ५.७ मानसिक स्वास्थ्यमा प्रभाव

रोजगारी र आम्दानी गुमेर आफ्नो दैनिक आवश्यकता पूरा गर्ने कठिनाई, जीवीकोपार्जनको वैकल्पिक उपायको अभाव, कमाई गर्नै पर्ने दवाव, भविष्यको अनिश्चितता र कोरोना संक्रमण हुने डर आदिका कारण ती श्रमिकहरूमा एकाएक विभिन्न  चुनौतिहरू आइपरे । यसले गर्दा तिनमा मानसिक स्वास्थ्य र मनोसामाजिक समस्याहरू देखा परे । यस अध्ययनका क्रममा अन्तर्वार्ता गरिएको सबै श्रमिकहरूको मिल्दोजुल्दो सबैभन्दा ठूलो चिन्ताको विषय एकाएक रोजगारी तथा आम्दानी गुम्नु र त्यसको वैकल्पिक कुनै उपाय नहुनु थियो । उनीहरू भविष्यको अनिश्चिततालाई लिएर ज्यादै चिन्तित थिए र दैनिक खर्चको जोहो गर्न नसकेकोमा ठूलो तनाबमा थिए ।

---

१७२ फुर्वा लामासँग प्रत्यक्ष भेटेर गरिएको अन्तर्वार्ता, नुवाकोट जिल्ला, २०७७ फागुन १ गते ।

द एसिया फाउण्डेसनको एउटा सर्वेक्षणमा सहभागीहरूमध्ये ६७ प्रतिशत मानिसहरू चिन्ताग्रस्त रहेका, ९३ प्रतिशतले कुनै न कुनै प्रकारको भएको महशुस गरेका, र झण्डै आधाजसो आफ्नो जिन्दगीदेखि नै पटक-पटक निराश भएको देखाएको छ ।[१७३] सो फाउण्डेसनको अध्ययनमा सहभागीहरूमध्ये ६२ प्रतिशतले आफूलाई एक्लो महसूस गरेको र ५८ प्रतिशतले रातमा निदाउन नसकेको बताएका थिए । काठमाडौँ महानगरपालिकाको सर्वेक्षणले पनि घरमै बसिरहनुपर्ने वाध्यताका कारण झण्डै २९ प्रतिशत मानिसहरूले मानसिक स्वास्थ्य समस्या व्यहोर्नु परेको उल्लेख गरेको छ ।[१७४]

यस अध्ययनको लागि अन्तर्वार्ता गरिएकामध्ये कम्तिमा ४ वटा स्थानीय तहका प्रतिनिधिहरूले लकडाउन अघिको तुलनामा लकडाउनपछि परिवारमा झगडा तथा कलहका घटना बढेको र त्यस्तो समस्या खासगरी रोजगारी गुमेका श्रमिकको परिवारमा बढी मात्रामा देखिएको बताए ।[१७५]

रोजगारी गुमेको वा आर्थिक प्रभाव परेका कारण श्रमिकहरूले आत्महत्या गरेका घटनाहरू पनि प्रकाशमा आए ।[१७६] युनिसेफ, अन्तर्राष्ट्रिय श्रम संगठन र

१७३ The Asia Foundation, "COVID-19 & The New Normal for Women in the Economy in Nepal", February 2021, https://asiafoundation.org/wp-content/uploads/2021/03/Covid-19-The-New-Normal-for-Women-in-the-Economy-in-Nepal.pdf मा हेरिएको ।

१७४ काठमाडौँ महानगरपालिका, "काठमाडौँ महानगरपालिकामा कोभिड-१९ को प्रभावसम्बन्धी सर्वेक्षण : नतिजा र विश्लेषण", २०७७ असार https://old.kathmandu.gov.np/sites/kathmandu.gov.np/files/COVID19%20.pdf मा हेरिएको ।

१७५ नुवाकोट, मकवानपुर, कञ्चनपुर र सिराहा जिल्लाका विभिन्न स्थानीय पालिकाका प्रतिनिधिहरूसँग क्रमशः २०७७ फागुन १, फागुन ३, फागुन १३, र चैत १४ गते गरिएको अन्तर्वार्ता ।

१७६ The Himalaya Times, "Former hospital staff immolates self in Achham", June 09, 2020 https://thehimalayantimes.com/nepal/former-hospital-staff-immolates-self-in-achham मा हेरिएको ।

अन्नपूर्ण पोस्ट, "किस्ता तिर्न नसकेपछि नदीमा हाम फालेका युवकका शव भेटियो", २०७७ असार ९ गते, http://annapurnapost.com/news/159479 मा हेरिएको ।

यु.एन.ओमनको एक अध्ययनले “महामारी र रोजगारी गुम्नुको परिणाम स्वरूप तनाब बढाएको छ र मानसिक स्वास्थ्यमा चुनौति थपिएको छ, जुन समस्या तिनका परिवारले आगामी वर्षहरूमा पनि भोग्नु पर्नेछ ।”[१७७]

## ५.८ मानव बेचविखनको जोखिम

नेपाली नागरिकहरूको नेपाल भित्र र बाहिर बेचविखन हुने गरेको लामो इतिहास छ । विगतमा खासगरी यौनशोषणका लागि महिला र बालिकाहरूको बेचविखन हुने गरेकोमा पछिल्ला साढे दुईदशकयता बैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्यामा तीब्र वृद्धि भएसँगै मानव बेचविखनको दायरा झन फरकाकिलो तथा आयामहरूमा परिवर्तन भई श्रम शोषणका लागि आप्रवासी श्रमिकहरू समेत उल्लेख्य मात्रामा बेचिवखनमा पर्ने गरेका छन् । अध्ययनहरूले कसरी आप्रवासी श्रमिकहरू बेचविखनमा पर्ने गर्दछन् भन्ने देखाएका छन् ।[१७८] नेपालमा सामान्य

---

१७७ UNICEF Nepal, "Greater support needed for working families as COVID-19 takes hold – UNICEF, ILO and UN Women"; April 1, 2020; https://www.unicef.org/nepal/press-releases/greater-support-needed-working-families-covid-19-takes-hold-unicef-ilo-and-un-women मा हेरिएको ।

१७८ राष्ट्रिय मानव अधिकार आयोग, "Trafficking in persons in Nepal: National Report", September 2018, https://www.nhrcnepal.org/uploads/publication/NHRC_National_Report_TIP_in_Nepal_September_2018.pdf मा उपलब्ध ।

राष्ट्रिय मानव अधिकार आयोग, “आप्रवासी श्रमिकहरूको अधिकारको अवस्था : भर्ना अध्ययास र न्यायमा पहुँच सम्बन्धी अध्ययन प्रतिवेदन”, २०७६ असार https://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/Research_Report_on_the_Situation_of_The_Rights_of_MW.pdf मा उपलब्ध ।

U.S. Department of State, "2020 Trafficking in Persons Report: Nepal" https://www.state.gov/reports/2020-trafficking-in-persons-report/nepal/ मा हेरिएको ।

Amnesty International, "Turning People into Profits: Abusive Recruitment, Trafficking and Forced Labour of Nepali Migrant Workers", June 2017, https://www.amnesty.org/download/Documents/ASA3162062017ENGLISH.PDF मा हेरिएको ।

अवस्थामा भन्दा प्राकृतिक विपत्ति लगायतका संकटको अवस्थामा मानव बेचविखनको जोखिम बढी हुने गर्दछ। उदाहरणका लागि नेपालमा वि.सं. २०७२ सालको विनाशकारी भूकम्पपछि मानव बेचविखनसँग सम्बन्धित घटनाहरूमा वृद्धि भएका थिए ।[१७९]

महामारीले राष्ट्रिय अर्थतन्त्रमा गम्भीर प्रभाव पार्‍यो र रोजगारीमा रहेका लाखौँजना बेरोजगार हुन पुगे । तसर्थ यस पटक पनि महामारी पछि नेपालमा रोजगारी पाउने अत्यन्त कम सम्भावनाका कारण ती श्रमिकहरूको बेचविखनको जोखिम बढेको छ । महामारीका कारण रोजगारी गुमेका धेरैजना श्रमिकहरू रोजगारीको लागि स्वदेश भित्र वा अन्तिम विकल्पको रूपमा विदेश जाने योजनामा रहेको पाइयो । यस अध्ययनका लागि अन्तर्वार्ता गरिएका ६७ मध्ये २१ जना (३१.३४ प्रतिशत) ले रोजगारीका लागि विदेश जाने सोच बनाएका वा त्यसको योजना गरिसकेका थिए । कोरोना-१९ महामारी अघि पनि वैदेशिक रोजगारीमा जाने ठूलो संख्याका नेपाली आप्रवासी श्रमिकहरूको श्रम शोषणका लागि बेचविखन हुने गरेको सन्दर्भमा नेपालमा रोजगारी गुमेर अन्तिम विकल्पका रूपमा त्यसरी विदेश जाने योजनामा रहेकाहरू बेचविखनको उच्च जोखिममा रहेका छन् ।

महामारीका कारण रोजगारी गुमेको कारण आर्थिक चपेटामा परेका श्रमिकहरू पुनः रोजगारी पाउने आशामा रोजगारदाता वा मध्यस्थकर्ताका 'कुनै पनि प्रकारका शर्तहरू' मान्नुको विकल्प नहुन सक्दछ। अर्कोतर्फ मानव बेचविखनको दाउ हेरिरहेकाले बेरोजगार वा आप्रवासी जस्ता मानिसहरूलाई लक्षित गर्ने गरेको पाइन्छ। संयुक्त राष्ट्रसंघले पनि कोभिड-१९ का कारण उत्पन्न आर्थिक संकटले

Amnesty International, "False Promises: Exploitation and Forced Labour of Nepalese Migrant Workers", December 2011, https://www.amnesty.org/download/Documents/28000/asa310072011en.pdf मा हेरिएको ।

१७९ Rina Chandan, Reuters, "Nepal quake survivors struggle with debt, raising trafficking fears", July 26, 2016, https://www.reuters.com/article/us-nepal-quake-trafficking-idUSKCN1061RJ मा हेरिएको ।

बढी मानिसहरूलाई बेचविखनको जोखिममा पारेको भनी सचेत गराएको[१८०] यस अवस्थामा नेपालमा रोजगारी गुमेका ती श्रमिकहरू बेचविखन वा अन्य ज्यादतीको उच्च जोखिममा रहने देखाउँदछ ।

श्रमिक भर्ना गर्ने नेपालका एजेन्सीहरूले जारी महामारीमा श्रमिकहरूलाई भिजिट भिसा वा अनौपचारिक तबरबाट विदेश पठाउने क्रमलाई बढावा दिएका छन् । वैदेशिक रोजगार विभागका महानिर्देशकले लकडाउन हटे पश्चात् रिक्रुटरहरूले दैनिक कम्तिमा दुईसय ५० जनालाई भिजिट भिसामा विदेश लैजाने गरेको अनुमान गर्नुभएको थियो ।[१८१] यसरी अनौपचारिक तरिकाले वैदेशिक रोजगारीमा पठाइँदा वैदेशिक रोजगारीका लागि अनिवार्य रूपमा श्रम स्वीकृति लिएर मात्र जानु पर्ने भन्ने नेपालको कानुनी प्रावधानको उल्लंघन मात्र गर्दैन, यसले गर्दा श्रमिकहरू ज्यादतीमा पर्दा उनीहरूलाई राज्यले संरक्षण प्रदान गर्न समेत नसक्ने जोखिममा पार्दछ ।

अनौपचारिक रूपमा वैदेशिक रोजगारीमा लगिइएका ती श्रमिकहरू आधिकारिक रूपमा वैदेशिक रोजगारीमा गएको नमानिने हुँदा उनीहरू गैरकानुनी शुल्क तिर्नुपर्नेदेखि उनीहरूले विदेशमा पाउने काम र पारीश्रमिकमा झुक्यान,

---

१८० United Nations, "Global Report on Trafficking in Persons 2020", February 2, 2021, https://www.unodc.org/unodc/en/data-and-analysis/glotip.html मा हेरिएको ।

१८१ Lock Talk, News24 TV, “भिजिट भिसामा ठगिँदै युवा, मेनपावर कम्पनी पछाडि राजनीतिक दलका मान्छे”, २०७७ पौष १८ गते https://www.youtube.com/watch?v=DoUY-ktbP5U मा हेरिएको ।

यो पनि हेर्नुहोस्

Chandan Kumar Mandal, The Kathmandu Post, "Authorities worried about migrant workers going abroad on visit visa", December 4, 2020, https://kathmandupost.com/national/2020/12/04/authorities-worried-about-migrant-workers-going-abroad-on-visit-visa मा उपलब्ध ।

Chandan Kumar Mandal, The Kathmandu Post, "Nepalis continued to be duped to work abroad on visit visas", December 31, 2020 https://kathmandupost.com/national/2020/12/31/nepalis-continued-to-be-duped-to-work-abroad-on-visit-visas मा उपलब्ध ।

बाध्यकारी श्रम, शोषण वा बेचविखनजस्ता विभिन्न प्रकारका ज्यादतीमा पर्ने बढी जोखिममा रहन्छन् । यस अध्ययनका लागि अन्तर्वार्ता गरिएका वैदेशिक रोजगारीमा जाने विचारमा रहेका वा योजना गरेका २१ जना श्रमिकहरूमध्ये आठ जनाले आफूलाई रिक्रुटरले भिजिट भिसामा तर सुरक्षित तवरले विदेश पठाउन लागेको बताए । यसरी जाँदा जोखिम पनि हुन सक्दछ भन्नेमा तपाई कत्तिको जानकार हुनुहुन्छ भनी अध्ययनटोलीले प्रश्न गर्दा ती मध्ये केहीले आफू त्यस्तो जोखिमको बारेमा जानकार रहेको तर अन्य कुनै विकल्प नभएको कारण त्यस्तो जोखिम मोल्न तयार भएको बताएका थिए ।

*पोखराको एक होटलमा मेरो रोजगारी थियो, तर महामारीका कारण त्यो रोजगारी गुम्यो । मेरो श्रीमान र परिवारमा अन्यसँगको सम्बन्धमा केही समस्या थियो । म अहिले न मेरो माइती जान सक्छु न त श्रीमान्‌को घर नै । फेरि हाम्रो समाजले पनि मनोरञ्जन र होटल क्षेत्रमा काम गर्ने श्रमिकहरूलाई अलि अर्कै दृष्टिले हेर्ने गर्दछ । पाँच महिनादेखिको कोठा भाडा तिर्न सकेको छैन, खाने कुरा किन्ने कुनै उपाय छैन । अन्य कुनै विकल्प नपाएपछि मैले विदेश जाने निधो गरेँ । एकजना एजेन्टले मलाई दुवईमा रोजगारीमा पठाउने आश्वासन दिएको छ । ती एजेन्टले हाल सरकारले खाडी देशमा वर्किङ्ग भिसामा जान महिलाहरूलाई प्रतिवन्ध छ, त्यसैले भिजिट भिसामा जाने व्यवस्था मिलाउँदै छु भनेका छन् । हुन त विदेश जाने महिलाहरूले विभिन्न चुनौती भोग्नु पर्छ भन्ने मैले सुनेको छु । तर पनि त्यो जोखिम मोल्नुको विकल्प मसँग रहेन । हेरौँ, मेरो भाग्यले मलाई कहाँ पुऱ्याउँछ ।*

- *सविना नेपाली (नाम परिवर्तन), कास्की जिल्ला*[१८२]

राज्यका निकायहरूले कुनै विस्तृत अध्ययन गरेको नभए पनि नेपालमा ठूलो संख्याका श्रमिकहरूको महामारीका कारण रोजगारी गुमेको कारण नेपाली

---

१८२ सविना नेपालीसँग प्रत्यक्ष भेट गरी गरिएको अन्तर्वार्ता, कास्की जिल्ला, २०७७ चैत ८ गते ।

श्रमिकहरूको बेचविखन बढेको सञ्चार माध्यमहरूले जनाएका छन् ।[१८३] यसका अलावा मानव वेचविखन विरुद्ध कार्यरत संस्थाका प्रतिनिधिहरूले लकडाउन र त्यसपछि पनि मानव वेचिविखन र त्यसको जोखिम बढेको बताएका छन् ।[१८४] एक पटक रोजगारी गुमीसकेपछि पुनः रोजगारी पाउन कठिन हुनु त्यसको प्रमुख कारण रहेको उनीहरूको भनाई रहेको छ । कतिपय श्रमिकहरूलाई भारत हुँदै वा अनौपचारिक तरिका अपनाई विश्वका विभिन्न देशमा लगिने गरिएको पनि उनीहरूले बताए ।

## ५.९ महिला श्रमिकहरूमा परेको प्रभाव

नेपाल श्रमशक्ति सर्वेक्षण अनुसार काम गर्ने उमेर पुगेका नेपालको कुल जनसंख्या २ करोड ७ लाख ४४ हजारमध्ये १ करोड १५ लाख ३७ हजार तथा रोजगार जनशक्तिमध्ये ३७.२६ प्रतिशत (कुल रोजगार जनशक्ति ७० लाख ८६ हजारमध्ये २६ लाख ४० हजार) महिलाहरू रहेका छन् । रोजगारमध्ये ९०.५ प्रतिशत महिलाहरू अनौपचारिक रोजगारीमा रहेका छन् । यति ठूलो संख्याका महिलाहरू अनौपचारिक रोजगारीमा रहनुको अर्थ महामारीका कारण महिला श्रमिकहरू नै रोजगारी र आम्दानी गुम्ने बढी जोखिममा रहे । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको एक सर्वेक्षणले २०७६ र २०७७ सालको लकडाउनको अवधिमा २८ प्रतिशत पुरुषको रोजगारी गुम्दा महिलाहरू भने ४१ प्रतिशतको रोजगारी गुमेको थियो ।[१८५]

---

१८३ Nunuta Rai, Onlinekhabar, "Nepal's poor have turned more vulnerable to human trafficking amid Covid-19", April 7, 2021 https://english.onlinekhabar.com/nepals-poor-have-turned-more-vulnerable-to-human-trafficking-amid-covid-19.html मा हेरिएको ।

१८४ अनौपचारिक र मनोरञ्जन क्षेत्रका श्रमिकहरूको अधिकारका लागि कार्यरत संस्था विश्वास नेपालकी रसना ढकालसँग २०७८ जेठ २० गते र Alliance Against Trafficking in Women and Children in Nepal (AATWIN) का कार्यकारी निर्देशक बेनुमाया गुरुङसँग २०७८ असार १८ गते गरिएको अन्तर्वार्ता ।

१८५ United Nations Development Program Nepal, "Rapid Assessment of Socio Economic Impact of COVID-19 in Nepal", May 2020,

पुरुष श्रमिकको तुलनामा महिलाहरूलाई कम पारीश्रमिक दिने गरेको पाइन्छ । नेपाल श्रमशक्ति सर्वेक्षण अनुसार नेपाली श्रमिकहरूको औषत मासिक कमाई १७ हजार ८०९ रुपैयाँ भएकोमा महिला श्रमिकहरूको पारीश्रमिक पुरुषहरूको तुलनामा ५ हजार ८३४ रुपैयाँले कम रहेको देखाएको छ । यसको अर्थ रोजगारीमा रहेका महिलालाई पनि भविष्यको लागि बचत गर्न प्रायः असम्भव रहन्छ वा उनीहरूको बचत गर्ने क्षमता कम रहन्छ । त्यस्तै ठूलो संख्यामा महिलाहरू अनौपचारिक रोजगारीमा रहनुको अर्थ उनीहरू सामाजिक सुरक्षा वा अन्य संरक्षणको दायरा बाहिर रहन्छन् । यसरी कम पारीश्रमिकमा, बिना सामाजिक सुरक्षा र महामारीको बेला रोजगारी गुम्ने बढी जोखिम भएको क्षेत्रमा कार्यरत रहेका कारण कोभिड-१९ ले महिला श्रमिकहरूमा बढी प्रभाव पार्‍यो ।

## ५.१० रोजगारीमा रहेकाहरूमा परेको प्रभाव

महामारीको परिणामस्वरूप रोजगारी नगुमेका श्रमिकहरू पनि रोजगारदाताले लकडाउन र महामारीले पारेको असर कतिञ्जेल धान्न सक्दछन् र कतिबेला रोजगारी गुम्ने हो भन्ने अनिश्चितता भोग्नु परेको छ । यस अध्ययनका क्रममा ट्रेड युनियनहरूसँग गरिएको पटक पटकको कुराकानीमा अधिकांश श्रमिकहरूलाई तिनका रोजगारदाताले कोभिड-१९ संक्रमणबाट उनीहरूलाई सुरक्षित राख्न मास्क र स्यानिटाइजरजस्ता आवश्यक न्युनतम सामग्री र मापदण्ड समेत नअपनाएकोमा ट्रेड युनियन प्रतिनिधिहरूले चिन्ता व्यक्त गरे । त्यस्तै उनीहरूले कार्यस्थल वा उनीहरूलाई ल्याउन लैजान प्रयोग गरिने सवारी साधनमा भौतिक दुरी कायम गर्ने नगरिएको पनि बताए । “फ्रन्टलाइनर” भन्दा बाहेकका श्रमिकहरूलाई जारी कोभिड-१९ को खोपको लागि पनि प्राथमिकतामा नराखिँदा ती श्रमिकहरू कोभिड-१९ संक्रमणको उच्च जोखिममा रहेका देखिन्छन्।

---

https://www.np.undp.org/content/nepal/en/home/presscenter/articles/2020/Three-in-Five-employees-lost-their-jobs-due-to-COVID19-in-Nepal.html मा उपलब्ध ।

# परिच्छेद-तीन

# रोजगारीको हक र नेपाल सरकारका रोजगार कार्यक्रमहरू

## १. रोजगारीको हक

नेपालको संविधानले हरेक नागरिकलाई रोजगारी र रोजगारी छनोट गर्ने, उचित पारीश्रमिक पाउने र प्रत्येक श्रमिकलाई सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ ।[१८६] त्यस्तै नेपाल यी अधिकारहरू सुनिश्चितताका लागि जारी गरिएका मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूको पक्षराष्ट्र पनि हो ।[१८७] नेपाल सरकारले काम गर्ने उमेर पुगेका नागरिकहरूलाई रोजगारी सुनिश्चित गर्न र तिनको श्रम अधिकार तथा सामाजिक सुरक्षा संरक्षित गर्न विभिन्न कानुनहरू पनि निर्माण गरेको छ ।[१८८]

**रोजगारीको हक सम्बन्धी ऐन, २०७५**

प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, आफ्नो क्षमता अनुसार रोजगारी छनोट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, अवस्था तथा वेरोजगार सहायता सम्बन्धमा व्यवस्था गर्न रोजगारीको हक सम्बन्धी ऐन निर्माण गरिएको छ । ऐनमा विद्यमान केही प्रमूख प्रावधानहरू :

---

१८६ नेपालको संविधान, २०७२, धारा ३३ (१), ३३ (२) र ३४ (१)

१८७ आर्थिक, सामाजिक तथा सांस्कृति अधिकार सम्बन्धी अनुवन्ध, १९६६ र अन्तर्राष्ट्रिय श्रम संगठनका विभिन्न महासन्धि लगायतका संयुक्त राष्ट्रसंघीय दस्तावेजहरू

१८८ रोजगारीको हक सम्बन्धी ऐन, २०७५, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ लगायत ।

| | |
|---|---|
| *दफा ३:* | *हरेक नागरिकलाई रोजगारीको हक हुनेछ ।* |
| *दफा ४:* | *प्रत्येक नागरिकलाई आफूले चाहेको रोजगारी छनौट गर्न पाउने अधिकार हुनेछ ।* |
| *दफा ५:* | *प्रत्येक बेरोजगार व्यक्तिलाई यस ऐन बमोजिम बेरोजगार सहायता पाउने अधिकार हुनेछ ।* |
| *दफा ७:* | *रोजगारीमा रहेको व्यक्तिलाई प्रचलित कानुन बमोजिम बाहेक बिना कारण रोजगारीबाट हटाउन पाइने छैन ।* |
| *दफा ८:* | *नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले यो ऐन प्रारम्भ भएपछि बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गर्न आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्नेछ ।* |
| *दफा २०:* | *नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले बेरोजगार सहायताको लागि रोजगारीको अवसर सम्बन्धी सूचना उपलब्ध गराउने, रोजगारमूलक तथा सीपमूलक तालिम प्रदान गर्ने, बैंक तथा वित्तिय संस्था मार्फत् स्वरोजगारको लागि सहुलियतपूर्ण ऋण उपलब्ध गराउने र स्वरोजगार सिर्जना गर्ने लगायतका कार्यक्रमहरू गर्नेछ ।* |
| *दफा २२:* | *नेपाल सरकारले रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार उपलब्ध गराउन नसकेमा एक आर्थिक वर्षमा मन्त्रालयले तोकेको न्यूनतम पारिश्रमिकको एकसय दिन बराबरको रकमको पचास प्रतिशत रकम तोकिएको शर्तको अधीनमा रही निर्वाह भत्ता उपलब्ध गराउनेछ ।* |

तर काम गर्ने उमेर भएका अधिकांश नागरिकहरू रोजगारीको अवसरबाट वञ्चित छन् । महामारीभन्दा अघि हरेक वर्ष ५ लाख नेपाली श्रम बजारमा

आउने गरेका[१८९] र काम गर्ने उमेर पुगेका नेपालका कुल २ करोड ७ लाख ४४ हजार नागरिकहरूमध्ये केवल ३४.१६ प्रतिशत (७० लाख ८६ हजार जना)[१९०] मात्रै आंशिक वा पूर्ण रोजगारी[१९१]मा रहेका थिए । यसको अर्थ काम गर्ने उमेर पुगेका ठूलो संख्याका नागरिकहरू यसैपनि बेरोजगार थिए । त्यसमाथि जारी महामारीमा लाखौँको रोजगारी गुम्दा नेपालमा बेरोजगारीको समस्या अझ गहिरिएको छ । नेपाल सरकारको अक्टोवर २०२० को एक प्रतिवेदन अनुसार कोभिड-१९ महामारीका कारण नेपालमा ७ लाख ८ हजार जनाको स्थायी वा अस्थायी रूपमा रोजगारी गुम्यो भने २ लाख ५५ जना विदेशमा रोजगारी गुमेर नेपाल फर्किनु पर्‍यो र विश्वव्यापी रूपमा श्रमिकको मागमा आएको गिरावटका कारण वैदेशिक रोजगारीमा जान तयारी गरिरहेका ७५ हजार जना विदेश जान पाएनन् ।[१९२] सो प्रतिवेदनले विद्यमान बेरोजगारीको समस्यालाई सम्बोधन गर्न आर्थिक वर्ष २०७७/७८ मा २४ लाख भन्दा बढी नयाँ रोजगारी सिर्जना गर्न आवश्यक रहेको औंल्याएको थियो ।

नेपाल सरकारले काम गर्ने उमेर पुगेका हरेक नागरिकलाई रोजगारी उपलब्ध गराउने योजना र कार्यक्रम पनि लागू गर्‍यो[१९३], जसमा प्रधानमन्त्री रोजगार

---

१८९ अर्थ मन्त्रालय, "आर्थिक सर्वेक्षण २०७६/७७" २०७७ जेठ, https://mof.gov.np/site/publication-detail/2174

१९० Central Bureau of Statistics, "Report on the Nepal Labour Force Survey 2017/18", March 2019, https://cbs.gov.np/wp-content/upLoads/2019/04/NLFS-III_Final-Report.pdf मा हेरिएको ।

१९१ नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८ ले reference week मा कम्तिमा एक घण्टाको रोजगारी भएका व्यक्तिलाई रोजगारी भएको ('at work') मानी सो संख्या गणना गरेको ।

१९२ Government of Nepal, National Planning commission, "The Effects of COVID-19 Pandemic on Foreign Employment and Its Impact on the Economy of Nepal," October 2020, https://npc.gov.np/images/category/The_Effect_of_COVID-19_Pandemic_on_Foreign_Employment,_and_its_Impact_on_the_Economy_of_Nepal_.pdf मा हेरिएको ।

१९३ उदाहरणको लागि नेपाल सरकारको आर्थिक वर्ष २०७७/७८ को बजेटमा सो आर्थिक वर्षमा ७ लाख ८३ हजार ५०५ भन्दा बढीलाई नेपालमा रोजगारी सुनिश्चित गर्ने योजना गरिएको थियो ।

कार्यक्रम[१९४] जस्ता महत्वपूर्ण कार्यक्रमहरू पनि रहेका छन् । तर पनि विद्यमान बेरोजगारीको समस्यालाई उपयुक्त हिसावले सम्बोधन गर्ने प्रकृतिका योजना तथा नीतिको अभाव वा रोजगार कार्यक्रमहरूको कम प्रभावी कार्यान्वयनका कारण लाखौँ नागरिकहरू या त बेरोजगारै रहे या वैदेशिक रोजगारीमा जान बाध्य भए । नेपाल सरकारको अभिलेख अनुसार विगत तीन आर्थिक वर्षमा कुल १५ लाख ९ हजार ६८ जना[१९५] नेपालीले वैदेशिक रोजगारीमा जानको लागि श्रम स्वीकृति लिएको देखिन्छ (तालिका ९) ।[१९६]

---

१९४ थप जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रम, "कार्यक्रम परिचय", https://pmep.gov.np/pmep-introduction मा प्राप्त गर्न सकिन्छ ।

१९५ वैदेशिक रोजगार विभागद्वारा प्रकाशित निम्न लिखित प्रतिवेदनहरूका तथ्याङ्कका आधारमा प्रतिवेदन लेखकले तयार गरेको विवरण

(१) "LABOUR APPROVAL RECORD FOR FISCAL YEAR 2074.75 (2017.07.16 to 2018.07.16)", "Report on Final Approved List New RA Wise from 2018-07-17 to 2019-07-16" र "LABOUR APPROVAL RECORD DATED 2076/04/01 TO 2077/03/31" यी सबै प्रतिवेदनहरू विभागको वेवसाइट http://dofe.gov.np/yearly.aspx मा उपलब्ध छ ।

(२) वैदेशिक रोजगार विभाग अन्तर्गतको इपिएस कोरिया शाखाबाट प्राप्त दक्षिण कोरियामा रोजगारीमा जानका लागि श्रम स्वीकृति प्राप्त गर्नेहरूको तथ्याङ्क ।

१९६ यसका अलावा भारतमा रोजगारीमा जानेहरू छन्, जसलाई नेपाल सरकारले श्रम स्वीकति जारी गर्ने नगरेको र उनीहरूको अभिलेख पनि राख्ने नगरेको । भारत रोजगारीमा लाखौँको संख्यामा नेपालीहरू जाने गरेका छन् ।

## तालिका ९

## वैदेशिक रोजगारीको खोजीमा रहेका नेपालीहरूलाई विगत तीन वर्षमा जारी गरिएको श्रम स्वीकृतिको विवरण

| सि.नं. | आर्थिक वर्ष | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| (क) दक्षिण कोरिया बाहेकका देशका लागि जारी गरिएका श्रम स्वीकृति | | | | |
| १. | २०७४/७५ (सन् २०१७/१८) | ५,७९,७२१ | ३२,९६४ | ६,१२,६८५ |
| २. | २०७५/७६ (सन् २०१८/१९) | ४,७६,७०५ | ३२,१२३ | ५,०८,८२८ |
| ३. | २०७६/७७ (सन् २०१९/२०) | ३,४०,००० | २८,४३३ | ३,६८,४३३ |
| | **३ आर्थिक आर्थिक वर्षको जम्मा** | **१३,९६,४२६** | **९३,५२०** | **१४,८९,९४६** |
| (ख) दक्षिण कोरियाका लागि जारी गरिएका श्रम स्वीकृति | | | | |
| १. | २०७४/७५ (सन् २०१७/१८) | ७,४८९ | ३८४ | ७,८७३ |
| २. | २०७५/७६ (सन् २०१८/१९) | ७,२७१ | ३८६ | ७,६५७ |
| ३. | २०७६/७७ (सन् २०१९/२०) | ३,३५३ | २३९ | ३,५९२ |
| | **३ आर्थिक आर्थिक वर्षको जम्मा** | **१८,११३** | **१,००९** | **१९,११२** |
| | (क) र (ख) को गरी कूल जम्मा | **१४,१४,५३९** | **९४,५२९** | **१५,०९,०६८** |
| | **वार्षिक औषत** | **४,७१,५१३** | **३१,५१०** | **५,०३,०२३** |

*स्रोतः वैदेशिक रोजगार विभाग र विभाग अन्तर्गतको इपीएस कोरिया शाखाबाट प्रकाशित तथ्याङ्कलाई जोडेर प्रतिवेदनका लेखकले तयार गरेको विवरण ।*

तालिका ९ ले हरेक वर्ष नेपालको श्रम बजारमा आउने नेपालीहरू भन्दा बढी नेपालीले वैदेशिक रोजगारीमा जान (भारत बाहेक) श्रम स्वीकृति लिएको देखाउँदछ । त्यसका अलावा झण्डै दश लाख नेपालीहरू भारतमा कार्यरत रहेको नेपाल सरकारको एक प्रतिवेदनले उल्लेख गरेको छ ।[१९७] हरेक नेपालीलाई रोजगारी सुनिश्चित गरिने र पाँचवर्षभित्र नेपाली नागरिकहरूलाई वैदेशिक रोजगारीमा जाने वाध्यता अन्त्य गरिने भनी २०७५ मा नेपाल सरकारले गरेको घोषणा[१९८]का बाबजुद त्यति ठूलो संख्यामा नेपालीहरू बैदेशिक रोजगारीमा जान वाध्य रहेको देखिन्छ । यस्तो अवस्थामा रोजगारी गुमेका वा यसै पनि बेरोजगार रहेका नागरिकहरूलाई नेपालमा रोजगारी पाउन ज्यादै चुनौतीपूर्ण देखिन्छ । काठमाडौं महानगरपालिकाको एक सर्वेक्षणले पनि यस तथ्यलाई पुष्टि गरेको छ । सो सर्वेक्षणमा सहभागीमध्ये रोजगारी गुमेका ५७ ले पुनः उनीहरूको रोजगारीमा फर्कन नसकेको देखाएको छ ।[१९९] भैरहेको रोजगारी गुम्दा र नयाँ रोजगारी नपाउँदा ती श्रमिक र तिनका परिवारको जीवीकोपार्जनमा गम्भीर प्रभाव पारेको त छँदैछ, त्यसका अलावा उनीहरूलाई ऋणको वन्धक, बाध्यकारी श्रम र बेचविखन जस्ता गम्भीर मानव अधिकार ज्यादतीको जोखिममा समेत पारेको छ ।

१९७ राष्ट्रिय योजना आयोगको अक्टोवर २०२० "The Effects of COVID-19 Pandemic on Foreign Employment and Its Impact on the Economy of Nepal" विषयक प्रतिवेदनले भारतमा ९ लाख ७६ हजार ६२५ जना नेपाली श्रमिकहरू कार्यरत रहेको अनुमान गरेको थियो ।

१९८ नेपाल सरकार, "आर्थिक वर्ष २०७५/७६ को नेपाल सरकारको नीति तथा कार्यक्रम", २०७५ जेठ ८, https://www.opmcm.gov.np/plan-policies/ मा हेरिएको ।

१९९ काठमाडौं महानगरपालिका, "काठमाडौं महानगरपालिकामा कोभिड-१९ को प्रभावसम्बन्धी सर्वेक्षण : नतिजा र विश्लेषण", २०७७ असार https://old.kathmandu.gov.np/sites/kathmandu.gov.np/files/COVID19%20.pdf मा हेरिएको ।

## २. रोजगार कार्यक्रमहरू

नेपाल सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम लगायत विभिन्न रोजगार कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको छ । केही त्यस्ता कार्यक्रमहरू दशकौँदेखि कार्यान्वयनमा रहेका छन् भने केही कार्यक्रमहरू हालै ल्याइएको वा कोभिड-१९ महामारीका कारण ठूलो संख्यामा रोजगारी गुमेपछि त्यसबाट सृजित समस्या सम्बोधनका लागि भनी ल्याइएका थिए । विगतदेखि सञ्चालनमा रहेका र नयाँ घोषणा गरिएका रोजगार कार्यक्रमहरू मार्फत् आर्थिक वर्ष २०७७/७८ मा ७ लाख ८० भन्दा बढी रोजगारी सिर्जना गर्ने योजना गरिएको थियो (तालिका १०) ।

**तालिका १०**

**आर्थिक वर्ष २०७७/७८ मा नेपाल सरकारले सिर्जना गर्ने योजना गरेको रोजगारी**[२००]

| सि.नं. | रोजगारीका क्षेत्र | सिर्जना गरिने रोजगारी संख्या | विनियोजित बजेट |
|---|---|---|---|
| १. | प्रधानमन्त्री रोजगार कार्यक्रम | २,००,००० | ११ अर्ब ६० करोड |
| २. | कोरोनाको कारण रोजगारी गुमेका र तत्काल पुनरुत्थान भई रोजगार सृजना हुन नसक्ने क्षेत्रमा कार्यरत रहेका मजदुरहरूको सीप रूपान्तरण | ५०,००० | १ अर्ब |

२०० नेपाल सरकार, अर्थ मन्त्रालय, "वजेट वक्तव्य, आर्थिक वर्ष २०७७/७८", २०७७ जेठ १५ https://www.mof.gov.np/uploads/document/file/Budget%20Speech%202020_20201118033431.pdf मा हेरिएको ।

| | | | |
|---|---|---|---|
| | गरी अन्यत्र काम गर्न सक्षम तुल्याउन संघ तथा प्रदेशमा सीप विकास तालिम र प्रशिक्षण कार्यक्रम गरी सिर्जना गरिने रोजगारी | | |
| ३. | श्रम बजारमा नयाँ प्रवेश गर्ने, कोरोना महामारीबाट रोजगारी गुमाएका असंगठित क्षेत्रका श्रमिक र वैदेशिक रोजगारबाट फर्केका युवालाई रोजगारी दिलाउन प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम प्रदायक संस्थाको सुदृढीकरण गरी सिर्जना गरिने रोजगारी | ७५,००० | ४ अर्ब ३४ करोड |
| ४. | श्रम सूचना बैंक मार्फत् रोजगारी | ५०,००० | १ अर्ब |
| ५. | बैंक तथा वित्तिय संस्थाबाट प्रदान हुने सहुलियतपूर्ण कर्जा कार्यक्रम मार्फत् वाणिज्य बैंकबाट प्रति शाखा १० जना तथा विकास बैंकबाट प्रति शाखा ५ जनाका दरले सहुलियतपूर्ण कर्जा उपलब्ध गराइ हुने रोजगारी सिर्जना<br>(२०७७ असार मसान्तसम्ममा वाणिज्य बैंकको कूल शाखा | वा.बैंक ४४,३६०<br>वि.बैंक ५,१४५<br>जम्मा ४९,५०५ | |

| | | | |
|---|---|---|---|
| | संख्या ४,४३६ र विकास बैंकका कूल शाखा संख्या १,०२९ रहेको)[२०१] | | |
| ६. | साना किसान लघुवित्त संस्था मार्फत् सञ्चालित साना किसान कर्जा कार्यक्रमबाट सिर्जना हुने रोजगारी | ४०,००० | |
| ७. | युवा स्वरोजगार कोषको स्वरोजगार कार्यक्रमको माध्यमबाट सिर्जना हुने रोजगारी | १२,००० | |
| ८. | गरिवका लागि लघु उद्यम लगायतका उद्यम क्षेत्रका कार्यक्रमबाट सिर्जना हुने रोजगारी | १,२७,००० | |
| ९. | बन पैदावारमा आधारित उद्यम, कृषि बन, नर्सरी स्थापना तथा वृक्षारोपण, संरक्षित क्षेत्र, जडीबुटी उत्पादन तथा प्रशोधन लगायतका कार्यक्रमबाट सिर्जना हुने रोजगारी | ३०,००० | |

२०१ Nepal Rastra Bank, Current Macroeconomic and Financial Situation of Nepal (Based on Nine Month's Data Ending Mid-April, 2020/21), https://www.nrb.org.np/contents/uploads/2021/05/Current-Macroeconomic-and-Financial-Situation-English-Based-on-Nine-Months-data-of-2020.21-1.pdf मा हेरिएको ।

| | | | |
|---|---|---|---|
| **१०.** | गरिबी निवारण कोषद्वारा प्रवर्द्धित ६४ जिल्लाका ३२ हजार भन्दा बढी सामुदायिक संस्थाले परिचालन गरेको घुम्ती कोषलाई सहकारी प्रणालीमा रूपान्तरण गरी सिर्जना गरिने रोजगारी | १,५०,००० | १९ अर्ब |
| | जम्मा | ७,८३,५०५ | |

स्रोतः नेपाल सरकारको आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यका आधारमा प्रतिवेदन लेखकले तयार गरेको विवरण ।

स्थानीय तहमा सूचीकृत बेरोजगारहरूलाई रोजगारी सुनिश्चित गर्न नेपाल सरकारले कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना ( सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७[२०२] जारी गऱ्यो । त्यसैगरी सरकारले काम गर्ने उमेर पुगेका नागकिहरूको उत्पादनमा आधारित रोजगारी र स्वरोजगारीका लागि लागत साझेदारीमा आधारित व्यवसायिक तथा सीप विकास तालिम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७[२०३] र व्यवसायिक तथा सीप विकास तालिम सञ्चालन निर्देशिका, २०७७[२०४] पनि जारी गऱ्यो । यसका अलावा ५५ जिल्लाका १०० वटा स्थानीय तहका विपन्न र एकल महिलाहरूको रोजगारीका लागि जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ पनि कार्यान्वयनमा ल्यायो ।[२०५]

२०२ https://pmep.gov.np/currently-inforce-laws मा उपलब्ध ।

२०३ https://mofaga.gov.np/news-notice/2115 मा उपलब्ध ।

२०४ http://moless.gov.np/?page_id=1349 मा उपलब्ध ।

२०५ अर्थ मन्त्रालय, "आर्थिक सर्वेक्षण २०७७/७८" २०७७ जेठ https://mof.gov.np/site/publication-detail/3105 मा हेरिएको ।

सरकारद्वारा वार्षिक बजेट मार्फत् घोषित यी कार्यक्रमहरू विद्यमान वेरोजगारी र जारी महामारीको कारण रोजगारीमा भएको क्षतिको सबैभन्दा उत्तम समाधानको रूपमा चित्रित गरेको थियो । यद्यपि उल्लेख्य स्रोत उपलब्ध हुँदाहुँदै पनि ती कार्यक्रमहरूमध्ये अधिकांशको प्रभावकारी कार्यान्वयन हुन सकेन । यस परिच्छेदमा नेपाल सरकारका रोजगार कार्यक्रमहरूको कार्यान्वयनको अवस्थाका बारेमा केही विश्लेषण गरिएको छ ।

## २.१ प्रधानमन्त्री रोजगार कार्यक्रम

२०७५ फागुनमा सुरुआत गरिएको प्रधानमन्त्री रोजगार कार्यक्रम रोजगारीको हक सम्बन्धी ऐनमा उल्लेख भए बमोजिमको न्यूनतम १०० दिनको रोजगारी सुनिश्चित गर्ने एक वृहत् योजनाको रूपमा लिइएको थियो । संघीय सरकारद्वारा विनियोजित बजेटबाट देशका सबै ७५३ स्थानीय सरकारले आ-आफ्नो पालिकामा सञ्चालन गरिने त्यस कार्यक्रममा काम गर्ने उमेर पुगेका एकाघरका कुनै पनि सदस्यको कतै रोजगारी नभएको परिवारका व्यक्तिले रोजगारीका लागि निवेदन दिन सक्नेछन् । त्यसरी आवेदन दिई सूचीकृत भएका वेरोजगार नागरिकहरूलाई रोजगारी सुचिश्चित गर्न रोजगार कार्यक्रम सञ्चालनका लागि संघीय सरकारले हरेक वर्ष उल्लेख्य रकम छुट्याउँदै आएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत् आर्थिक वर्ष २०७७/७८ मा २ लाख जनालाई न्यूनतम १०० दिनको रोजगारी उपलब्ध गराइने योजना गरिएको थियो । उक्त आर्थिक वर्षको १० महिनाको अवधिमा सो कार्यक्रममा आवेदन दिनेहरूमध्ये सरकारले कूल ७ लाख ५३ हजार २३७ जना बेरोजगारको रूपमा सूचीकृत गरेको थियो ।[२०६] तर त्यस कार्यक्रमबाट सो अवधिमा केवल ९३,४२७ जना (कूल सूचीकृतको १२.४० प्रतिशत) ले मात्र रोजगारी पाएको सो कार्यक्रमले सार्वजनिक गरेको तथ्याङ्कले देखाएको थियो । त्यसैगरी न्यूनतम १०० दिनको रोजगारी उपलब्ध गराउने योजना पनि लक्ष्य भन्दा धेरै टाढा रहेको पाइयो र

२०६ प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट https://pmep.gov.np/ मा प्रकाशित १७ मे २०२१ को तथ्याङ्क ।

त्यस अवधिमा औसत रोजगारी दिन केवल १५.५७ रहेको थियो । ठूलो आर्थिक स्रोत उपलब्ध हुँदाहुँदै पनि सो कार्यक्रम त्यति कमजोर तवरले कार्यान्वयन भएको हो । संघीय सरकारले आर्थिक वर्ष २०७७/७८ का लागि ११ अर्ब ६० करोड बजेट विनियोजन गरेको थियो र सो कार्यक्रम कार्यान्वयनको समन्वयका लागि सबै ७५३ वटै स्थानीय तहमा कार्यक्रम संयोजकहरू कार्यरत रहेका थिए ।

कार्यक्रम सञ्चालनका लागि स्थानीय तहका लागि संघीय सरकारले बजेट विनियोजन गरेको भए पनि पाँचमध्ये एक (कूल ७५३ मध्ये १५३) स्थानीय तहले आर्थिक वर्ष २०७७/७८ को दशमहिनासम्म पनि कुनै पनि योजना कार्यान्वयन गर्न सकेको पाइएन । त्यसैगरी प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि सो आर्थिक वर्षका निम्ति विनियोजित कुल ११ अर्ब ६० करोडमध्ये दशमहिनाको अवधिमा केवल ४० करोड ९२ लाख ६६ हजार ८२० रुपैयाँ (३.५३ प्रतिशत) मात्र खर्च हुनुले सो कार्यक्रमले विनियोजित बजेटको उपयोग गर्न समेत विफल भएको देखिएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको रोजगार योजना कार्यान्वयन गत वर्षहरूमा पनि अप्रभावकारी नै रहेको देखिन्छ । कार्यक्रमको आर्थिक वर्ष २०७५/७६ को प्रतिवेदन अनुसार सो आर्थिक वर्षका लागि कूल १७ लाख १ हजार ५५१ बेरोजगारहरूलाई रोजगारीका लागि सूचीकृत गरिएकोमा केवल १ लाख ७५ हजार ९०९ जना (१०.३४ प्रतिशत) ले औषतमा १३ दिनको रोजगारी पाएका थिए ।[२०७] त्यसैगरी आर्थिक वर्ष २०७६/७७ का लागि ३ लाख ७० हजार ७३४ आवेदकहरूलाई सूचीकृत गरिएकोमा तीमध्ये केवल १ लाख ५ हजार ३६५

---

२०७ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, "प्रधानमन्त्री रोजगार कार्यक्रमः हालसम्म सम्पादित कार्यक्रमहरूको प्रगति विवरण, २०७६/०४/१६" https://pmep.gov.np/uploads/notice/1571824265-%E0%A4%AA%E0%A5%8D%E0%A4%B0-%E0%A4%AE-%E0%A4%B0%E0%A5%8B-%E0%A4%95%E0%A4%BE-%E0%A4%95%E0%A5%8B-%E0%A4%AA%E0%A5%8D%E0%A4%B0%E0%A4%97%E0%A4%A4%E0%A5%80-%E0%A4%B5%E0%A4%BF%E0%A4%B5%E0%A4%B0%E0%A4%A3.pdf मा हेरिएको ।

जना (२८.४२ प्रतिशत) ले मात्र औषत १६ दिनको रोजगारी पाएको सो कार्यक्रमको वार्षिक प्रतिवेदनले देखाएको छ ।[२०८] आर्थिक वर्ष २०७६/७७ मा ७५३ मध्ये केवल ४९५ स्थानीय तह (६५.७४ प्रतिशत) ले मात्र रोजगार कार्यक्रम सञ्चालन गरेको कार्यक्रमको प्रतिवेदनमा उल्लेख थियो ।

**तालिका ११**

**विगत तीन आर्थिक वर्षको प्रधानमन्त्री रोजगार कार्यक्रमबाट उपलब्ध गराइएको रोजगारी**

| सि.नं. | आर्थिक वर्ष | सूचीकृत व्यक्तिको संख्या | रोजगारी पाउने व्यक्तिको संख्या | सूचीकृतमध्ये रोजगारी प्राप्त गर्नेहरूको अनुपात प्रतिशतमा |
|---|---|---|---|---|
| १. | २०७५/७६* | १,७०१,५५१ | १,७५,९०९ | १०.३४ प्रतिशत |
| २. | २०७६/७७** | ३,७०,७३४ | १,०५,३६४ | २८.४२ प्रतिशत |
| ३. | २०७७/७८ ( २०७८ वैशाख मसान्तसम्म)*** | ७,५३,२३७ | ९३,४२७ | १२.४० प्रतिशत |
| | **जम्मा** | **२८,२५,५२२** | **३,७४,७००** | **१३.२६ प्रतिशत** |

२०८ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, "प्रधानमन्त्री रोजगार कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन, आ.व. २०७६/७७", २०७७ फागुन https://pmep.gov.np/uploads/publication/1617517918-PMEP-Annual-Report-076-77.pdf मा हेरिएको ।

*स्रोत: प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रतिवेदनहरू क्रमश: *"हालसम्म सम्पादित कार्यक्रमहरूको प्रगति विवरण २०७६।०४।१६"[२०९], ** "प्रधानमन्त्री रोजगार कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन आ.व. २०७६/७७"[२१०] र *** प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट https://pmep.gov.np/ मा मे १७, २०२१ मा प्रकाशित तथ्याङ्कहरूका आधारमा प्रतिवेदन लेखकले तयार गेरको विवरण।*

त्यसो त प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगारी नै पाउनेहरूलाई पनि त्यहाँबाट हुने कमाईले परिवारको न्यूनतम आधारभूत आवश्यकताका लागि खर्च धान्न ज्यादै अपर्याप्त हुने देखिन्छ। उदाहरणका लागि सो कार्यक्रमबाट पछिल्ला तीन आर्थिक वर्षमा रोजगारी पाउनेले औसत क्रमश: १३, १६ र १६ दिनको रोजगारी पाएका थिए र उनीहरूको दैनिक पारीश्रमिक ५१७ थियो। यस हिसावले उक्त कार्यक्रमबाट रोजगारी पाउनेहरूले आर्थिक वर्ष २०७५/७६ मा औसत ६,७२१ रुपैयाँ तथा आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा औसतमा ८,२७२ रुपैयाँ मात्र कमाइर्क गर्न सकेको देखिन्छ।

---

२०९ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, "प्रधानमन्त्री रोजगार कार्यक्रम: हालसम्म सम्पादित कार्यक्रमहरूको प्रगति विवरण, २०७६/०४/१६" https://pmep.gov.np/uploads/notice/1571824265-%E0%A4%AA%E0%A5%8D%E0%A4%B0-%E0%A4%AE-%E0%A4%B0%E0%A5%8B-%E0%A4%95%E0%A4%BE-%E0%A4%95%E0%A5%8B-%E0%A4%AA%E0%A5%8D%E0%A4%B0%E0%A4%97%E0%A4%A4%E0%A5%80-%E0%A4%B5%E0%A4%BF%E0%A4%B5%E0%A4%B0%E0%A4%A3.pdf मा हेरिएको।

२१० श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, "प्रधानमन्त्री रोजगार कार्यक्रमका वार्षिक प्रगति प्रतिवेदन २०७६/७७", २०७७ फागुन, https://pmep.gov.np/uploads/publication/1617517918-PMEP-Annual-Report-076-77.pdf मा हेरिएको।

## तालिका १२

## प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रोजगारी पाउनेहरूको विगत तीन आर्थिक वर्षको औसत वार्षिक पारीश्रमिक

| सि.नं. | आर्थिक वर्ष | प्रधानमन्त्री रोजगार कार्यक्रमले उपलब्ध गराएको औसत रोजगरी दिन | दैनिक पारीश्रमिक दर | प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको औसत आम्दानी |
|---|---|---|---|---|
| १. | २०७५/७६ | १३ | रु. ५१७ | रु. ६,७२१ |
| २. | २०७६/७७ | १६ | रु. ५१७ | रु. ८,२७२ |
| ३. | २०७७/७८ ( २०७८ वैशाख मसान्तसम्म) | १६ | रु. ५१७ | रु. ८,२७२ |

*स्रोत: माथि तालिका ११ मा उल्लेखित प्रतिवेदनहरूका आधारमा प्रतिवेदन लेखकले तयार गरेको विवरण।*

प्रधानमन्त्री रोजगार कार्यक्रमले शैक्षिक बेरोजगारहरूको नाम पनि सूचिकृत गर्ने भए पनि यस वर्गका लागि कुनै पनि कार्यक्रम तर्जुमा गर्न सकेको छैन। नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८ को प्रतिवेदन अनुसार काम गर्ने उमेर पुगेका शिक्षितहरूको संख्या २९ लाख २२ हजार रहेकोमा त्यसमध्ये १२ लाख ५० हजार (४२.७८ प्रतिशत) रोजगारीको अवसरबाट वञ्चित छन्। तर प्रधानमन्त्री रोजगार कार्यक्रमजस्तो उच्च महत्वको कार्यक्रमले त्यति धेरै संख्यामा रहेका शैक्षिक बेरोजगारहरूका लागि रोजगारी दिन नसक्नुले यस समूहका नागरिकहरूमा

वितृष्णा फैलाएको छ, जुन कुरा स्वयं प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रतिवेदनले पनि सो कार्यक्रमको एक कमजोरीको रूपमा स्वीकार गरेको छ ।[२११] त्यसका बावजुद उक्त कार्यक्रमले सो कमजोरीको सम्बोधनका लागि कुनै पहल गरेको पाइएन ।

रोजगारीको हक सम्बन्धी ऐनले नेपाल सरकारले रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार उपलब्ध गराउन नसकेमा एक आर्थिक वर्षमा मन्त्रालयले तोकेको न्यूनतम पारीश्रमिकको एकसय दिन बराबरको रकमको पचास प्रतिशत रकम निर्वाह भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छ ।[२१२] यस प्रयोजनका लागि सरकारले बजेट विनियोजन गर्ने गरेको छ अर्कोतर्फ कार्यक्रमले सूचीकृत गरेका लाखौँ बेरोजगारहरूलाई सरकारले रोजगारी उपलब्ध गराउन सकेको छैन । तर पनि हालसम्म त्यस्तो भत्ता उपलब्ध गराइएको छैन । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले ऐनको यो प्रावधानको कार्यान्वयन नगरिएको र यसका लागि विनियोजित बजेट स्थानीय तहबाट सञ्चालन हुने बिपन्न नागरिक लक्षित कार्यक्रममा रकमान्तर गर्ने गरिएको बतायो ।[२१३] रोजगारीको हक सम्बन्धी ऐन लागू भएदेखि नै नेपाल सरकार ऐनको निर्वाह भत्ता सम्बन्धी उक्त प्रावधानको विपक्षमा उभिएको पाइएको छ । उदाहरणका लागि, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले २०७६ सालमा "...निर्वाह भत्ता उपलब्ध गराउँदा व्यक्तिमा राज्यप्रतिको निर्भरता बढ्ने

---

२११ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, "प्रधानमन्त्री रोजगार कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन, आ.व. २०७६/७७", पृष्ठ ५०, २०७७ फागुन https://pmep.gov.np/uploads/publication/1617517918-PMEP-Annual-Report-076-77.pdf मा हेरिएको ।

२१२ रोजगारीको हक सम्बन्धी ऐन, २०७५, दफा २२ ।

२१३ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अधिकारीसँग २०७८ जेठ १७ गते र त्यसपछि पुनः जेठ १९ गते गरिएको कुराकानी ।

र सीमित सार्वजनिक स्रोतको अनुत्पादक प्रयोग हुने जोखिम रहने..." भनेको थियो[२१४], जुन उक्त ऐनको प्रावधान विपरीत रहेको देखिन्छ ।

## २.२ प्राविधिक तथा व्यवसायिक र सीप तालिम मार्फत् रोजगारी सिर्जना

व्यवसायिक र प्राविधिक तालिम काम गर्ने उमेर पुगेका नेपालीहरूलाई रोजगारीमा पहुँच दिलाउन वा स्वरोजगार बनाउन एक महत्वपूर्ण उपायको रूपमा लिने गरिन्छ । त्यसकारण नेपाल सरकारले वर्षौंदेखि प्राविधिक तथा व्यवसायिक र सीप तालिमका कार्यक्रमहरूमा ठूलो स्रोत लगानी गर्दै आएको छ । यस्ता तालिमहरू प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्[२१५], व्यवसयिक तथा सीप विकास तालिम प्रतिष्ठान[२१६], घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र[२१७] र कृषि सूचना तथा प्रशिक्षण केन्द्र[२१८] लगायतका राज्यका विभिन्न निकाय मार्फत् सञ्चालन गर्ने गरिएको छ ।

नेपाल सरकारले आर्थिक वर्ष २०७७/७८ का लागि श्रम बजारमा नवप्रवेशी श्रमिक, कोरोना महामारीका कारण रोजगारी गुमेका असंगठित क्षेत्रका श्रमिक र वैदेशिक रोजगारीबाट फर्केका युवा गरी ७५ हजार जनालाई सीप तालिम मार्फत् रोजगारी सुनिश्चित गर्ने योजना गरेको थियो । यसका लागि प्राविधिक तथा व्यवसायिक र सीप तालिम प्रदायक संस्थाको सुदृढीकरण गर्ने र त्यसका लागि ४ अर्ब ३४ करोड रुपैयाँ विनियोजन गरिएको थियो । त्यस्तै, रोजगारीको अवसर पाउने गरी सीप विकास तथा तालिमको प्रवन्ध मिलाई ५० जनालाई आन्तरिक

---

२१४ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, "प्रधानमन्त्री रोजगार कार्यक्रम: प्रेस नोट", २०७६ श्रावण १६ गते, https://pmep.gov.np/uploads/notice/1565248354-%E0%A4%AA%E0%A5%8D%E0%A4%B0%E0%A5%87%E0%A4%B8-%E0%A4%A8%E0%A5%8B%E0%A4%9F.pdf?fbclid=IwAR3EbdwESnROQPZds5N6HV4LmkmTO7emg4-EVeztGj8XOKBSbxtkP37Uw7c मा उपलब्ध ।

२१५ थप जानकारी http://ctevt.org.np/introduction मा उपलब्ध ।

२१६ थप जानकारी http://training.gov.np/en/ मा उपलब्ध ।

२१७ थप जानकारी https://dcsi.gov.np/en/post/view?id=32 मा उपलब्ध ।

२१८ थप जानकारी http://aitc.gov.np/ मा उपलब्ध ।

बजारमा रोजगारी दिलाउन थप १ अर्ब रुपैयाँ विनियोजन गरिएको थियो । नेपालमा कार्यरत विदेशी श्रमिकहरू कोभिड-१९ महामारीमा आफ्नो देश फर्केपछि तिनले गर्दै आएको कामहरू कोरोनाको कारण रोजगार गुमेका र तत्काल पुनरुत्थान भई रोजगार सिर्जना हुन नसक्ने क्षेत्रमा कार्यरत रहेका मजदुरको सीप रूपान्तरण गरी तिनलाई सक्षम तुल्याउन उत्पादन, सेवा क्षेत्र, हस्तकला, प्लम्बिङ्ग, विजुली मर्मत, इलेक्ट्रोनिक्स, कुक, कालिगड, सिकर्मी, डकर्मी, सिलाइकटाइ, ब्युटिसियन, कपाल कटाइ लगायतका सीप विकास तालिम संघ र प्रदेशमा सञ्चालन गर्ने योजना पनि सरकारले गरेको थियो । तर संघीय सरकारले उल्लेख्य बजेट विनियोजन गरेको भए पनि राज्यद्वारा सञ्चालित तालिम प्रदायक संस्थाहरूले विगतमा भन्दा पनि कम अनुपातमा र चालु आर्थिक वर्षका लागि लक्षित गरिएको भन्दा कम संख्याका प्रशिक्षार्थीहरूलाई मात्रै तालिम प्रदान गरे ।

हरेक वर्ष ठूलो संख्याका नेपालीहरू (५ लाखभन्दा बढी) श्रम बजारमा थपिने गरेको सन्दर्भमा जुन मात्रमा सरकारी कार्यक्रमहरूले व्यवसायिक, प्राविधिक तथा सीप तालिम दिने लक्ष्य राखेको छ, त्यो आफैँमा अपर्याप्त हुने गरेको छ । त्यसमाथि राज्यद्वारा सञ्चालित प्रमुख तालिम प्रदायक संस्थाहरूले सरकारले वार्षिक रूपमा निर्धारण गरेको लक्षित संख्या भन्दा ज्यादै कम नागरिकहरूलाई मात्र तालिम प्रदान गरेको छ । तल दिइएको दुईवटा तालिम प्रदायक संस्थाको तालिम सम्बन्धी वार्षिक लक्ष्य र तिनले यथार्थमा हासिल गरेको उपलब्धीलाई हेर्ने हो भने सीप तालिमका माध्यमबाट नेपाली नागरिकहरूको रोजगारीमा पहुँच वा स्वरोजगारी वृद्धि गर्ने भन्ने नेपाल सरकारको योजना कसरी उल्टो गतिमा अघि बढेको छ भन्ने कुरा स्पष्ट पार्दछ ।

- **प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को तालिम कार्यक्रम**

नेपालमा प्राविधिक शिक्षा तथा व्यवासायिक तालिम परिषद् (सीटीईभीटी)[२१९] ले यसका तालिम केन्द्र तथा शिक्षण संस्था मार्फत् नेपालका विभिन्न स्थानमा

२१९ थप जानकारी http://ctevt.org.np/introduction मा उपलब्ध ।

आधारभूतदेखि उच्च तहसम्मको प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यक्रम सञ्चालन गर्दछ । नेपालमा विद्यमान वेरोजगारीको अवस्था र रोजगाररत लाखौंजनाको कोभिड महामारीको कारण रोजगारी गुमेको अवस्थामा सीटीइभीटीजस्ता संस्थाले अझ बढी नागरिकहरूलाई तालिम प्रदान गरी उनीहरूलाई विभिन्न रोजगारीका लागि सक्षम बनाउनु आवश्यक हुन्थ्यो । तर सो संस्थाको वार्षिक प्रतिवेदनहरूले हरेक वर्ष यसको क्षमता/लक्ष्य भन्दा घट्दो अनुपातमा मात्र तालिम दिन सकेको देखाउँदछ ।

## तालिका १३

## सीटीइभीटीबाट सञ्चालित कार्यक्रमहरूको वार्षिक लक्ष्य र तिनमा प्रशिक्षार्थीको सहभागिताको अवस्था

| **आर्थिक वर्ष** | **डिप्लोमा र सर्टिफिकेट तह** | | **प्रि-डिम्लोमा तह** | | **जम्मा** | | |
|---|---|---|---|---|---|---|---|
| | क्षमता | भर्ना संख्या | क्षमता | भर्ना संख्या | क्षमता | भर्ना संख्या | लक्ष्यको अनुपातमा भर्नाको प्रतिशत |
| २०७४/७५ | १९,७१४ | १८,०१२ | २८,७७७ | २४,१७९ | ४८,४९१ | ४२,१९१ | ८७ प्रतिशत |
| २०७५/७६ | २८,२४८ | २३,८६४ | ३३,७६७ | २७,७८८ | ६२,०१५ | ५१,६५२ | ८३.२९ प्रतिशत |
| २०७६/७७ | ३८,९७६ | २५,९८७ | ३५,८८७ | २१,५०८ | ७४,८६३ | ४७,४९५ | ६३.४४ प्रतिशत |
| **जम्मा** | **८६,९३८** | **६७,८६३** | **८,४३१** | **७३,४७५** | **१,८५,३६९** | **१,४१,३३८** | |

*स्रोतः सीटीइभीटीको आ.व. २०७४/७५, २०७५/७६ र २०७६/७७ को वार्षिक प्रतिवेदनहरूका आधारमा यस प्रतिवेदनका लेखकले तयार गरेको विवरण*

सीटीईभीटीको एक प्रतिवेदन[२२०] अनुसार आ.व. २०७६/०७७ मा नेपाल सरकारको स्रोत अन्तर्गत प्रदेश तहबाट सञ्चालन हुनेगरी ४५,००० जनालाई तालिमको व्यवस्था गरिएको र स्थानीय तहको माग अनुसार परिषद् प्रदेश कार्यालय मार्फत छोटो अवधिका सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्ने योजना रहेको थियो । तथापि विश्वव्यापी कोभिड-१९ को कारण तालिम सम्पन्न गर्न नसकिएको सो प्रतिवेदनले उल्लेख गरेको छ ।

- **व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठानको तालिम कार्यक्रम**

व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान[२२१] राज्यद्वारा सञ्चालित अर्को तालिम प्रदायक संस्था हो, जसले रोजगारीको खोजीमा रहेका नागरिकहरूलाई रोजगारीमा पहुँचका लागि सक्षम बनाउन वा स्वरोजगार बन्न उपयोगी तालिमहरू सञ्चालन गर्दछ । तर यस प्रतिष्ठानले पनि न्युन संख्याका नागरिकहरूलाई मात्रै तालिम दिने गरेको र कोभिड-१९ को महामारी पछि झन कम अनुपातमा तालिम प्रदान गरेको देखिन्छ । उदाहरणका लागि चालु आर्थिक वर्ष २०७७/७८ को जेठ २१ सम्ममा केवल ७४८ जनालाई मात्र प्रतिष्ठानले सीप तालिम उपलब्ध गराइएको थियो ।[२२२] त्यस्तै प्रतिष्ठानको आर्थिक वर्ष २०७६/७७ र २०७४/७५ को वार्षिक प्रतिवेदन अनुसार ती वर्षहरूमा क्रमश:

२२० प्राविधि शिक्षा तथा व्यवसायिक तालिम परिषद्, "वार्षिक प्रतिवेदन २०७६/७७", २०७७ फागुन, http://ctevt.org.np/public/uploads/kcfinder/files/Annual%20Report%202077.pdf मा हेरिएको ।

२२१ थप जानकारी http://training.gov.np/en/ मा उपलब्ध ।

२२२ व्यवसायिक तथा सीप तालिम प्रतिष्ठानका कार्यकारी निर्देशकसँग टेलिफोनमा गरिएको कुराकानी, २०७८ जेठ २१ गते ।

६१९[२२३] जना र ७,६६४[२२४] जनालाई व्यवसायिक तथा सीप तालिम दिइएको थियो।

## तालिका १४

## व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठानको तालिम सम्बन्धी लक्ष्य र प्रगति

| आर्थिक वर्ष | लक्ष्य | तालिम दिइएका व्यक्तिको संख्या | लक्ष्यको अनुपातमा तालिम दिइएका व्यक्तिसंख्या प्रतिशतमा |
|---|---|---|---|
| २०७४/७५ | ८,१७० | ७,६६४ | ९३.८० प्रतिशत |
| २०७५/७६ | विवरण उपलब्ध हुन सकेन | विवरण उपलब्ध हुन सकेन | - |
| २०७६/७७ | ३,७६२ | ६१९ | १६.४५ प्रतिशत |
| २०७७/७८ २०७८ जेठ २१ सम्म) | ६,१०० | ७४८ | १२.२६ प्रतिशत |

*स्रोत: प्रतिष्ठानको आर्थिक वर्ष २०७४/७५ र २०७६/७७ को प्रतिवेदनमा समाविष्ट र अध्ययनटोलीलाई प्रतिष्ठानले जानकारी गराएको आर्थिक वर्ष २०७७/७८ को तथ्याङ्का आधारमा तयार गरिएको विवरण*

२२३ व्यवसायिक तथा सीप तालिम प्रतिष्ठान, "वार्षिक प्रतिवेदन २०७६/७७", http://training.gov.np/wp-content/uploads/2021/02/vsdta%20Yearly%20Report%202076-077.pdf मा हेरिएको ।

२२४ व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, "आ.व. २०७४/७५ को वार्षिक प्रतिवेदन", http://training.gov.np/wp-content/uploads/2019/07/Bhaisepati_Annual_Report.pdf मा हेरिएको ।

सीटीईभीटीको जस्तै प्रतिष्ठानले पनि वार्षिक रूपमा जति जनालाई तालिम प्रदान गर्ने भनी लक्ष्य लिएको थियो, सो अनुसारको लक्ष्य हासिल गर्न सकेको देखिएन। तालिका १४ ले प्रतिष्ठानले आर्थिक वर्ष २०७४/७५ मा ८,१७० जनालाई तालिम दिने योजना गरेकोमा ७,६६४ जनालाई मात्र तालिम प्रदान गर्न सकेको देखिन्छ। त्यस्तै आर्थिक वर्ष २०७६/७७ मा प्रतिष्ठानले ३,७६२ जनालाई तालिम दिने योजना गरेकोमा सोको तुलनामा ज्यादै न्युन केवल ६१९ जनालाई मात्र तालिम दिएको थियो ।

ज्यादै ठूलो संख्याका नागरिकहरू रोजगारीको अवसरबाट वञ्चित रहेको अवस्थामा सकभर धेरै जनालाई सीप तालिम प्रदान गर्नु पर्दथ्यो, जसका कारणले वेरोजगारहरूलाई रोजगारीको अवसरसँग जोड्न वा स्वरोजगार बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दथ्यो । तर सरकारको घोषणाको विपरित पछिल्ला वर्षहरूमा योजना गरिएकै संख्याका नागरिकहरूलाई पनि व्यवसायिक, प्राविधिक र सीप तालिम दिन सकिएको देखिँदैन । यसले गर्दा संविधानले सुनिश्चित गरेको रोजगारीको हक कार्यान्वयन हुन नसक्ने निश्चित प्रायः छ ।

## २.३ श्रम सूचना बैंक मार्फत् रोजगारी

नेपाल सरकारले रोजगारीको खोजीमा रहेकाहरूलाई रोजगारदातासँग जोडी आन्तरिक श्रम बजारमा रोजगारीको अवसर सिर्जना गर्न आर्थिक वर्ष २०७७/७८ मा श्रम सूचना बैंक[२२५] स्थापना गर्ने योजना गरेको थियो । यस बैंकमा श्रमिकहरूको योग्यता, ज्ञान, सीप, अनुभव र रुचि लगायतको डाटा बैंक तयार गर्ने योजना रहेको थियो, जसबाट रोजगारदाताले तीमध्येबाट आफूलाई आवश्यक

२२५ थप जानकारी https://moless.gov.np/wp-content/uploads/2020/08/%E0%A4%B6%E0%A5%8D%E0%A4%B0%E0%A4%AE%E0%A4%BF%E0%A4%95-%E0%A4%B8%E0%A5%82%E0%A4%9A%E0%A4%A8%E0%A4%BE-%E0%A4%AC%E0%A5%88%E0%A4%82%E0%A4%95%E0%A4%95%E0%A5%8B-%E0%A4%AE%E0%A4%B8%E0%A5%8D%E0%A4%AF%E0%A5%8C%E0%A4%A6%E0%A4%BE.pdf मा उपलब्ध छ ।

श्रमिक भर्ना गर्न सक्दथे । सो योजना अनुसार यदि निजी क्षेत्रका उत्पादनशील उद्योगले आफूलाई आवश्यक पर्ने र श्रम सूचना केन्द्रबाट सिफारिस भएका श्रमिकलाई रोजगारी सहितको तालिम प्रदान गरी सोही व्यक्तिलाई न्युनतम दुईवर्ष रोजगारी सुनिश्चित गरेमा बढीमा तीन महिनासम्मको तालिम अवधिको न्यूनतम पारीश्रमिकको ५० प्रतिशत रकम अनुदानको रूपमा त्यस्ता प्रतिष्ठानलाई उपलब्ध गराउने योजना थियो। कार्यक्रमका लागि नेपाल सरकारले १ अर्ब रुपैयाँ विनियोजन गरेको थियो र यसबाट ५० हजार जना रोजगार हुने सरकारले अनुमान गरेको थियो ।

तर २०७८ जेठ २१ गतेसम्म पनि सो कार्यक्रम कार्यान्वयन गरिएन र अधिकारीहरूले त्यस आर्थिक वर्षमा उक्त कार्यक्रम नै कार्यान्वयन नहुने बताए। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयकी सूचना अधिकृतले यो कार्यक्रम सुरु भए नभएको बारेमा आफूलाई कुनै जानकारी नरहेको अध्ययनटोलीलाई बताउनुभयो ।[२२६] उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखाका अधिकारीले भने उक्त योजना कार्यान्वयन नभएको र चालु आर्थिक वर्ष २०७७/७८ मा कार्यान्वयन नगरिने पुष्टि गर्नुभयो।[२२७]

यस कार्यक्रमले महामारीमा रोजगारी गुमेका लगायत सीपयुक्त वेरोजगार जनशक्तिमध्ये केहीलाई मात्रै भने पनि रोजगारी दिलाएर विद्यमान वेरोजगारीको सम्बोधनमा थोरै भने पनि भरथेग गर्न सक्दथ्यो । तर पर्याप्त आर्थिक स्रोत हुँदाहुँदै पनि यो कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकार विफल भयो ।

---

२२६ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयकी सूचना अधिकृतसँग टेलिफोनमा गरिएको कुराकानी, २०७८ जेठ २१ गते ।

२२७ महाशाखाका सूचना अधिकृत र उपसचिवसँग टेलिफोनमा छुट्टाछुट्टै गरिएको कुराकानी, २०७८ जेठ २३ गते ।

## २.४ सहुलियतपूर्ण ऋण कार्यक्रम मार्फत् रोजगारी सिर्जना

आर्थिक वर्ष २०७७/७८ मा बैंक तथा वित्तिय संस्थाबाट प्रदान हुने सहुलियतपूर्ण कर्जा कार्यक्रम अन्तर्गत वाणिज्य बैंकले प्रति शाखा कम्तिमा १० जना तथा विकास बैंकले प्रति शाखा कम्तिमा ५ जनाका दरले सहुलियतपूर्ण कर्जा उपलब्ध गराई थप रोजगारी सिर्जना गर्न नेपाल राष्ट्र बैंक मार्फत् व्यवस्था मिलाउने योजना गरेको थियो । २०७७ असार मसान्तमा वाणिज्य बैंकका कूल ४,४३६ शाखा र विकास बैंकका १,०२९ शाखाहरू थिए ।[२२८] त्यसको अर्थ यस कार्यक्रमबाट कूल ४९,५०५ (वाणिज्य बैंकबाट ४४,३६० र विकास बैंकबाट ५,१४५) जनालाई स्वरोजगार कर्जा प्रवाह गर्ने योजना थियो ।

यस कार्यक्रमले भने लक्ष्य हासिल गरेको पाइयो र २०७७ चैत्र मसान्तसम्म ( अर्थात् आर्थिक वर्षको नौ महिनामा) वाणिज्य बैंक र विकास बैंकबाट गरी कुल ८९,८७९ जनाले सहुलियतपूर्ण कर्जा प्राप्त गरे ।[२२९]

**तालिका १५**

**आर्थिक वर्ष २०७७/७८ को पहिलो नौ महिनामा प्रवाहित सहुलियतपूर्ण कर्जा**

| सि.नं. | कर्जाको प्रकार | ऋणीको संख्या |
|---|---|---|
| १. | वाणिज्य, कृषि तथा पशुपन्छी कर्जा | ४२,४४७ |

२२८ Nepal Rastra Bank, "Current Macroeconomic and Financial Situation of Nepal (Based on Nine Month's Data Ending Mid-April, 2020/21)", https://www.nrb.org.np/contents/uploads/2021/05/Current-Macroeconomic-and-Financial-Situation-English-Based-on-Nine-Months-data-of-2020.21-1.pdf मा हेरिएको ।

२२९ Nepal Rastra Bank, "Current Macroeconomic and Financial Situation of Nepal (Based on Nine Month's Data Ending Mid-April, 2020/21)", https://www.nrb.org.np/contents/uploads/2021/05/Current-Macroeconomic-and-Financial-Situation-English-Based-on-Nine-Months-data-of-2020.21-1.pdf मा हेरिएको।

| | | |
|---|---|---|
| २. | शिक्षित युवा स्वरोजगार कर्जा | १३९ |
| ३. | स्वदेश फर्किएका युवा आप्रवासी श्रमिकलाई परियोजना कर्जा | ७४४ |
| ४. | महिला उद्यमी कर्जा | ४५,१२८ |
| ५. | दलित समुदायका लागि व्यवसाय विकास कर्जा | ७९९ |
| ६. | उच्च, प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा | ८६ |
| ७. | भूकम्प पीडितहरूका लागि घर कर्जा | २३६ |
| ८. | कपडा उद्योगहरूका लागि कर्जा | २९५ |
| ९. | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदद्वारा स्वीकृत संस्थाको तालिम कर्जा | २ |
| १०. | युवा स्वरोजगार कर्जा | ३ |
| | **जम्मा** | **८७,८७९** |

स्रोत: *Nepal Rastra Bank, Current Macroeconomic and Financial Situation of Nepal (Based on Nine Month's Data of 2020/21)*

यस कार्यक्रमले आर्थिक वर्ष २०७७/७८ भर जतिजनालाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने लक्ष्य लिएको थियो, नौ महिनामा नै लक्ष्यको झण्डै दोब्बर संख्याका ऋणीलाई सो कर्जा उपलब्ध गराएको देखिन्छ । रोजगारी सिर्जनाका अन्य योजनाहरूले लक्ष्य हासिल गर्न नसकेकोमा यस कार्यक्रमले चैं लक्ष्य भन्दा बढीलाई कर्जा प्रवाह गर्न सक्नुको कारण के होला भनी अध्ययनटोलीले जिज्ञासा राख्दा बैंकहरूले नेपाल राष्ट्र बैंकको निर्देशन अनिवार्य पालना गर्नु पर्ने भएकोले नै यो कार्यक्रमले चाहे बमोजिम ऋण प्रवाह गर्न सकेको नेपाल राष्ट्र बैंकका

अधिकारीले बताउनुभयो ।[२३०] यद्यपि यसबाट कतिजना रोजगार भए भन्ने जानकारी उपलब्ध हुन सकेन ।

## २.५ औद्योगिक क्षेत्रका कार्यक्रमहरूबाट रोजगारी

आर्थिक वर्ष २०७७/७८ मा गरिवका लागि लघु उद्यम लगायतका उद्योग क्षेत्रका कार्यक्रमबाट १ लाख २७ हजार रोजगारी सिर्जना गर्ने लक्ष्य लिइएको थियो । तर २०७८ जेठ २१ सम्ममा पनि सो कार्यक्रमबाट कतिजना रोजगार भए भन्ने लगायतका जानकारी उपलब्ध हुन सकेको पाइएन । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अधिकारीले तालुकदार मन्त्रालयबाट यस सम्बन्धी विवरण संकलन गरिहेको यस अध्ययनटोलीलाई जानकारी गराउनुभयो ।[२३१] तर अध्ययनटोलीले त्यसपछि तालुकदार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग पनि उक्त कार्यक्रमबाट कति जनाले रोजगारी प्राप्त गरे भनी सोध्दा यस सम्बन्धी कामको जिम्मेवार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय भएको कारण उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई यसका बारेमा थाहा नभएको जवाफ प्राप्त भयो ।[२३२] दुई मन्त्रालयबाट प्राप्त परस्पर विरोधी जानकारी र महामारीका कारण उद्योगहरू पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको वा आफ्नो साविकका श्रमिकहरू नै कटौती गरेका त्यसरी प्रभावित उद्योगहरूले कत्तिको नयाँ रोजगारी सिर्जना गर्न सके होलान् भनेर सजिलै शंका गर्न सकिन्छ ।

## २.६ साना किसान कर्जा कार्यक्रम

नेपाल सरकारले आर्थिक वर्ष २०७७/७८ मा साना किसान विकास लघुवित्त संस्था मार्फत् सञ्चालिन हुने साना किसान कर्जा कार्यक्रम मार्फत् ४० हजार रोजगारी सिर्जना गर्ने योजना गरेको थियो । आर्थिक सर्वेक्षण २०७७/७८ अनुसार

२३० नेपाल राष्ट्र बैंकका अधिकारीसँगको अन्तर्वार्ता, २०७८ जेठ २१ गते ।

२३१ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिवसँग टेलिफोनमा गरिएको कुराकानी, २०७८ जेठ २० गते ।

२३२ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्तासँग २०७८ जेठ २० मा र सूचना अधिकारीसँग जेठ २३ गते टेलिफोनमा गरिएको कुराकानी ।

सो आर्थिक वर्षको आठ महिनाको अवधिमै यस कार्यक्रम मार्फत् १ लाख ६३ हजार ५९५ जना किसानले उक्त कर्जा लिएको जनाएको छ।[२३३] यद्यपि यसबाट कतिजना रोजगार भए भन्ने जानकारी उपलब्ध हुन सकेन।

## २.७ स्वरोजगार कर्जा कार्यक्रम

संघीय सरकारले युवा तथा साना व्यवसायी स्वरोजगार कोष मार्फत् सञ्चालन हुने स्वरोजगार कर्जा कार्यक्रम मार्फत् आर्थिक वर्ष २०७७/७८ मा १२ हजार जना युवाहरूलाई रोजगारी सुनिश्चित गर्ने योजना गरेको थियो। तर सो आर्थिक वर्षको २०७८ जेठ २३ गतेसम्म केवल ४,५५७ जना (लक्षित संख्याको ३७.९७ प्रतिशत) मात्र सो कार्यक्रम मार्फत् स्वरोजगार कर्जा प्रवाह भएको थियो।[२३४] कोषको तथ्याङ्कले पछिल्ला आर्थिक वर्षहरूमा कोषको यस कार्यक्रम मार्फत् स्वरोजगार हुनेहरूको संख्या घट्दै गएको देखाएको छ।

**तालिका १६**

**स्वरोजगार कर्जा कार्यक्रम मार्फत स्वरोजगार भएका युवा तथा साना व्यवसायीहरू**

| सि.नं. | आर्थिक वर्ष | लक्ष्य | स्वरोजगारहरूको संख्या | लक्ष्यको तुलनामा स्वरोजगारहरूको संख्या प्रतिशतमा |
|---|---|---|---|---|
| १. | २०७४/७५ | १५,००० | १७,०३९ | ११३.५९ प्रतिशत |
| २. | २०७५/७६ | १०,००० | १२,८४० | १२८.४० प्रतिशत |

२३३ अर्थ मन्त्रालय, “आर्थिक सर्वेक्षण २०७७/७८”, जेठ २०७८, https://www.mof.gov.np/site/publication-detail/2615 मा उपलब्ध।

२३४ युवा तथा साना व्यवसायी स्वरोजगार कोषद्वारा अध्ययनटोलीलाई २०७८ जेठ २३ मा गराइएको जानकारी।

| | | | | |
|---|---|---|---|---|
| ३. | २०७६/७७ | १२,००० | ५,२०२ | ४३.५३ प्रतिशत |

*स्रोतः युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सचिवालय, २०७८ जेठ २३ गते ।*

## २.८ वनपैदावारमा आधारित उत्पादन कार्यक्रमबाट रोजगारी

नेपाल सरकाले आर्थिक वर्ष २०७७/७८ मा वनपैदावारमा आधारित उद्यम, कृषि बन, नर्सरी स्थापना तथा वृक्षारोपण, संरक्षित क्षेत्र, जडीबुटी उत्पादन तथा प्रशोधन लगायतका कार्यक्रमबाट ३० हजार रोजगारी सिर्जना गर्ने लक्ष्य राखेको थियो । वन तथा वातावरण मन्त्रालयले उक्त कार्यक्रम मार्फत चालु आर्थिक वर्षमा ४० हजारजनालाई रोजगारी दिलाउने गरी सो लक्ष्यलाई पुनरावलोकन गरेको र २०७८ जेठ २३ गतेसम्ममा ३२ हजार ६० जनालाई रोजगारी दिलाइ सकिएको मन्त्रालयले अध्ययन टोलीलाई जानकारी गरायो ।[२३५] चालु आर्थिक वर्षको अन्त्यसम्ममा परिमार्जित लक्ष्य अनुसारको संख्याका नागरिकहरूलाई रोजगारी दिलाउनेमा मन्त्रालय आशावादी थियो ।

## २.९ गरिवी निवारण कोष मार्फत् रोजगारी

सन् २००४ मा अध्यादेश मार्फत् गठन भई सन् २००६ देखि विशेष कानुन[२३६] अन्तर्गत एक स्वायत्त संस्थाका रूपमा सञ्चालित गरिवी निवारण कोष अति विपन्न गरिवीको रेखामुनि रहेका घरपरिवारलाई रोजगारी सिर्जनाका माध्यमबाट गरिबी न्यूनीकरण गर्ने एक वृहत्तर कार्यक्रम हो । कोषले विपन्न र सीमान्तीकृत समुदायका नागरिक लक्षित आय आर्जन र साना आकारका संरचना विकासका कार्यक्रम मार्फत् तिनको आर्थिक अवस्थामा सुधार ल्याउने र समानतामा अभिवृद्धि गर्ने उद्देश्य राखेको देखिन्छ ।[२३७] विश्व बैंक र कृषि विकासका लागि

२३५ वन तथा वातावरण मन्त्रालयका दुईजना अधिकारीहरूसँगको टेलिफोन कुराकानी, २०७८ जेठ २३ गते ।

२३६ गरिवी निवारण कोष ऐन, २०६३ https://www.lawcommission.gov.np/en/wp-content/uploads/2018/10/poverty-alleviation-fund-act-2063-2006.pdf मा हेरिएको ।

२३७ Poverty Alleviation Fund, "Employments, Entrepreneurship And Business Opportunities Created by PAF Nepal", July 2018,

अन्तर्राष्ट्रिय कोषको आर्थिक सहयोगमा कोषले आफ्नो लक्षित कार्यक्रमहरू ६० जिल्लामा समुदायमा आधारित विकासका माध्यमबाट सञ्चालन गर्दै आएको थियो । सन् २०१७ सम्म यसले ९ लाख ८८ हजार ८७९ घरिपरिवारमा आफ्नो कार्यक्रमहरूलाई विस्तार गरेको यसको प्रतिवेदनले उल्लेख गरेको छ ।

नेपाल सरकारले आर्थिक वर्ष २०७७/७८ मा कोषद्वारा प्रवर्द्धित ६४ जिल्लाका ३२ हजारभन्दा बढी सामुदायिक संस्थाले परिचालन गरेको १९ अर्ब रुपैयाँको घुम्ती कोषलाई बीउ पूँजीको रूपमा प्रयोग गरी स्थानीय स्तरमा आर्थिक गतिविधि सञ्चालन गर्न यी संस्थालाई सहकारीमा रूपान्तरण गर्ने र त्यसबाट १ लाख ५० हजार रोजगारी सिर्जना गर्ने लक्ष्य राखेको थियो ।

यस कार्यक्रम मार्फत् चालु आर्थिक वर्षमा कति रोजगारी सिर्जना भयो भन्ने कुनै तथ्याङ्क उपलब्ध हुन सकेन । अर्कोतिर उल्लेख्य आर्थिक स्रोतको लगानीका बावजूद विगतका वर्षहरूमा पनि कोषका कार्यक्रमहरू रोजगारी सिर्जना गर्नमा प्रभावकारी हुन सकेको थिएन । उदाहरणका लागि, कोषको कार्यक्रमहरूको एक मूल्याङ्कन प्रतिवेदनले कोषले ऋण लगानी गरेका ३९१ क्षेत्रहरूमध्ये ऋण लिने घरपरिवार वाहेक केवल ११ जनाले मात्र रोजगारी पाएको उल्लेख गरेको छ ।[२३८] आर्थिक हिनामिनाको कयौँ घटनाहरूका कारण विवादमा आएको र त्यस्ता घटनाहरूको छानबीन तथा कारवाही गर्ने राज्यका निकायहरूले बेलाबखतमा हस्तक्षेप गरिएको सो कोषको प्रतिवेदनमै भनिएको छ, "स्वरोजगार गराइएका पर्याप्त प्रमाणहरू देखियो तर श्रमिकहरूलाई रोजगारी दिने काम भने 'अपर्याप्त' रह्यो ।"

---

http://www.pafnepal.org.np/uploads/document/file/Final%20Report%20PAF%20Impact%20Study%209%20July%20Final_20180814033626.pdf मा हेरिएको ।

२३८ Poverty Alleviation Fund, "Employments, Entrepreneurship And Business Opportunities Cre ated by PAF Nepal", July 2018, http://www.pafnepal.org.np/uploads/document/file/Final%20Report%20PAF%20Impact%20Study%209%20July%20Final_20180814033626.pdf मा हेरिएको ।

### ३. रोजगारी गुमेका श्रमिकहरूका लागि प्रभावकारी रोजगारी योजनाको अभाव

संघीय सरकारले ल्याएका रोजगार कार्यक्रम अन्तर्गतका केही योजनाहरू महामारीमा रोजगार गुमेका श्रमिक लक्षित रहेको र तिनको कार्यान्वयन प्रदेश सरकारहरूको समन्वयमा गरिने भनिएको थियो । तर त्यसका लागि जिम्मेवार निकायहरूले रोजगारी गुमेका व्यक्तिहरूको त्यस्ता रोजगार कार्यक्रममा पहुँच सुनिश्चित गर्न प्रभावकारी काम हुन नसकेको देखियो । रोजगारी गुमेका श्रमिकहरूलाई राज्यका कुनै निकायले सम्पर्क गरेर चालु रोजगार कार्यक्रममा नाम दर्ता गराउन वा ती कार्यक्रम मार्फत् उनीहरूले कसरी रोजगारी प्राप्त गर्न सक्दछन् भनी बताए कि बताएनन् भनी अध्ययन टोलीले अन्तर्वार्ता गरेका सबैजनालाई सोधिएको थियो । तर रोजगारी गुमेका अध्ययन टोलीले अन्तर्वार्ता गरेका सबै ६७ जनाले नै आफूलाई कुनै पनि सरकारी निकायले त्यस सम्बन्धी कुनै जानकारी नगराएको बताए ।

प्रदेश सरकारले पनि आफ्नो प्रदेशको लागि प्रदेश योजना आयोग र सामाजिक विकास मन्त्रालय तथा अर्थ मन्त्रालय लगायतका मन्त्रालय मार्फत् योजना तर्जुमा र तिनको कार्यान्वयन गर्न सक्दथ्यो । तर अध्ययनटोलीले भेटेर कुराकानी गरेका ५ वटा प्रदेशका प्रदेश योजना आयोग वा सामाजिक विकास मन्त्रालयले महामारीमा रोजगारी गुमेका श्रमिकहरूलाई रोजगारी सुनिश्चित गर्न कुनै विशेष योजना नल्याएको कुरा पुष्टि गरे ।[२३९] धेरैजसो प्रदेशहरूले महामारीका कारण प्रदेशको अर्थतन्त्र वा रोजगारीमा के कस्तो प्रभाव पर्‍यो भन्ने विषयमा अध्ययन समेत नगरेको पाइयो । अध्ययनटोलीले कुराकानी गरेका ती पाँचवटा प्रदेश योजना आयोग तथा सामाजिक विकास मन्त्रालयहरूमध्ये बाग्मती, लुम्बिनी र सुदूर पश्चिमका मन्त्रालयहरूले तिनको प्रदेश सरकारले यस विषयमा कुनै अध्ययन नगरेको पुष्टि गरे । प्रदेश एकको योजना आयोगले एक संक्षिप्त र

---

२३९ अध्ययनटोलीले लुम्बिनी, बाग्मती, सुदूर पश्चिम र कर्णाली प्रदेशका श्रम तथा रोजगार कार्यालयहरूसँग क्रमशः २०७७ माघ १०, फागुन ४, फागुन १३ र चैत ८ गते तथा प्रदेश एक योजना आयोगसँग २०७७ चैत १२ गते प्रत्यक्ष भेटेर गरेको अन्तर्वार्ता ।

प्रारम्भिक अध्ययन गरेको पाइयो । केवल गण्डकी प्रदेशको योजना आयोगले मात्र त्यस विषयमा विस्तृत अध्ययन गरेको पाइयो ।

यसैपनि ठूलो संख्याका नेपालीहरू रोजगारीको अवसरबाट वञ्चित थिए, तर त्यसमाथि कोभिड-१९ महामारीको कारण कयौँको रोजगारी गुम्दा नेपालमा बेरोजगारी समस्याको समस्या अझ जटिल भएको छ। यस्तो अवस्थामा धेरैभन्दा धेरै नागरिकहरूलाई रोजगारी कार्यक्रम वा सीप तालिमले समेट्नु पर्दथ्यो । तर कोभिड-१९ का कारण रोजगारी गुमेकाहरू वा श्रम बजारमा नयाँ प्रवेश गर्नेहरूलाई रोजगारी सुनिश्चित गर्ने भनी सरकारले गरेको घोषणाभन्दा विपरित रोजगारी सिर्जना वा सीप तालिम कार्यक्रममा महामारी अघिको भन्दा पनि कम संख्यामा नागरिकहरूलाई मात्र समेटियो । पर्याप्त आर्थिक स्रोत उपलब्ध हुँदाहुँदै पनि त्यसो हुन गएको देखियो । अतः त्यस्ता कमजोरी र योजना तथा कार्यक्रमहरूको कार्यान्वयन अप्रभावकारी हुँदा सुरक्षित र मर्यादित रोजगारीका माध्यमबाट अझ उच्चस्तरको जीवीकोपार्जन गर्ने नेपाली नागरिकहरूको चाहनामा नकारात्मक प्रभाव परेको छ ।

# निष्कर्ष र सिफारिसहरू

नेपालमा यसैपनि रोजगारीको दर उल्लेख्य रूपमा कम रहेको थियो, जहाँ काम गर्ने उमेर पुगेका २ करोड ७ लाख ४४ हजारमध्ये केवल ७० लाख ८६ हजार नागरिकहरूमात्र पूर्ण वा आंशिक रूपमा रोजगारी छन् । त्यसमाथि कोभिड-१९ ले रोजागाररत ठूलो संख्याका नागरिकहरूलाई बेरोजगारी र गरिवीमा धकलेको छ । रोजगारी गुम्दा हजारौँ श्रमिक र तिनको परिवारका सदस्यको पर्याप्त खाना तथा आवासको अधिकार, स्वास्थ्य र शिक्षा लगायतमा जटिल प्रभाव परी उनीहरूको जीवीकोपार्जन विखण्डित भएको छ । केही श्रमिकहरू बाध्यकारी श्रम र बेचविखनजस्ता गम्भीर मानव अधिकार हननको जोखिममा परेका छन् । महिला श्रमिकहरू, जो यसै पनि जोखिमपूर्ण अवस्थामा थिए, महामारी पश्चात् पर्याप्त संरक्षणका कारण उनीहरू झन बढी जोखिममा परेका छन् । विशेष कानुनले नै सामाजिक सुरक्षाको सुनिश्चितता गरेको भए पनि कयौँ श्रमिकहरूलाई यस योजनाले समेट्न सकेको थिएन । सामाजिक सुरक्षाले नसमेटिँदा र कमाएको रकमबाट भविष्यका लागि वचत गर्न असमर्थ हुँदा जारी महामारीका कारण अनौपचारिक रोजगारीमा रहेका वा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरू बढी प्रभावित भए । यस्तो अवस्थामा रोजगारी कार्यक्रमहरूले बढीभन्दा बढी नागरिकहरूलाई समेट्न सक्नु पर्दथ्यो । तर सरकारले ल्याएका कार्यक्रमबाट रोजगारी र सीप तालिम प्राप्त गर्नेहरूको संख्या ज्यादै न्युन देखिन्छ र विनियोजित आर्थिक स्रोतहरू उपलब्ध हुँदाहुँदै पनि गत वर्षहरूका भन्दा पनि सो संख्या कम हुँदै गएको देखिन्छ । त्यसो त रोजगाररत श्रमिकहरू नै पनि कुन बेला रोजगारी गुम्ने हो भन्ने चिन्तामा र रोजगारदाताले कार्यस्थलमा पर्याप्त स्वास्थ्य तथा सुरक्षाको व्यवस्था नगर्दा कोभिड-१९ संक्रमणको त्रासमा रहेका छन् ।

## सिफारिसहरू

(क) तत्कालिन र अल्पकालीन

१. कोभिड-१९ महामारीले रोजगारी तथा आम्दानी गुमेका लगायतका श्रमिकहरूको जीवीकोपार्जनमा परेको प्रभावका विषयमा प्रभावित श्रमिकहरू र ट्रेड युनियन समेतको सहभागितमा तथ्यपरक र विस्तृत अध्ययन गर्ने ।

२. रोजगारी र आम्दानी गुमेका लगायतका महामारी प्रभावित श्रमिकहरूको गुनासो वा विवाद संघीय, प्रादेशिक र स्थानीय तह अन्तर्गत रोजगारदाता, श्रमिक र सरकारका प्रतिनिधिहरू रहेका त्रिपक्षीय समितिहरू मार्फत् अध्ययन गरी तिनको प्रभावकारी हिसावले सम्बोधन गर्ने ।

३. रोजगारदाताको व्यवसाय बन्द भएको बाहेकको अवस्थामा बिना जानकारी एकतर्फी रूपमा निष्कासन गरिएका श्रमिकहरूलाई पुनर्वहाली गरिने सुनिश्चित गर्ने ।

४. लकडाउन र त्यसपछि समेत पारीश्रमिक नपाएका श्रमिकहरूलाई नेपाल सरकारको निर्देशन र रोजगारदाता तथा ट्रेड युनियहरूबीच भएको सम्झौता बमोजिम तिनले पाउनु पर्ने पारीश्रमिक तत्काल भुक्तानी गरिने सुनिश्चित गर्ने ।

५. लकडाउन र त्यसपछि भएका श्रम अधिकार हनन्का घटनाको छानबीन गरी त्यसका पीडित र प्रभावितहरूलाई प्रभावकारी उपचार सुनिश्चित गर्ने ।

६. स्वरोजगार, लघु तथा साना उद्योगका श्रमिकहरूलाई तिनको व्यवसाय र रोजगारी पुनः सुचारु गर्न सहायताको प्याकेज ल्याउने ।

७. सहुलियतपूर्ण कर्जामा नेपाल र विदेशमा रोजगारी गुमाएकाहरूको पर्याप्त पहुँच हुने गरी त्यसको विस्तार गर्ने ।

८. थप बिलम्ब नगरी स्वदेश फर्किएका आप्रवासी श्रमिकहरूको पुनरएकीकरण नीति कार्यान्वयनमा ल्याउने र उनीहरूलाई अनुदान सहितको र

सहुलियतपूर्ण कर्जा लगायतका आवश्यक सहयोग प्रदान गरिने सुनिश्चित गर्ने ।

९. महामारी प्रभावित श्रमिकहरूको जीवीकोपार्जनमा सघाउ पुऱ्याउन सरकारद्वारा सञ्चालित रोजगार कार्यक्रम, सामाजिक सुरक्षा योजना र सहुलियतपूर्ण कर्जा कार्यक्रमका बारेमा श्रमिकहरूलाई तिनले बुझ्ने भाषामा जानकारी गराउने ।

१०. कोभिड-१९ महामारीका क्रममा मनोसामाजिक र मानसिक स्वास्थ्य समस्या भोग्ने श्रमिकहरूलाई निःशुल्क परामर्श र उपचार लगायतका आवश्यक सहायताहरूको उपलब्धता सुनिश्चित गर्ने ।

११. हरेक रोजगारदाताले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य र कोभिड-१९ सम्बन्धी स्वास्थ्य प्रोटोकलको पालना गर्ने र श्रमिकहरूलाई स्वास्थ्य उपकरण र सुविधा उपलब्ध गराउने ।

१२. "अग्रपङ्तिका" भन्दा बाहेक श्रमिकहरूलाई पनि जारी कोभिड-१९ विरुद्धको खोप कार्यक्रममा प्राथमिकतामा राख्ने ।

(ख) मध्य र दीर्घकालीन

१३. नेपालको संविधानले सुनिश्चित गरेका खाद्य, उपयुक्त आवास, स्वास्थ्य सेवा र शिक्षा लगायतका अधिकारहरू सुनिश्चित गर्न प्रभावकारी कार्यक्रम ल्याउने ।

१४. श्रमिकहरूको न्यूनतम पारिश्रमिक निर्धारण गर्दा हरेक घरपरिवारलाई न्यूनतम आवश्यकता पूरा गर्न आवश्यक पर्ने खर्च धान्ने गरी निर्धारण गर्ने।

१५. अनौपचारिक क्षेत्र र अनौपचारिक रोजगारीमा रहेका लगायतका सबै श्रमिकहरू श्रम ऐन वा रोजगारीको हक सम्बन्धी ऐनले तोके बमोजिमको न्युनतम पारीश्रमिकबाट वञ्चित हुनु नपर्ने सुनिश्चित गर्ने ।

१६. अनौपचारिक क्षेत्र र अनौपचारिक रोजगारीमा रहेका लगायतका सबै श्रमिकहरू श्रम ऐन वा रोजगारीको हक सम्बन्धी ऐनले तोके बमोजिमको न्युनतम पारीश्रमिकबाट वञ्चित हुनु नपर्ने सुनिश्चित गर्ने ।

# सन्दर्भ सामग्री


1. Central Bureau of Statistics, "Report on the Nepal Labour Force Survey 2017/18," March 2019, https://cbs.gov.np/wp-content/upLoads/2019/04/NLFS-III_Final-Report.pdf

2. International Labour Organization, "COVID-19 labour market impact in Nepal" Briefing Note, 21 May 2020, https://www.ilo.org/kathmandu/whatwedo/publications/WCMS_745439/lang--en/index.htm

3. International Labour Organization, "Socio-economic impact of COVID-19 and beyond on women domestic workers in Nepal", November 10, 2020, https://www.ilo.org/wcmsp5/groups/public/---asia/---ro-bangkok/---ilo-kathmandu/documents/publication/wcms_769695.pdf

4. काठमाडौँ महानगरपालिका, "काठमाडौँ महानगरपालिकामा कोभिड-१९ को प्रभावसम्बन्धी सर्वेक्षण : नतिजा र विश्लेषण", २०७७ असार https://old.kathmandu.gov.np/sites/kathmandu.gov.np/files/COVID19%20.pdf

5. Ministry of Agriculture and Livestock Development, World Food Program and Australian Aid, "The Impact of COVID-19 on Households in Nepal", March 2021, https://reliefweb.int/sites/reliefweb.int/files/resources/Nepal%20COVID%20Food%20Security%20Report_3.pdf

6. अर्थ मन्त्रालय, "आर्थिक सर्वेक्षण २०७६/७७" २०७७ जेठ, https://mof.gov.np/site/publication-detail/2174

7. अर्थ मन्त्रालय, "आर्थिक सर्वेक्षण २०७७/७८" २०७८ जेठ, https://mof.gov.np/site/publication-detail/2615

8. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, "कोभिड-१९ ले उद्योग क्षेत्रमा पारेको प्रभाव: संक्षिप्त अध्ययन", २०७७ माघ, http://moics.gov.np/public/index.php/np/detailNotice/impact-of-covid-19-on-the-industrial-sector

9. National Planning commission, "The Effects of COVID-19 Pandemic on Foreign Employment and Its Impact on the Economy of Nepal," October 2020, https://npc.gov.np/images/category/The_Effect_of_COVID-19_Pandemic_on_Foreign_Employment,_and_its_Impact_on_the_Economy_of_Nepal_.pdf

10. नेपाल राष्ट्र बैंक, "कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धी प्रथम पुनरावृत्ति (Follow-up) सर्वेक्षण", २०७७ मंसिर, https://www.nrb.org.np/contents/uploads/2021/01/Follow-up-Survey-Report-on-Impact-of-COVID-19-in-Nepalese-Economy.pdf

11. The Asia Foundation, "COVID-19 & The New Normal for Women in the Economy in Nepal", February 2021, (Research Conducted By: Himalayan Climate Initiative) https://asiafoundation.org/wp-content/uploads/2021/03/Covid-19-The-New-Normal-for-Women-in-the-Economy-in-Nepal.pdf

12. The world Bank, "South Asia Economic Focus: Beaten or Broken?", 8 October 2020, https://openknowledge.worldbank.org/bitstream/handle/10986/34517/9781464816406.pdf

13. UNICEF, "Press release: COVID-19: At least a third of the world's and two-thirds of Nepal's schoolchildren unable to access remote learning during school closures, new UNICEF report says", 28 August 2020, https://www.unicef.org/nepal/press-releases/covid-19-least-third-worlds-and-two-thirds-nepals-schoolchildren-unable-access

14. United Nations Development Program Nepal, "Rapid Assessment of Socio Economic Impact of COVID-19 in Nepal", May 2020, https://www.np.undp.org/content/nepal/en/home/presscenter/articles/2020/Three-in-Five-employees-lost-their-jobs-due-to-COVID19-in-Nepal.html